सोच्ने, खेतीमा नयाँ प्रविधिहरू प्रयोग गर्ने र त्यसबाट फायदा उठाउने र गरीबी निवारण गर्ने विचार आउन सकेको छैन । उनीहरू निरुपाय जस्तै छन् कतिपय कुराहरू जस्तै पशुको नश्ल सुधार, धेरै दूधको उत्पादन दिने गाई पालन, सुधारिएको बीउको उपयोग जस्ता कुरामा किसानहरू आकर्षित नभएका होइनन् । तर त्यसमा पनि निम्न स्तरका गरीबहरू त्यो अवसर समात्न पनि अक्षम भएका छन् । जो आकर्षित भए तिनले पनि त्यसलाई त्यति लाभकारी अनुभव गरेनन् । फलतः पेशा व्यावसायिक हुन सकेको छैन । त्यसैले गरीबी निवारणको सम्बन्धमा सोच्दा किताबी अध्ययनको आधारमा भन्दा ठाउँको यथार्थताको आधारमा हेरिनु पर्ने आवश्यकता छ । त्यसैले गरीबी निवारणका कुरा गर्दा ठाउँअनुसार मानिसको जातीय एवं सांस्कृतिक पृष्ठभूमिलाई समेत दृष्टिगत गरी योजना गर्नुपर्ने र तदनुसार उनीहरूलाई स्वतः स्फूर्त किसिमले क्रियाशील बनाउनु गरीबी निवारणको परियोजनाको उद्देश्य हुनु पर्दछ । तर नमुना परियोजनाहरू धेरैजसो अव्यावहारिक हुने गरेको तीतो अनुभव यहाँ छ । त्यसैले गरीबी पनि सापेक्षिक हुने हुनाले समग्रतामा त्यसको निवारणको उपाय सोच्नु जरुरी छ ।

# जनस्तरमा सजगताको खाँचो

२० असार २०५३

पोखरा मध्य पहाडी भागमा अवस्थित सुन्दर पर्यटकीय नगर हो । तेस्रो मुलुकका मात्र होइन छिमेकी भारतलगायत स्वदेशकै नागरिक पनि पोखराको सुन्दरताबाट आकर्षित भएर भ्रमणको उद्देश्य राखी यहाँ आउँछन् । त्यसैले पोखरामा होटल, लज, रेष्टुराँ, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी तथा पर्यटन व्यवसायसँग सम्बन्धित उद्योग धन्दा तथा बन्द-व्यापारको व्यवसाय बढ्दैछ । यो व्यवसायको विस्तारबाट लगानीको अनुपातमा उद्योगी व्यवसायीले मुनाफा आर्जन गरेका छन् वा छैनन्, पोखराको पर्यटन व्यवसायको भविष्यको लागि के गर्नुपर्छ, के गर्नुपर्दैन भन्ने बहस र विवाद आफ्नो ठाउँमा छँदैछ । नगरपालिकाबाट उपमहानगरपालिका तथा ग्रामीण बजारबाट तीव्र गतिमा शहरीकरण तर्फ उन्मुख यो सुन्दर र शान्त ठाउँले अनेकन विकृतिहरू पनि आफूभित्र समाहित गर्न थालेको छ ।

एकाध महिनायताका घटनाहरूलाई मात्र केलाउने हो भने तराई क्षेत्रमा बराबर घटेको सुनिने घटना पोखरामा भित्रिसकेको स्पष्ट हुन्छ । शरीरमा काउसो दलेर वा शरीरमा फोहर वस्तु फालिदिएर सम्बन्धित व्यक्तिको ध्यान त्यसतर्फ केन्द्रित गरी हातमा रहेको पैसाको थैली, झोला हात पारी गायब हुने खालका आधा दर्जनभन्दा बढी घटना पोखराको मुटु महेन्द्रपुल क्षेत्रमा भएका छन् । यस्ता घटनाबाट स्थानीय व्यक्ति र भ्रमणको उद्देश्यले पोखरा आएका विदेशी समेत पीडित भएका छन् । घर धनीको आदेशविना एकाएक घरभित्र पसी 'ग्याँस चुलो सफागर्ने, यो गर्ने र ऊ गर्ने' भनी ठग्ने मात्र होइन घरको मानिसको आँखा छलेर सामान हात पार्ने घटना पनि बराबर घटित भइरहेका छन् । पोखराका थुप्रै मन्दिर तथा विहारका दानपात्र चोरी गर्ने लहर अझै जारी छ । यद्यपि यस घटनामा संलग्न एउटा डफ्फालाई प्रहरीले पक्राउ गरी कानूनी कारवाही चलाएको दाबी गरेको छ । धुम्की जस्तो सुदूरवर्ती ग्रामीण बस्तीमा समेत



मन्दिरबाट मूर्ति चोरी भयो । संयोगले मूर्ति भोलिपल्टै फेला भने पऱ्यो । देश-दर्शन र पैदल यात्रामा गएका पर्यटकको पिछा गरी डलर, ट्राभलर्स चेक, क्यामरा जस्ता सामान हात पार्ने घटना पनि यदाकदा भइरहेका छन् भने लागू औषधको अवैध धन्दा पनि आफ्नै गतिमा चलिरहेको छ । मदिराको निर्बाध व्यापार र सेवनका कारणले पनि समाजमा प्रशस्तै अपराधहरूलाई जन्म दिएको छ ।

समाजको गतिसँगै हिँड्ने अपराधको नियन्त्रण र रोकथाम प्रहरी र प्रशासनबाट मात्र सम्भव छैन । प्रहरी प्रशासनको अपराध हुन नदिन र भइहालेमा पनि पक्राउ गरी कानूनी कार्वाहीका लागि अग्रसर हुने दायित्व हो । तर चेतनशील नागरिक, सम्बद्ध सङ्घ-संस्था र राजनीतिक पार्टीहरू पनि यो दायित्वबाट उम्कन सक्तैनन् । समाजका प्रत्येक अङ्गले गलत कुरालाई प्रोत्साहन नदिने, व्यक्ति स्वयं सजग र सचेत हुने प्रवृत्ति विकसित गरेमा अपराध धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । झन् पोखरा पर्यटकीय शहर भएको हुँदा स्थानीय जनसमुदायले पर्यटकहरूको स्वतन्त्र र निर्भययुक्त विचरणका लागि विशेष सजगता अपनाउनु पर्ने खाँचो छ ।

# स्वार्थान्धता र उदासीनता प्रजातन्त्रका लागि अशुभ

२१ असार २०५३

नेपाली जनताले कठिन र लामो सङ्घर्ष गरेपछि मात्र प्रजातन्त्रको पुनर्स्थापना सम्भव भएको हो । प्रजातन्त्र पुनर्वहालीका लागि प्रयास प्रजातन्त्रको हत्या सँगसँगै शुरु भएको हो । वि.सं. २००७ सालमा एक शताब्दीभन्दा लामो जहानियाँ राणा शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गरिएको थियो । प्रजातन्त्रको स्थापनासँगै प्रजातन्त्रलाई मास्न खोज्ने तत्वले पनि नाच्ने खेल्ने मौका पाए । प्रजातन्त्रमा प्रजातन्त्रविरोधी तत्वले पनि आफ्नो गतिविधि गर्ने छुट पाउँछन् जबकि तानाशाही व्यवस्थामा यो अत्यन्त कठिन हुन्छ । प्रजातन्त्र र तानाशाही व्यवस्थामा यही नै फरक हो । सात सालमा स्थापित प्रजातन्त्रको कलिलो मुनालाई एक दशक पनि बित्न नपाउँदै निमोठियो । त्यसपछि स्थापित अप्रजातान्त्रिक व्यवस्थालाई फाल्न प्रजातन्त्रप्रेमी तत्वहरूले भगीरथ प्रयत्न गर्नुपऱ्यो । २०३६ सालमा जनमत सङ्ग्रह घोषणा गर्ने परिस्थिति सिर्जना गरी पर्याप्त धाँधलीका वावजूद जनमत सङ्ग्रहमा बहुदल पक्ष निर्दल पक्षसँग हाराहारीमा आएको कारण तानाशाही व्यवस्थाको जगै हल्लन गयो । त्यसैको परिणामस्वरूप जनमत सङ्ग्रह समाप्त भएको एक दशक पनि बित्न नपाउँदै पुनः जनआन्दोलन प्रारम्भ भयो र तानाशाही व्यवस्थाको स्थान प्रजातान्त्रिक व्यवस्थाले लियो ।

मुलुकमा प्रजातन्त्र पुनर्वहाली भएको ६ वर्ष बितिसकेको छ । यो ६ वर्षको अवधिमा दुईवटा आम निर्वाचन र ३ वटा सरकार एकमना, अल्पमत र मिलिजुली गरी तीन थरी सरकार बनिसकेको छ । संयुक्त सरकारको स्थिति पनि स्थिर छैन । नेपाली जनता कुनै पनि सरकारका काम कार्वाहीबाट सन्तुष्ट छैनन् । महँगीले जनताको ढाड सेकेको छ । राजनीतिक पार्टीहरू कुर्सीको छिनाझपटीमा व्यस्त छन् ।

वर्तमान वस्तुस्थितिलाई नियाल्ने हो भने हामीले सन्तोष लिने ठाउँ कहीं छैन । दूरसञ्चार, नेपाल बैंक, शिक्षण अस्पताल जस्ता संवेदनशील क्षेत्रमा बराबर हडताल र आन्दोलन भइरहेको छ । शिक्षक सङ्घ र सङ्गठन दुवै आन्दोलित छन् । प्रतीतपत्र प्रकरणमा अरबौं रुपियाँको भ्रष्टाचार भएको छ । निजामती कर्मचारी सङ्घ र सङ्गठन पनि आन्दोलनको मनस्थिति बनाएर बसेका छन् । उद्योग वाणिज्य क्षेत्र पनि सरकारको उदारवाद, निजीकरण र मूल्य अभिवृद्धि कर जस्ता सरकारी नीतिसँग सन्तुष्ट छैन । जनता त अभाव र महँगीले पिल्सिएकै छन् ।

वर्तमान प्रजातान्त्रिक व्यवस्थालाई समाप्त गर्न भूमिगत होइन खुला गतिविधि भइरहेका छन् । तर प्रजातन्त्र, देश र जनताको भविष्यप्रति सरकार, बुद्धिजीवी, राजनीतिक पार्टीका कार्यकर्ता कसैलाई चासो छैन भन्ने कुरा उनीहरूका गतिविधिले देखाइरहेको छ । प्रजातन्त्र स्थापनामा सबै वर्ग र क्षेत्रको सहयोग प्राप्त भए जस्तो यसको संरक्षण र संवर्द्धनमा पनि सबैको सहयोग प्राप्त हुनुपर्ने हो, तर सरकारलगायत सबै वर्ग र समुदाय निहित स्वार्थमा व्यस्त छन् । जनतामा भने हर कुरामा उदासीनता आएको छ । आम जनसमुदायमा सरकार, राजनीतिक पार्टी, गैरसरकारी सङ्घ-संस्थाका गतिविधिप्रति उदासीनता आउनु प्रजातन्त्रका लागि शुभलक्षण होइन । यो वस्तुस्थितिलाई स्वीकारेर सबै जिम्मेवार भएर अघि बढ्नु नै आजको आवश्यकता हो ।

# हाम्रो आग्रह

२७ असार २०५३

सत्ता प्राप्ति निश्चय पनि सानो कुरा होइन । नेपाली काङ्ग्रेसलाई खोसिएको सत्ता प्राप्त गर्न ३ दशक कठोर तपस्या, त्याग र सङ्घर्ष गर्नु पऱ्यो । कतिपय आकांक्षीहरू त्यत्तिकै त्याग तपस्या गरेर पनि प्राप्त गर्न सक्तैनन् भने कतिपय अपेक्षित प्रयत्नविना पनि त्यो ठाउँमा पुग्न सफल हुन्छन् । त्यसैले पुरुषार्थ मात्र केही होइन, पूर्वजन्मको संस्कार र कर्म पनि चाहिन्छ भन्ने भाग्यवादीहरूको भनाइ छ । त्यसैले सत्ताप्राप्ति सानो कुरा होइन । तर प्राप्त सत्ताको दुरुपयोग भयो भने सत्ताप्राप्ति व्यर्थ हुनजान्छ । अतएव सत्ता प्राप्तिलाईभन्दा प्राप्त सत्तालाई लोकोपकारी कार्यमा उपयोग गरी चीरस्थायी बनाउनु र त्यसबाट यशस्वी बन्नु झन् ठूलो कुरा हो । सत्ता जनताको नासो हो, बपौती होइन ।

सत्तासीनहरूले सोच्नु पर्ने मूल कुरा के हो भने प्राप्त सत्ता सदाका लागि होइन र एकै क्षणका लागि पनि होइन । सत्ता प्राप्त गर्नेले आफ्नो योग्यता, क्षमता र दक्षताले चाहेसम्म उपभोग गर्न पनि सक्तछ । हो कतिपयले सत्ताको दुरुपयोग गरी आफ्नो काललाई लम्ब्याउन सक्ने होइन । तर त्यसबाट सुकीर्ति फैलिएको छ कि दुष्कीर्ति फैलिएको छ, इतिहासले उसलाई के भन्दछ, त्यसको महत्व हुन्छ । हुन त भोगवादीहरू दुनियाँ के भन्छ, इतिहास कस्तो बन्दछ भन्ने वास्ता राख्दैनन् । तर भोगको मात्रै आकांक्षा हो भने त्यो भोगको लागि सत्ता चाहिँदैन, अरू बाटाहरू पनि प्रशस्त छन् । समाज व्यवस्था सुधारेर जनतालाई सुख, शान्ति र समृद्धिले समृद्ध पार्नु सत्ता-शक्तिको सार्थक उपयोग हो र त्यसैका लागि जनआन्दोलन गरेर युगान्तकारी ऐतिहासिक परिवर्तन ल्याइएको हो ।



परिवर्तनले जनतालाई सार्वभौम बनायो । आज जनता प्रश्न गर्दैछन्– आफू सार्वभौम बनेर के भयो खै ? यो प्रश्नको जवाफ सर्वप्रथम नेपाली काङ्ग्रेसले दिनुपर्छ, त्यसपछि नेकपा (एमाले)ले दिनुपर्छ । बीचको ९ महिना छोडेर अरू सबै समय सत्ताको नेतृत्व नेपाली काङ्ग्रेसले गरेको छ । नेकपा एमालेले काम गर्न दिएन भनेर नेपाली काङ्ग्रेसले आफ्नो अक्षमतालाई ढाक्न सक्दैन । साथै प्रमुख प्रतिपक्षको हैसियत प्राप्त गरेको र नौ महिना सत्तामा बसेकोमा एमाले पनि निर्दोष हुन सक्तैन । जनता बुझ्दछन्– जादूको छडी कसैसँग छैन ताकि छुमन्त्रले अपेक्षित समृद्धि प्राप्त होस् । जनता चाहन्छन् स्थिति बसोस्, सुमेलो होस्, दलका नेता र कार्यकर्ता इमानदार देखियून्, सत्तामा बस्न पाएको छैन, आफ्नो मत लिएर गएको प्रतिनिधिको चरित्र नगनाओस् । कसैको पनि कार्यशैलीमा निःस्वार्थता, निष्पक्षता जनताले देख्न सकेनन् । सत्ता र प्रतिपक्षमा बस्ने दलका नेताहरू तिनका कार्यकर्ताहरूको चरित्र गनाएको छ, ती दलहरू गनाएका छन् र जनतामा तिनकाप्रति विकर्षण पैदा भएको छ । यो कुरा उनीहरूकहाँ देखिने मानिसको भीडले उनीहरू स्वीकार गरोइनन् । संसदीय समीकरण बिगार्न बाहिरबाट प्रयत्न हुनु, संविधानले व्यवस्था नगरेको राष्ट्रिय सरकारको कुरा उठ्नु, प्रतिगामी तत्वहरूको सक्रियता देखा पर्नु, आदि कुराहरूले जिम्मेवार पक्ष प्रतिपक्ष कसैप्रति जनताको विश्वास हराउँदै गएको टड्कारो सङ्केत होइन भन्न सकिने अवस्था छैन । प्रजातन्त्रका साधकहरूको हातमा व्यवस्था हुँदा देश, दुनियाँ र व्यवस्थाको यो दुर्गति हुनु लज्जास्पद कुरा हुन गएको छ । लाज लजाएन घिन घिनाएन भने समाजले त्यसको मर्यादा गर्न छोड्दछ । प्रजातन्त्रकै अस्तित्वमाथि यो मर्यादाहीन स्थितिले प्रहार गर्दै गएको छ । त्यसर्थ हामी राजनीतिक दलहरू, विशेषतः सत्तारूढ र प्रतिपक्षका सबै दलहरूलाई आफूलाई सुधार्न आग्रह गर्दछौं ।

# नेपाली आदिकविको सम्झनामा

३० असार २०५३

हिजो असार २९ गते नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको १८३ औं जन्म दिवस हो । आदिकविको जन्म दिवस नेपाली भाषा-साहित्यका देशभित्र र बाहिरका साधकहरू र संस्थाहरूले कवि गोष्ठी समेतका विविध कार्यक्रम आयोजित गरी भाषा-भारतीका अनन्य साधक आदिकवि भानुभक्तप्रति श्रद्धा-सुमन चढाउँदछन् । *दैनिक जनमत* पनि त्यही पंक्तिबाट राष्ट्रका विभूति आदिकवि भानुभक्त आचार्यलाई श्रद्धाञ्जली समर्पण गर्दछ ।

आदिकवि भानुभक्त आचार्य तत्कालीन पश्चिम ३ नम्बरको तनहुँ चुँदीको रम्घा गाउँमा जन्मेका थिए । उनको समयमा र उनीभन्दा अघि पनि नेपाली भाषामा मानिसहरूले काव्यको रचना नगरेका होइनन् । तर ग्रन्थ रूपमा समग्र अध्यात्मक रामायणको अनुवाद गरेर उनले नेपाली समाजलाई दिए । रामकथा लेखेर वाल्मीकि आदिकवि भए । त्यसैगरी तुलसीदासले हिन्दीमा रामचरित मानस लेखेर आदिकवि मानिए । रामकथाका अनुरागीहरूले नेपाली भाषामा समग्र रामायण प्रस्तुत गर्ने कवि भानुभक्त आचार्यलाई पनि आदिकवि मानेका हुन् भनी भन्नु भानुभक्तलाई र उनको देनलाई अवमूल्यन गर्नु हो । उनीभन्दा अघि र उनका समकालीन कविहरूले नेपाली

भाषामा रचना गरेका भए पनि ग्रन्थको रूपमा थिएनन् र भानुभक्तको भाषा जस्तो प्राञ्जल, सरल, सरस, सुमधुर र नेपालीपनले ओतप्रोत थिएनन् । सारांशमा भन्दा नेपाली वाङ्मयको जग राख्ने काम नै भानुभक्तबाट सर्वप्रथम भयो । भानुभक्तको रामायण संस्कृतको अध्यात्म रामायणको उल्था भए पनि त्यो नेपाली चलन, व्यवहार एवं भाषा भावले अनुप्राणित भएको, उल्था नभएर मौलिक रचना जस्तो छ । त्यसबाहेक भानुभक्तका अन्य मौलिक रचनाहरू पनि उनलाई कविको रूपमा प्रतिष्ठित गर्न पर्याप्त छन् । त्यसैले भानुभक्तलाई आदिकवि भनेर राष्ट्रिय विभूतिको रूपमा सम्मान गरिनु सर्वथा उचित जँच्दछ ।

आदिकवि भानुभक्त आचार्यको जयन्ती त मनाउने गरिन्छ, तर यो औपचारिकतामा मात्र सीमित भए जस्तो लाग्दछ । साक्षर वा निरक्षर जे भए पनि गाउँघर, शहर, लेकबेसी, मेलापात, उत्सव जात्रा आदिमा भानुभक्त लेखनाथ आदिकविका श्लोकहरू गुञ्जन छोडेका छन् । तिनको गुञ्जनले नेपालीपन, नेपाली भावना, राष्ट्रियतालाई बल मिल्दथ्यो । आज त्यो कमजोर हुँदै गएको छ । भोलि यी विभूतिहरू नै बिर्सिइने सम्भावना देखिएको छ । त्यसैले राष्ट्रिय विभूतिहरूलाई सीमित नपारी तिनको प्रचार प्रसारमा प्रयत्न हुनु जरुरी छ ।

# इमानदारी

२ साउन २०५३

इमानदारी कुनै अलौकिक ईश्वरीय गुण होइन । यो सामाजिक चारित्रिक गुण हो । सामाजिक जीवनमा इमानदारीको महत्व अत्यन्त ठूलो छ । इमानदारी व्यक्तिप्रति, समाजप्रति, देशप्रति र आफैंप्रति हुन आवश्यक हुन्छ । क्षणिक लोभ र लालचमा परेर मानिस धीत छोड्छ र बेइमान बन्दछ । आज समाजमा, देशमा जे जति समस्या सिर्जिएका छन् ती सबै इमानदारीको अभावको कारण सिर्जिएका छन् ।

मानिस सामाजिक प्राणी हो । सामाजिक सम्बन्ध विश्वासमा आधारित हुन्छ । विश्वासको आधार इमानदारी नै हो । व्यक्ति व्यक्तिबीच पारस्परिक सद्भाव, सहयोग नभै आज जीवन चल्दैन । विज्ञान र प्रविधिको विकासले संसार साँगुरिएर विश्व नै एक परिवार, एक गाउँ जस्तो भएको बेला मानिस कति स्वतन्त्र र आत्मनिर्भर रहन सक्छ र ! यस्तो साँगुरिँदै गएको स्थितिमा समाजमा शान्ति र व्यवस्था सुस्थिर राख्न हर व्यक्तिको इमानदारीको त ठूलो महत्व हुन्छ भने सामाजिक जिम्मेवारी वहन गर्नेहरूको इमानदारी भन् सर्वोपरि हुन्छ नै । समाजको उन्नति, प्रगति, सुख र सुविस्ता सबै शान्ति र व्यवस्थामा निर्भर हुन्छ । समाजमा शान्ति व्यवस्था बनाइराख्ने जिम्मेदारी सत्ताको ओहदामा आसीन हुने व्यक्तिहरूको हो ।

अहिले हाम्रो समाजमा जहीं तहीं भ्रष्टाचार अनियमितता, धोकाधडी, घोटाला आदि बेइमानीका मात्रै कुरा सुन्नु परेको छ । अराजकता, अन्योल, अशान्ति, अस्थिरता आजको वैशिष्टच हो कि जस्तो भएको छ । यस्तो अनिश्चितताको स्थिति जिम्मेदारीमा बसेकाहरूको गैह्र जिम्मेदार कार्य शैलीकै परिणाम हो भन्नेमा दुई मत होला जस्तो लाग्दैन ।



शिशु प्रजातन्त्रलाई सुस्थिर सुदृढ बनाउनु पर्ने आजको स्थितिमा इमानदारी यसरी सङ्टग्रस्त हुनु दुःखदायी कुरा हो । यी दुष्कृतिहरूले दलीय पद्धति र प्रजातन्त्रकै दुर्नाम गराइरहेका छन् । लोक व्यवहारमा इमानदारीलाई पुनः प्रतिष्ठापित गरी प्रजातन्त्रलाई सुस्थिर गर्न जनता सचेत भएर सक्रिय हुनु पर्ने खाँचो टड्कारो भइसकेको छ ।

# प्रजातन्त्र र निर्वाचन

३ साउन २०५३

विगत ६ वर्षदेखि नेपालमा प्रजातन्त्रको अभ्यास भइरहेको छ । प्रजातन्त्र त्यस्तो शासन पद्धति हो जो प्रजा अर्थात् जनताले चुनेका प्रतिनिधिद्वारा सञ्चालित हुन्छ । कार्यपालिका र विधायिकामा विधि विधानले व्यवस्था गरेअनुसार जनताले चुनेका प्रतिनिधि रहने र तिनैले मुलुकको शासन सञ्चालन गर्ने हुनाले प्रजातन्त्रलाई जनताको शासन भन्दछन् । अर्को शब्दमा यसलाई विधिको (कानून) निर्माण गर्ने मानिसहरू जनताबाट चुनिने भएकोले यो पद्धतिमा निर्वाचनको अहम् भूमिका हुने कुरा निर्विवाद छ । प्रजातन्त्रको मूल आधार नै निर्वाचन हो ।

नेपालको संविधान २०४७ ले दलीय पद्धतिलाई अँगालेकोले निर्वाचनमा दलको नाममा व्यक्तिले प्रतिस्पर्धा गर्ने चलन छ । दलको घोषणापत्र नीति र कार्यक्रमको आधारमा निर्वाचन हुन्छ भने पञ्चायतको पछिल्लो दशकमा भएका निर्वाचन र परिवर्तनपछि भएका निर्वाचनमा तात्विक अन्तर केही देखिन आएन । दल नाम मात्र भयो, उमेदवारको वैयक्तिक गुण दोषका साथै पैसा र पाखुराको शक्ति नै चुनाव जीत-हारको मूल कारक बन्न गयो । जातीयता, क्षेत्रीयता, पाखुरा र पैसाले चुनावमा मुख्य भूमिका खेल्न थाल्यो भने निर्वाचनको प्रजातान्त्रिक आदर्श नै समाप्त हुन्छ । व्यक्तिमाथि दलको हैकमभन्दा दलमाथि व्यक्तिको घुर्की र उसको अहम् प्रभावी हुन्छ र त्यसले प्रजातन्त्रकै खिल्ली उडाउँदछ । नेपालीहरू अहिले यस्तै परिस्थिति भोगिरहेका छन् । परिवर्तन पछिको पहिलो निर्वाचित सरकार असफल भई मध्यावधिमा जानु र अहिले मन्त्रीमण्डल ४ दर्जनको हुनुको कारण व्यक्ति मुख्य र दल गौण हुनु नै हो ।

आउँदो वर्षको आरम्भमा स्थानीय निकायहरूको निर्वाचन हुनु छ । मध्यावधि निर्वाचनको सम्भावना पनि टड्कारो छ । विगतका निर्वाचनहरूका अनुरूप निर्वाचन स्वतन्त्र निष्पक्ष र धाँधलीरहित हुन सक्नेमा आशा ज्यादै क्षीण छ । यहाँ जसरी पनि चुनाव जितेर सत्ता हत्याउने भन्ने जो भावना छ त्यसले पैसा र पाखुराको खेल निर्वाचनलाई नबनाउला भन्न सकिँदैन । साथै निर्वाचित जनप्रतिनिधिहरू र दलका पदाधिकारीमा सामञ्जस्य कायम हुन नसकेको, जनप्रतिनिधिहरू सामाजिक हितलाई भन्दा बढी निजी स्वार्थलाई महत्व दिने गरेको र दलभन्दा आफू कसरी बलियो हुने भन्ने कोशिशमा रहने गरेको देखिएकोले दलीय पद्धति नै अलोकप्रिय हुन थालेको यथार्थलाई बिर्सन सकिँदैन । यसउसले निर्वाचन पद्धतिमा संशोधनको आवश्यकता टड्कारो देखिएको छ ।

अतएव निर्वाचनमा उम्मेदवारी दलको नाममा व्यक्तिले दिने पद्धति खारेज गरिनु आवश्यक देखिएको छ । स्वतन्त्र हैसियतमा उठ्नेहरू मात्रै व्यक्ति उम्मेदवार हुन सक्ने

व्यवस्था हुनु पर्दछ । राजनीतिक दलले प्राप्त गरेको मतको सङ्ख्याको आधारमा उसले संसदको स्थानमा कति स्थान भर्ने निश्चित गर्ने र पार्टीले त्यति स्थानका लागि प्रतिनिधि मनोनित गर्ने व्यवस्था हुनुपर्ने र निर्वाचनमा प्रतिस्पर्धी दलहरूलाई आवश्यक निर्वाचन खर्च सरकारी कोषबाट बेहोर्ने व्यवस्था भएमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउन सकिनेछ । यस प्रकारको पद्धति विकसित भएमा दलीय पद्धति सुदृढ हुनुका साथै निर्वाचित प्रतिनिधिहरूबाट भ्रष्टाचार हुने, पाखुरा र पैसाको प्रभाव कम हुने र प्रजातन्त्र प्रभावशाली बन्न सक्ने देखिन्छ । अहिले राजनीतिक दलहरूको संस्कारहीन भ्रष्ट राजनीतिमा प्रजातन्त्र, देश र जनता जसरी पिल्सिएका छन्, विकासले गति लिन सकेको छैन, यसबाट मुक्ति पाउन निर्वाचन पद्धतिमा सुधार आवश्यक भइसकेको छ ।

# पुष्पलाल स्मृति दिवस

७ साउन २०५३

नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरूमा स्व. पुष्पलाल अग्रणी हुन् । उहाँलाई कम्युनिष्ट पार्टीको संस्थापकको रूपमा नेपालका कम्युनिष्ट कामरेडहरूले सम्मान गरे पनि नेपाली जनता पुष्पलाललाई शहीद गङ्गालालका भाइ भनेर चिन्ने र आदर गर्ने गर्दछन् । ०१७ सालपछि उहाँले पनि निर्वासित जीवन बिताउनु भयो । १७ वर्षअघि निर्वासनमा रहँदा उहाँको देहान्त भएको थियो । आज उहाँको अठारौँ पुण्यतिथि हो । देश र जनताको हितमा परिवर्तनको चाहना राखेर सङ्घर्षमा जीवनको आहुति दिने व्यक्ति आदरणीय हुन्छ । पुष्पलाल त्यही कोटीको व्यक्तित्व हुनुहुन्छ र उहाँको १८ औं स्मृति दिवसमा उहाँको अमर आत्माप्रति शब्द श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

कम्युनिष्ट सिद्धान्त प्रतिपादन गर्ने गुरु मार्क्स र एञ्जेल्स थिए । तीबाहेक नेपालमा माओवाद, लेनिनवाद, स्टालिनवाद जोड्दै अनेक चिरामा कम्युनिष्टहरू विभक्त भए । अहिले पनि ती चिरा विद्यमान छन् र एकले अर्कोभन्दा आफूलाई क्रान्तिकारी र प्रगतिशील बताउँछन् र अर्कोलाई संशोधनवादी र जडसूत्रवादी भनेर गाली गर्न पछि पर्दैनन् । यिनै विभाजित कम्युनिष्टहरूमध्ये कसैले पुष्पलाललाई गद्दार पनि भनेका छन् । जसले जे भने पनि नेपालको कम्युनिष्ट आन्दोलनमा पुष्पलालको भूमिका अग्रगण्य र अविस्मरणीय रहेको छ ।

अहिले पुष्पलाललाई शुद्ध रूपमा आफ्नो नेता मान्ने कम्युनिष्ट पार्टी (मार्क्सवादी) हो । अहिलेको प्रमुख प्रतिपक्षी नेकपा (एमाले) मार्क्सवादी र माले मिलेर बनेको थियो । तर मालेको ढलीमली ज्यादा भएकोले केही नेतालाई छोडेर मार्क्सवादी अलग भएका हुन् । तर मार्क्सवादी अलग भए पनि नेकपा (एमाले) नेकपा एमाले नै रहेको छ र उसले पनि पुष्पलाललाई संस्थापक नेताको रूपमा मान्ने गरेको छ । यसो गर्दा दायित्व विना नै उसलाई धेरै लाभ छ । संयुक्त आन्दोलनबाट पञ्चायत व्यवस्था गएको र संयुक्त आन्दोलनको प्रतिपादक पुष्पलाल भएको भनी गर्व गर्ने भएको छ । नेकपा (एमाले) पुष्पलालको आदर्श अनुरूप चलेको छ वा छैन, त्यो छुट्टै प्रश्न हो । पुष्पलाल जीवित भएको भए आज त्यो सम्मान नेकपा (एमाले)बाट पाउने थिए वा थिएनन् यो पनि विचारणीय कुरा छ । जे होस् नेकपा (एमाले)ले नेता माने पनि नमाने पनि पुष्पलालको



आफ्नै छवि नेपालको राजनीतिमा छ र उहाँ अमर हुनुहुन्छ । उहाँको योगदानको स्मरण गर्नै पर्दछ ।

# सभापति कोइरालाको सङ्कल्प र नेपाली काङ्ग्रेस - १

८ साउन २०५३

नेपाली काङ्ग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइराला पार्टी सुदृढीकरणको सिलसिलामा आज पोखरा आउँदै हुनुहुन्छ । सभापति कोइरालाको पोखरा यात्रा पहिलो होइन र शायद पछिल्लो पनि होइन । महामन्त्रीको हैसियतमा, प्रधानमन्त्रीको हैसियतमा र पार्टी नेताको हैसियतमा पोखराले उहाँको धेरै पटक स्वागत गरे पनि पार्टी सभापतिको हैसियतमा पहिलो पटक आज गर्दैछ । उहाँको पोखरामा ३ दिन मुकाम हुने र पश्चिमाञ्चलका सबैजसो जिल्लाका कार्यकर्तालाई यहाँ उहाँले भेट्नु हुने कार्यक्रम भएको जानकारी प्राप्त भएको छ । हामी यस अवसरमा उहाँको आगमनको स्वागत गर्दै उहाँको यात्राको उद्देश्य सफल होओस् भन्ने कामना पनि गर्दछौं ।

५ दशक लामो प्रजातान्त्रिक सङ्घर्षको इतिहास भएको, २ पटक इतिहासलाई मोड दिने युगान्तकारी लडाइँ लडेर १०४ वर्षको हुकुमी जहानियाँ शासन र ३० वर्षको निरङ्कुश निर्दलीय अधिनायकी शासनलाई धराशायी बनाई प्रजातन्त्र ल्याउने प्रमुख राजनीतिक दल नेपाली काङ्ग्रेस नै हो । यत्ति ठूलो महिमा मण्डित नेपाली काङ्ग्रेसले जनताको विश्वासलाई धान्न सकेन । अहिले ३ दशक जोसँग प्रजातन्त्रका लागि नेपाली काङ्ग्रेस लड्दै आएको थियो, प्रजातन्त्रको संरक्षण खातिर उसैसँग मिलेर सरकार बनाउनु पर्ने र चलाउनु पर्ने स्थितिमा पुग्यो र अहिले त्यही दुर्दशा नेपाली काङ्ग्रेस र यो देशले भोग्नु पर्ने नियति बनेको छ ।

अनुशासन र व्यवस्थापनका अभावको कारण हुन गएको गल्ती अनुभव गरी पार्टीलाई पूर्व स्थितिमा पुऱ्याउने सङ्कल्प सहित सबै आन्तरिक विग्रहलाई नवौं महाधिवेशनले समाप्त गर्ने विश्वास लिएर सभापति बन्नु भएका कोइरालाको काँधमा पार्टीभित्रका असन्तुष्टिहरूलाई मिलाएर पार्टी सङ्गठनलाई सुदृढ पार्ने गुरुत्तर दायित्व रहेको छ । यो दायित्वको निर्वाह उहाँबाट हुन्छ हुँदैन, भए कसरी हुन्छ, त्यो आउने समयले देखाउला नै । उहाँले आफ्नो आशङ्का सहित त्यहाँ पुग्ने बाटो विगतका सबै प्रकारका मनोमालिन्यलाई भुलेर एकता कायम गर्नुपर्ने कुरा बताइसक्नु भएको छ र तदनुकूल निर्देशन पनि भइसकेको हो । तर उहाँका सहयोगी र उहाँको निर्देशन मुताविक चल्नु पर्ने जिल्ला नेतृत्वहरूले त्यो मर्म र धर्मअनुरूप कर्ममा प्रवृत्त हुन नसकेको अनुभव काङ्ग्रेसको कार्यकर्तावृत्तले गरिरहेको छ । सत्ता सेवाको होइन शानको प्रतीक भएको र त्यसबाट सबै प्रकारका स्वार्थहरूको सिद्धि प्राप्त गर्ने पार्टी होइन आफू बन्ने प्रयत्नहरू भइरहेका छन् ।

# सभापति कोइरालाको सङ्कल्प र नेपाली काङ्ग्रेस - २

९ साउन २०५३

पार्टी नेतृत्वमा प्रतिष्ठापित व्यक्ति र सत्ताको जनप्रतिनिधित्वको ओहदामा निर्वाचित व्यक्तिहरूको आत्मकेन्द्रित आचरणले स्वभावतः कार्यकर्ताहरूबीच पार्टी सुसङ्गठनका लागि आवश्यक सौमनस्यको सञ्चार गर्दैन, अपितु वैमनस्य र वितृष्णा विकसित गर्न ठूलो भूमिका खेल्दछ । यो अनुभूत यथार्थ नै भइसकेको छ ।

प्रजातन्त्र प्राप्तिका लागि लडाइँ लड्नु एउटा कुरा हो र प्रजातन्त्र प्राप्तिपछि मुलुकको शासन सत्ता सम्हाल्नु र सञ्चालन गर्नु अलग कुरा हो । आधाशताब्दी जसले प्रजातन्त्रको लडाइँ लड्यो प्रजातन्त्रको सञ्चालन र व्यवस्थापन उसैले गर्न सक्छ, गर्न पाउनु पर्दछ भनेर नेपाली काङ्ग्रेसमाथि जनताले विश्वास गर्नु नितान्त स्वाभाविक कुरा थियो । इतिहास र आदर्शले जनतामा त्यो विश्वास जगाएको थियो । तर त्यो इतिहास र आदर्शले सधैं काम गर्दैन, त्यसमा पनि जब जिम्मेदारी लिनेको अदक्षता प्रकट भइसक्छ, इतिहास र आदर्शलाई अदक्षताले पाखा पारिदिन्छ । मध्यावधिले त्यो परिणाम देखाइसकेको छ ।

त्यो परिणाम र त्यसका कारणहरूलाई आफ्नो गल्ती हो भन्ने स्वीकारेर अब त्यसलाई दोहोरिन नदिने र पार्टीलाई पूर्व स्थितिमा नपुऱ्याई विश्राम नगर्ने जो प्रण कोइरालाले गर्नुभएको छ र कार्यकर्ताहरूले उहाँको प्रजातन्त्रप्रतिको समर्पण भाव र पृष्ठभूमिका कारण उहाँलाई पार्टीको शिखर स्थानमा प्रतिष्ठापित गरे पनि आम जनता आश्वस्त र विश्वस्त हुन सकिरहेका छैनन् । यसको कारण हो नेतृत्वका अत्यन्त आवश्यक चारित्रिक गुणहरूको अपर्याप्तता र अभाव देखिनु, जो उहाँको स्वभाव र कार्यशैली छन् र जो उहाँको आफ्नो प्रधानमन्त्रीत्वको कालमा जनताले भोग्ने मौका पाए ।

पार्टी अहिलेसम्म व्यक्ति केन्द्रित नै देखिएको छ । यो ०७-०१७ को समय होइन, न यो सङ्कटकाल नै हो । अब यसलाई संस्थात्मक रूप दिनै पर्दछ । संस्थात्मकतामा जाँदा व्यवस्थापनका आधारभूत सिद्धान्तहरूको अनुसरण हुनै पर्दछ । आग्रह र अनुग्रहको व्यवहारले व्यवस्थापन चल्दैन । दण्ड र न्यायको अभ्यास कठोरतापूर्वक हुनु पर्दछ । अग्रजहरूले जे गर्दछन् अनुजहरूले त्यसैको नक्कल गर्दछन् । पार्टीले पद, पैसा, पहुँचको आधारमा व्यवहार गऱ्यो भने, कार्यकर्ताको पहिचान गर्न सकेन भने पार्टीको उत्थान हुँदैन ।

# सभापति कोइरालाको सङ्कल्प र नेपाली काङ्ग्रेस - ३

१० साउन २०५३

नेपाली काङ्ग्रेसले आरम्भदेखि अपनाउँदै आएको अध्यक्षीय पद्धतिमा सभापतिको भूमिका सङ्गठनमा महत्वपूर्ण रहिआएको छ । केन्द्रमा यो पद्धतिको प्रभावकारिता अहिलेसम्म प्रतिष्ठित व्यक्तित्वका कारण स्वीकार्य भइरहेको थियो भने त्यही पद्धति जिल्लाहरूमा विवादास्पद नै रहिआएको छ । हुन त केन्द्रीय नेतृत्वले मोफसलको विवादको जड केलाएर वस्तुवादी आधारमा दोष निराकरण गर्न प्रयास नगरी टालटुल-थामथुम पार्ने प्रयत्न हुने गरेकोले गाउँदेखि केन्द्रसम्म गुट-गिरोहको संस्कार बनेको र नवौं अधिवेशनले त्यो संस्कारलाई हटाउने आशा गरिएकोमा झन् अरू जऱ्याएको देखिएको छ । सभापति कोइरालाले सबैलाई समेट्ने, पहिलेका मनोमालिन्य मेटाउने र एकता गर्ने भने पनि जिल्लाहरूमा त्यो अभ्यास देखिएको छैन । साँचो भन्ने हो भने क्रियाशील सदस्यता वितरणमा विधानको अनुसरण नभएको, कपट व्यवहार भएको, तदनुसार नै निर्वाचनको तारतम्य भएकोले हातमा डाडु-पन्यू हुनेहरूकै ढलीमली भएको हुँदा अधिवेशनले सङ्गठनमा शुद्धता ल्याउन नसकेको र अधिवेशन समाप्त हुँदा नहुँदा ठाउँ-ठाउँमा साङ्गठनिक किचलो, विवाद अधिकांश जिल्लाहरूमा बौरिरहेका देखिएको छ ।

पहिले तीन नेताहरूको आश्रमबाट ३ थरीले अभयदान पाउने गरेर विधि निषेधका वैधानिक उपचार निष्प्रभ हुने गरेकोमा अहिले एकल नेतृत्वको स्थिति भए पनि विधान नियम निर्बलहरूलाई मात्र बार सावित हुने र पहुँचवालाहरूलाई त्यसले नछुने परम्परामा सुधार हुने लक्षण क्षीण देखिँदैछ । किनभने कुर्सीमा अनुहार बदलिँदैमा संस्कार र चेतनामा तत्काल परिवर्तन आउन सक्तैन । त्यो अपेक्षित परिवर्तन वैज्ञानिक व्यवस्थापनले ल्याउने हो । व्यवस्थापन चुस्त र दुरुस्त बनाउन व्यवस्थापकको वस्तुनिष्ठता अत्यन्त जरुरी हुन्छ । महाधिवेशन भएको ३ महिना भइसकेको र पार्टी-सङ्गठनको संरचना एक प्रकारले पूरा भइसकेको स्थितिमा व्यवस्थापकीय वस्तुनिष्ठतामा सन्देह गर्न थालिएको छ । पञ्चायतमा 'माथिबाट'ले सबै ऐन नियमलाई निरस्त पार्दथ्यो । अहिले त्यही प्रचलनको अनुकरण काङ्ग्रेसी वृत्तमा चल्न थालेको अनुभव भुइँतहका निरीह काङ्ग्रेस जनहरूले गर्नुपऱ्यो भने त्योभन्दा दुर्भाग्यको कुरा के हुन सक्छ ?

राज्य सञ्चालनको व्यवस्थामा चरहरूको भूमिका महत्वपूर्ण हुन्छ । सूचनाको स्रोत औपचारिक एकाइहरूलाई मात्र बनाइनु हुँदैन । पार्टीले सत्तामा भएको कारणले सरकारी स्रोत मात्रलाई पनि त्यति विश्वसनीय मान्नु हुँदैन, समयमा त्यसले धोका दिन सक्तछ । नेपाली काङ्ग्रेसभित्र गोपनीयता र सूचना स्रोतको साङ्गठनिक विश्वसनीय संरचना हावादारी जस्तो लाग्दछ, ठोस त्यस्तो केही देखा पर्दैन । त्यसैले कोइरालाको सभापतित्वले नेपाली काङ्ग्रेसलाई सशक्त सक्षम बनाउन सोचेजति सरल पक्कै पनि छैन । कोमलता सँगै कठोरता, हठसँगै लचिलोपन, बहुश्रुतता र प्रत्युत्पन्नमतित्व, विषय र परिस्थितिको सम्यक बोधसँगै चारित्रिक शुद्धता र नैतिकता काङ्ग्रेसको नेतृत्ववृत्तले ध्यान दिनुपर्ने कुरा हुन् । यिनमा सभापतिको ध्यान पुग्यो भने अवश्य काङ्ग्रेसमा सुधार आउला । तर पुरानै शैलीले चल्ने हो भने प्रण प्रणमा मात्रै सीमित हुन सक्दछ ।

# सिद्धान्त र व्यवहार मिल्नु पर्दछ

१६ साउन २०५३

यो महिनाको सप्ताहान्ततिर नेपालमा दुई प्रमुख पार्टीहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरी मूर्धन्य दुई दिवङ्गत नेता जननेता बी.पी. कोइराला र कामरेड पुष्पलालको स्मृति

दिवस मनाउँदा प्रजातन्त्र र समाजवादबारे प्रशस्त चर्चाहरू भए । प्रजातन्त्र त अब स्थापित भएको छ । शासन पद्धतिको रूपमा यसको अभ्यास विगत ६-७ वर्षदेखि नेपालीहरूले गर्दै आएका छन् । प्रजातन्त्रले स्वतन्त्रता र समानताको हकको प्रत्याभूति संविधानमा गरेको छ र न्यायालयले यसको सुरक्षा पनि गर्दछ । प्रजातन्त्र शासन पद्धति मात्र नभएर जीवनशैली पनि भएकोले यसलाई संस्कारको रूपमा पचाउन नेपालीहरूले अझै सकेका छैनन् । त्यसैले यहाँ अनेक विकृति र विसङ्गतिहरू देखा पर्देछन् । सङ्क्रमणको समय भएकोले अवश्य पनि यी विकृति र विसङ्गतिका घाउहरूलाई समयले पुर्नेछ र प्रजातन्त्र पूर्णत: नेपाली जीवनशैली बन्नेछ ।

तर समाजवादको कुरा सैद्धान्तिक मात्र भएको छ, समाजवादको 'स' पनि व्यवहारमा देख्न सकिएको छैन । समाजवाद राज्यको आर्थिक पद्धतिको कुरा हो । नेपालको सत्तारूढ दल नेपाली काङ्ग्रेस र प्रमुख प्रतिपक्षी नेकपा (एमाले) दुवै दलले आर्थिक पक्षमा आफ्नो सिद्धान्त समाजवाद हो भन्दै आएका छन् । अर्थ प्रणालीमा समाजवाद भन्नाले समाजमा विद्यमान आर्थिक विषमता मेटेर समता स्थापित गर्नु हो । अर्को शब्दमा भन्दा आर्थिक शोषणलाई समाप्त पार्ने र सामाजिक न्याय र सुरक्षाको स्थिति विकसित गर्नु हो । नेपाली काङ्ग्रेस राजनीतिक स्वतन्त्रता र आर्थिक समानता साथसाथै लैजाने उद्देश्य राख्दछ । तर नेकपा (एमाले)को समाजवाद भिन्न छ । ऊ सर्वहाराको अधिनायकवाद लागू गर्ने लक्ष्य लिन्छ । अधिनायकवाद–जो सुकैको होस्–मा राजनीतिक स्वतन्त्रता हुँदैन । आम जनतामा समाजवाद के हो भन्ने कुरा स्पष्ट गरिएको छैन ।

नेपाली काङ्ग्रेस परिवर्तन भएदेखि बीचमा ९ महिनालाई छोडेर अहिलेसम्म सत्तारूढ छ । उसले २०१२ सालदेखि आफ्नो आर्थिक सिद्धान्तमा समाजवाद भन्दै आएको हो । अहिले पनि ऊ यही भन्दैछ । तर उसको सरकार स्वतन्त्र बजार अर्थ प्रणालीको नीति अवलम्बन गरिरहेको छ । नेपाली काङ्ग्रेसले नेपालको सन्दर्भमा समाजवाद भनेको यो हो भनेर जनतालाई स्पष्ट गराउन सकेको छैन । अहिले नेपाली काङ्ग्रेसका नेताहरू समाजवादबारे जनताका माझ बोल्दा बी.पी.ले १५ वर्षमा सबै नेपालीलाई आफू सरह बनाउने लक्ष्य राखेको कुरा बताउँछन् । त्यो ज्यादै अस्पष्ट कुरा हो । त्यसले समाज-वादलाई स्पष्ट गर्दैन । उदारवाद या खुला बजार अर्थतन्त्र समाजवादको आदर्शसँग मेल खाँदैन । उत्पादन र वितरण पद्धतिलाई सामाजिक न्यायको अनुरूप सन्तुलित बनाउनु समाजवादको आदर्श हो । उत्पादनका साधनमा वैयक्तिक स्वामित्व हुनु नै विषमताको मूल कारण हो । त्यसैले उत्पादनका साधनमाथि राज्यको नियन्त्रण कायम गर्नु पर्दछ भन्ने समाजवादको मूल चुरो हो । बजार अर्थतन्त्र भन्नासाथै उत्पादनका प्रकृत साधनहरूमाथि व्यक्तिको नियन्त्रण बलियो हुन्छ र मानवीय मूल्यको अवमूल्यन स्वत: हुन्छ । यस्तो स्थितिमा हुने र नहुनेबीचको खाई प्रतिदिन बढ्दछ । अर्थात् धनी धनी हुँदै जान्छन् गरीब झन् गरीब हुँदै जान्छन् । अहिले नेपाली काङ्ग्रेस र नेकपा (एमाले) व्यवहार र सिद्धान्तमा फरक देखिएका छन् । सिद्धान्तअनुरूप व्यवहार भएन भने राजनीतिक दलहरूको साख गिर्दछ । गिरिरहेकै छ ।



# सीमा अतिक्रमणबारे सरकार बोलोस्

१८ साउन २०५३

नेपालको पूर्व-पश्चिम सीमाना मेची महाकाली भनिँदै आएको हो । नेपाललाई पूर्व, पश्चिम र दक्षिण तीनतिर भारत भूमिले घेरेको छ । नेपाल र भारतको सीमा छुट्टयाउन सीमा स्तम्भहरू पहिलेदेखि बनाइएका छन् । तिनै सीमा स्तम्भको आधारमा अहिलेसम्म यो नेपाल त्यो भारत भन्ने गरिँदै आएको छ । कहिलेकाहीँ साँध सीमानाबारे विवादहरू नउठ्ने पनि होइनन् । तर त्यस्ता विवादलाई आपसी छलफल, समझदारी र सबुद प्रमाणका आधारमा विवादको निवटारा हुनुपर्छ, हुन्छन् र भएका छन् ।

अहिले झापा जिल्लाको भद्रपुर नगरपालिकाको क्षेत्रको मेची नदीमा नयाँ स्तम्भ बनाइएको छ, जो पुरानो ७४ वर्षअगाडि बनेको सीमा स्तम्भभन्दा, भद्रपुर नगर-पालिकाका अनुसार, ३ हजार फिट वर बनेको छ । पुरानो स्तम्भ मौजुद छँदाछँदै नयाँ स्तम्भ सीमा अतिक्रमण हुने गरी किन, कसले बनायो सर्वाभौम नागरिकको चासोको विषय हुँदै हो । सीमा निर्धारण र सीमा स्तम्भको निर्माण सम्बन्धित दुवै थरीको समझदारी, निर्देशन र निगरानीमा हुनुपर्दछ । सीमा सुरक्षाका निम्ति दुवै देशका अधिकारी, कर्मचारी नियुक्त होलान् । उनीहरूले केन्द्रीय नीति र निर्देशन बेगर त्यस्तो संवेदनशील कुरामा यता उति नगर्नुपर्ने हो किन, कसरी भयो र यो विवाद उठिरहेको छ । त्यो सीमा स्तम्भबारे भद्रपुर नगरपालिकाले स्वेत पत्र जारी गरेको कुरा छापामा आएको छ । त्यहाँ सर्वदलीय बैठक यसै विषयलाई लिएर भएको छ । यहाँ पोखरामा पनि ८ जना बुद्धिजीवी, वकिल र पत्रकारहरूले भारतले सीमा अतिक्रमण गऱ्यो, सरकार चुप लागेको छ, सरकार बोल्नु पऱ्यो, साँध मिचेको भए सच्याउनु पऱ्यो भनेर प्रेस वक्तव्य जारी गरेका छन् । सरकारी मौनता र अतिक्रमणको विरोधमा ठाउँ ठाउँमा मेचीको सीमा स्तम्भबारे चर्चा परिचर्चा भइरहेका छन् ।

नेपालको भारतसँगको सीमाना सम्बन्धमा अहिले मेचीको कुरा उठेको छ । यसअघि नवलपरासीको महेशपुर सुस्तामा धेरै पहिलेदेखि साँध अतिक्रमण भारतबाट भएको भन्ने जनतालाई परेको छ । त्यस्तै हालै महाकालीको स्रोत कालापानीमा पनि सीमाको बेदखली भएको समाचार छ । साँध सीमानाको कुरो हात-वित्ता जतिसुकै होस् सानो हुँदैन । त्यसैले जनस्तरमा यसको नराम्रो असर नपर्दै सरकार सजग, सचेत रहनु पर्दछ र द्विपक्षीय वार्ताद्वारा सच्याएर जनतालाई सन्तुष्ट पार्नु पर्दछ ।

भारतको विशालता र विकसित स्थिति तथा आवादीले नेपाली जनसाधारणमा मानसिक रूपमा लघुताबोध छ र भारतले हेप्छ, मिच्दछ भन्ने भावनाले जरो गाडेको छ । त्यसैले यहाँ भारतविरोधी भावना भड्काउन ज्यादै सजिलो छ । अनि यहाँको सरकारमा भएका मानिसहरू भारत चिढिन्छ कि भन्ने भयले जायज कुरो पनि राम्ररी गर्न नसक्ने मानसिकता पालेर बसेका देखिन्छन् । यो हानिकारक कुरा हो । यसले राष्ट्रियता सुदृढ हुँदैन ।

अतएव सरकारले भारतसँगको सीमा सम्बन्धमा तत्काल जनतामा उत्पन्न कौतुहललाई शान्त पार्ने र सरकारी तहमा मात्र होइन दुवै देशको जनस्तरमा समेत असल छिमेकी-पनको भावना विकसित गर्ने वातावरण बनाउने प्रयत्न गर्नु पर्दछ ।

# राष्ट्रिय सहमतिको विश्वसनीयता

२० साउन २०५३

जलस्रोत जस्ता राष्ट्रको प्रकृत सम्पदाहरूको विकासका सम्बन्धमा राष्ट्रिय सहमति आवश्यक छ र राष्ट्रिय सहमति हुनुपर्छ भन्दै आएको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी)ले आफूले सहमति जनाएको महकाली एकीकृत विकास सन्धिलाई अहिले 'जसरी पनि' संसदमा पारित हुन नदिइने कुरा त्यस दलको संसदीय दलका नेता एवं अध्यक्ष र पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि सभाको गत शुक्रबारको बैठकमा विशेष समय लिई बोल्दा बताउनु भएको हो। संविधानअनुसार यस्ता सन्धिहरूको अनुमोदन संसदका दुवै सदनको दुई तिहाई बहुमतबाट हुनु पर्दछ। सरकारले सन्धि अनुमोदनका लागि संसदीय प्रक्रियाअनुसार दर्ता गराएको छ। शाही सम्बोधन अर्थात् सरकारको वार्षिक नीति तथा कार्यक्रममा यसको पनि उल्लेख थियो र त्यसबारे धन्यवाद प्रस्ताव संसदबाट पारित पनि भइसकेको छ।

महाकाली एकीकृत विकास सन्धिमा परराष्ट्र मन्त्रीस्तरमा हस्ताक्षर भएको थियो। पछि प्रधानमन्त्री शेरबहादुर देउवाको भारतको औपचारिक भ्रमणका अवसरमा त्यो सन्धिमा प्रधानमन्त्री स्तरमा फेरि हस्ताक्षर गरियो। अहिले त्यसै हस्ताक्षरलाई नेकपा (एमाले)ले शङ्काको दृष्टिले हेर्ने विषय बनाएको छ। यसैबीच मुलुकका दक्षिणपन्थी र वामपन्थीहरूले उक्त सन्धिमा नेपाल ठगिएको छ भनेर कटु आलोचना गरे। 'महाकाली बचाउ अभियान'को नाममा प्रचारबाजी पनि भइरहेको छ। यसबाहेक परराष्ट्र मन्त्री प्रकाशचन्द्र लोहनी र जलस्रोत मन्त्री पशुपतिशम्शेर जबराका सन्धि विषयक अभिव्यक्ति-हरूमा एमालेप्रति आक्षेप भएको अनुभूति नेकपा (एमाले)का चोटीका नेताहरूलाई भएकाले सन्धि हस्ताक्षरको बेला सहमति जनाएर पनि अहिले दायाँबायाँ कुरा गरिरहेका छन्। हामीले अडान बदलेका छैनौं, परारष्ट्र मन्त्रीस्तरमा सन्धिमा काठमाण्डूमा हस्ताक्षर भइसकेपछि दिल्लीमा प्रधानमन्त्रीहरूबाट किन हस्ताक्षर हुनुपर्‍यो, त्यसमा हामी अध्ययन गर्दैछौं, त्यसमा यताउति भएको रहेनछ भने हामी पारित गर्दछौं भनेर एमालेका महा-सचिव माधव नेपाल र झलनाथ खनालले भन्दै पनि हुनुहुन्छ, उता सो दलका संसदीय दलका नेता, पार्टी अध्यक्ष मनमोहन अधिकारीले संसदमा टनकपुर अलग्ग सन्धि हो, पञ्चेश्वर अलग हुनुपर्छ, महाकाली सन्धि भनेर सबैलाई एकै टोकरीमा हाल्दै, किन सन्तानको भविष्यबारे हामीले निर्धारण गर्ने हाम्रो के अधिकार, सरकारले हाम्रो समर्थनको गलत प्रचार गर्‍यो इत्यादि भन्नुभएको छ भने एकीकृत महाकाली सन्धिलाई आफूले अन्जानमा स्वागत गरेको बताउनु भएको छ।

राष्ट्रको हक-हितबारे चनाखो बन्नु नराम्रो होइन। तर एउटा दलले एउटा मुद्दामा सहमति जनाइसकेपछि त्यही मुद्दामा तर्क-वितर्क गर्नु, अनुमोदन गर्न मुकरिनु, शीर्षस्थ नेताहरूका भनाइमा विरोधाभास रहनु अनि अन्जानमा भएको भन्नु एउटा जिम्मेदार प्रतिपक्षको निमित्त शोभनीय हुन्छ हुँदैन विचारणीय कुरा हो। यस्तो हो भने यो मुलुकको विश्वसनीयता वैदेशिक सम्बन्धमा के हुन्छ ? भोलि यो मुलुकलाई अरूले कुन दृष्टिले हेर्लान् ? आफूले गरेको सबै ठीक, अरूले गरेको सबै बेठीक भन्ने नै राजनीतिको मानक हुने हो भने राजनीतिक दलले राष्ट्रिय सहमतिको कुरा गर्नु नै व्यर्थ होइन र ? अनि अर्थहीन कुरामा कसले किन विश्वास गर्ने ? यसबाट राजनीतिक दलहरू राष्ट्रको होइन आफ्नो मात्र स्वार्थ हेर्दा रहेछन् भन्ने कुराको पुष्टि गर्न के अरू प्रमाण चाहिएला ?



# रोजगार केन्द्रको सोचाइ

२२ साउन २०५३

प्रधानमन्त्री शेरबहादुर देउवाले अस्ति प्रतिनिधि सभाको प्रश्नोत्तर कालमा बेरोजगारीको समस्या समाधान गर्न रोजगार केन्द्र स्थापना गर्ने सम्बन्धमा सरकारले गम्भीर रूपमा गृहकार्य गरिरहेको जानकारी दिनु भएको छ।

रोजगार केन्द्रले बेरोजगारलाई रोजगारी नै दिने कुरा पक्कै पनि होइन। रोजगार केन्द्रले बेरोजगारको लगत बनाउने, त्यो लगतमा बेरोजगारको योग्यता सीप र दक्षता-सम्बन्धी विवरण राख्ने साथै कामदारको आवश्यकता पर्ने व्यक्ति, संस्था वा औद्योगिक वा व्यापारिक प्रतिष्ठानहरू आफूलाई आवश्यक परेका मानिसहरूको आवश्यकता रोजगार केन्द्रलाई अवगत गराई त्यहाँबाट आफ्नो आवश्यकताको परिपूर्ति गर्ने जस्ता कार्यहरू गर्दछ होला। बढीमा गर्‍यो भने बेरोजगारलाई बेरोजगारी भत्ता उपलब्ध गराउने र रोजगारी प्राप्त गरेपछि उसले लिएको बेरोजगारी भत्ता किस्ताबन्दीमा असूल उपर गर्ने अथवा सीप भएर दक्ष बेरोजगारहरूलाई स्वरोजगारीको धन्दा चलाउन सरल उपायबाट ऋण सहयोग उपलब्ध गराउने व्यवस्था पनि रोजगार केन्द्रको मातहत गर्न सकिने हुन्छ।

नेपालमा बेरोजगार भनेर शैक्षिक प्रमाण-पत्र हासिल गरी कुनै जागीरमा नलागेका-हरूलाई भन्ने गरिन्छ। वस्तुतः जीविकाका लागि नियत धन्दा नभएका शिक्षित हुन्, या अशिक्षित, सबै बेरोजगार नै हुन्। आंशिक रोजगारी गर्ने भनौं या अर्ध बेरोजगारको सङ्ख्या पनि कम छैन। बेरोजगारीको समस्या भन्नाले त्यस्ता सबैको रोजगारीको समस्या हो।

यहाँ सम्पन्न र पहुँचवालाहरू एउटैले अनेक धन्दा पनि गरेका छन्। विश्व-विद्यालयको डिग्री हासिल गरेका मानिस काम नपाएका थुप्रै छन् तर एउटा क्याम्पस टीचर तीनोटा क्याम्पस नर्सरी बोर्डिङ आदिमा पढाएर २४ घण्टामा १८ घण्टा फुर्सद नभएकाहरू पनि यहाँ खासगरी शहरी इलाकामा प्रशस्त नपाइने होइन। डाक्टर अस्पतालमा जागीर खाएर प्राइभेट क्लिनिकहरूमा धेरै समय बिताएको देखिन्छ। यस्ता बहु धन्दा गर्नेहरू अरू क्षेत्रमा पनि नदेखिने होइन। जीविकाका लागि होइन धन थुपार्नका लागि बहु धन्दा गर्नेहरू नयाँ सोच-विचार, अध्ययन-मनन गरी बढी दक्षता हासिल गर्ने, त्यसबाट इज्जत प्रतिष्ठा बढाउने कुरामा विश्वस्त भएर प्रयत्नशील भएको देख्न पाइन्न। त्यसैले यहाँ सेवा, ज्ञान र गुणको स्तर निम्न रहेको छ। यो पनि समाजको विकृति र विसङ्गति नै भन्नु पर्दछ। यहाँ गरीबी, अशिक्षा, सामाजिक परिपाटीका कारण मानिसका सोचाइमा मौलिकता र रचनात्मकता आइसकेको छैन।

अतएव बेरोजगारीको समस्या समाधान गर्न रोजगार केन्द्रको स्थापना मात्र पर्याप्त हुँदैन। मुलुकमा पूर्ण रोजगारी स्थिति विकसित गर्न सम्पूर्ण समाज सचेत र चिन्तनशील हुनु पर्ने र पेशालाई व्यवसायीकरण गर्न जनतालाई शिक्षित गराउनु पर्ने देखिन्छ। विकासको अवधारणा, व्यवस्थापन पद्धति आजको आवश्यकताअनुरूप परिवर्तन गर्ने दृढ इच्छा शक्ति र इमानदारी आजको मूल आवश्यकता हो।

# सांसदको उत्तरदायित्व

२४ साउन २०५३

वर्तमान संयुक्त सरकारका अर्थमन्त्री डा. महतले अमेरिकाको एक बैंकमा रहेको खाता सम्बन्धमा विवाद उपन्न भएपछि गत हप्ता आफ्नो पदबाट राजीनामा दिएर यस सम्बन्धमा छानबिनका लागि मार्ग प्रशस्त गर्नु भए पनि योसम्बन्धी विवाद अझै सेलाएको छैन । यो घटनापछि सत्तापक्षका सांसदहरूले आफ्नो विरोधको निशाना प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का संसदीय दलका नेता तथा पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीलाई बनाएका छन् । श्री अधिकारी आजभन्दा ४ वर्ष अगाडि संयुक्त राष्ट्र सङ्घीय महासभाको बैठकमा भाग लिन जाँदा कम समय त्यहाँ बसेर बढी दिनको डलर सुविधा र भत्ता लिएको आरोप उहाँमाथि लगाइएको छ । प्रश्न यत्ति मात्र होइन नेकपा (एमाले) सत्तामा छँदा कतिपय सांसदहरूले लिएको गाडी सुविधा अझै पनि उपभोग गरिरहेको, रासायनिक मल खरीद काण्डमा मन्त्री र प्रतिपक्षी सांसदको संलग्नता रहेको, गृह मन्त्रालयको रकम हिनामिना भएको चर्चाले पनि आज त्यत्तिकै स्थान पाएको छ । देशको अत्यन्त मर्यादित र गरिमामय संस्था विधायिकाका सदस्यहरूमाथि जनस्तरबाट होइन एकले अर्कोलाई आक्षेप प्रत्याक्षेप लगाउने स्थिति सिर्जना हुनु निश्चय नै दुखद स्थिति हो । यी आक्षेप प्रत्याक्षेपमा पूर्णतः सत्यता नभए पनि धेरथोर अंशमा सत्यता त अवश्य होला । जनता आफ्ना दैनन्दिनका समस्याहरूले पिल्सिएको बेलामा सर्वोच्च विधायिकाका सांसदहरूले जनताका समस्यामाथि गम्भीर रूपमा छलफल गर्नुपर्ने अवस्थामा जनताका समस्याबाट पर हटेर 'तैंले यति बदमासी गरिस्, तैंले उति बदमासी गरिस्' भनेर आरोप प्रत्यारोपमा अल्झनु राष्ट्र र प्रजातन्त्रका लागि कदापि शुभ लक्षण होइन ।

हाम्रा सांसदहरू आर्थिक भ्रष्टाचार र अधिकारको दुरुपयोगको मामिलामा दूधले नुहाएकै भए पनि जनताप्रति संवेदनशील भएको भने पाइएको छैन । सांसदका भत्ता र सुविधा बढाउने तथा गाडी सुविधा लिने नाउँमा प्रायः सम्पूर्ण सांसदहरू एकमत हुनु यसको राम्रो उदाहरण हो । यसबाट पनि जनताको नजरमा सांसदको मर्यादाको अवमूल्यन भएको छ । कर्मचारीलाई दिइने महँगी भत्तामा ४ र ७ प्रतिशत बढाएर सांसदको भत्तामा हजारौं वृद्धि हुनु यो कहाँको कस्तो न्याय हो स्वयं कर्मचारीले बुझ्न सकेका छैनन् । त्यसैको तीव्र प्रतिक्रिया स्वरूप कतिपय जिल्लाका कर्मचारीले पैसा उठाएर मन्त्री र सांसदहरूलाई पठाइरहेका छन् ।

जनताका समस्या प्रतिदिन बढ्दै जानु, राष्ट्रिय विधायिकाका सदस्यहरू जनताका समस्याप्रति संवेदनशील हुनु सट्टा प्रतिदिन स्वार्थी बन्दै जानु र दलीय स्वार्थ र घेराबाट माथि उठेर चिन्तन मनन नगर्नु आजको दुःखद स्थिति हो । सांसदहरूले संसदभित्रको अभ्यासलाई गुणात्मक बनाउन सकेनन् र संसद जनताको आवाज घन्काउने थलो बनेन भने त्यसको परिणाम राष्ट्र, जनता र प्रजातन्त्रले भोग्नु पर्ने हुँदा हामी सांसद महोदयहरूलाई व्यक्तिगत र दलगत स्वार्थबाट माथि उठेर काम गर्न आग्रह गर्दछौं । जनताका प्रतिनिधिको आचरणमाथि कसैले औंला ठड्याउने अवस्था आउनु हुन्न । त्यस्तो अवस्था सिर्जना भएमा जनप्रतिनिधिहरूले नैतिकताको ख्याल राखी काम गर्ने मूल्य र मान्यता अपनाउन पनि हामी आग्रह गर्दछौं ।



# प्रजातन्त्र र अनुशासन

२८ साउन २०५३

अहिलेको शासन पद्धति प्रजातन्त्रको हो । प्रजातन्त्र भनेको जनताको शासन अर्थात् स्वशासन हो । तर अहिले जतासुकै माग छ अनुशासनको । मानिसहरू प्रजातन्त्रका ठूल-ठूला कुरा गर्दछन् तर स्वशासनको कुरा कोही पनि गर्दैनन् । भन्छन् प्रजातन्त्रले जनतालाई सार्वभौम बनायो अधिकार सम्पन्न बनायो र शक्तिशाली बनायो । परन्तु मानिसहरूले अधिकार सँगसँगै कर्तव्य पनि हुन्छ र अधिकार खोज्नेले कर्तव्य पनि पूरा गर्नुपर्दछ भन्ने कुरा भुलेका छन् । त्यसैले यहाँ हडताल, तालाबन्दी, घेराउ, अनशन, बन्द आदि क्रियाकलाप आए दिन हुनेगरेका छन् र कोलाहल जहाँतहीँ छ, मानिसहरू अराजकता भयो भनेर कराइरहेका छन् । किन यस्तो हुन्छ ? भइरहेछ ? भन्नेमा खोजी पस्ने मानिस देखिएको छैन । सबैले आ-आफ्नै किसिमले मात्र व्याख्या गरेका छन् मुलुकको 'समस्या' अन्धाहरूबीचको 'हात्ती' जस्तै हुन गएको छ ।

नेपाली काङ्ग्रेस आफ्नो सङ्गठनमा अनुशासनको आवश्यकताको अनुभव गरिरहेको कुरा त्यसका नेताहरूले आफ्ना कार्यकर्ताहरूमाझ औपदेशिक व्याख्यान गर्ने गरेको सुनिन्छ । वस्तुतः प्रजातन्त्रको साधना गर्ने र प्रजातन्त्रलाई सुदृढ बनाउने जिम्मेदारी वहन गर्नुपर्ने त्यो संस्था नै प्रजातन्त्र र अनुशासनको भेदबारे भ्रमित देखिएको छ । अनुशासन सेना वा अधिनायकवादी पद्धतिको कुरा हो । प्रजातन्त्रको नागरिक स्वशासित हुनुपर्दछ । स्वशासनको नागरिक शिक्षा नेपाली जनताले पाएका छैनन् । साँचो भन्नुपर्दा काङ्ग्रेसका नेताहरू स्वयंमा प्रजातन्त्रको अनुकूल नागरिक चेतना विकसित भएको छैन, त्यसले त्यस्तो चरित्र विकास गर्ने प्रयत्न गर्ने कुरा छोडौं आवश्यकताको अनुभवसम्म गरेको देखिँदैन । परिवर्तनको संवाहक भएर पनि विघटित पद्धतिका आचरणको अनुकरणमा मात्र भुलेको देखिएको छ । उसमा नयाँ-नयाँ सोच र रचनात्मकता देखिएको छैन ।

अनुशासनकै हिसाबमा पनि शीर्षस्थ व्यक्तित्वहरू नियमको अधीन नचलेर आग्रह र अनुग्रहको भावले आदेश उपदेश फलाक्दै हिँड्छन् भने त्यस्तो फलाको समाजमा प्रभावकारी हुन सक्तैन । त्यसैले नेताहरूको आचरण उदाहरणीय हुन जरुरी छ । स्व. बी.पी. कोइराला भन्नुहुन्थ्यो– जबसम्म सिद्धान्त र व्यवहार एउटा हुँदैन, प्रजातन्त्र साकार हुँदैन । नेपाली काङ्ग्रेसले इतिहास र आदर्शले मात्र अब आफ्नो अस्मिता, आबरु बचाउन सक्तैन । उसले आफ्नो चिन्तन, चेतना र व्यवहारमा पर्याप्त सुधार ल्याउन आवश्यक भइसकेको छ ।

# सर्वाङ्गीण क्रान्ति आजको आवश्यकता

४ भदौ २०५३

नेपाल अनेक विकृति र विसङ्गतिले आक्रान्त छ । तर विकृति र विसङ्गतिहरू जीवनका यावत क्षेत्रमा विद्यमान छन् तापनि राजनीतिक, आर्थिक र सामाजिक विसङ्गति र विकृतिहरू नेपाली समाजलाई मानवीय उत्थान मार्गमा जबरजस्त व्यवधान बनिरहेका

छन् । राजर्नातिक विसङ्गतिलाई हटाउन सके मात्र अरू क्षेत्रका व्यवधान हटाउन सुगम हुने सोचले युगान्तकारी राजनीतिक क्रान्तिहरू विगत आधा शताब्दीको अन्तरालमा यहाँ भए । निरङ्कुश र निर्दलीय अधिनायकवादी शासनको बदला जनता सार्वभौम भएको जनतान्त्रिक पद्धति आरम्भ भयो । किन्तु शताब्दीयौँदेखि नेपाली मन मस्तिष्कमा तलेत्री परेर जमेको संस्कारले गर्दा सामाजिक एवं आर्थिक क्षेत्रका गौँडा-गल्फाहरूमा अपेक्षित सुधार ल्याउन सकिएको छैन । हाम्रो आत्मपरक संस्कार, विपन्नता र अशिक्षाजनित दोषहरूले गर्दा परिवर्तन या सुधारका धारणाहरू अपेक्षित र लक्षित जनस्तरसम्म पुग्न सकेका छैनन् । त्यसैले समाज आज पनि अनेकौं विकृति र विसङ्गतिहरूले ग्रसित रहिरहेको छ ।

३४ वर्षअघि छुवाछूत र अन्य विभेदात्मक व्यवस्थाबाट समाजलाई मुक्त गर्न लागू गरिएको मुलुकी ऐनले भेदभावलाई मेटाउन नसकेको गुनासो गरिँदैछ । ती गुनासाहरू सुनेर सर्वोच्च विधायिकाका सभामुखले ३४ औं मुलुकी ऐन दिवसका अवसरमा सामाजिक क्रान्तिको आवश्यकता, सामाजिक क्रान्तिको मात्र होइन सम्पूर्ण क्रान्तिको आवश्यकता छ । सम्पूर्ण क्रान्तिको हाम्रो आशय हो । हाम्रो, विशेषत: माथिल्लो तहमा पुगेका मानिसहरूको सोच्ने, सम्झने र काम गर्ने तौर तरिकामा नै परिवर्तन अर्थात् क्रान्तिको खाँचो छ । यथार्थलाई ओझेलमा राख्ने, अपूर्ण र कृत्रिम सूचनाको स्रोतमा निर्भर हुने, सापेक्षिक व्यवहारका कारण हाम्रा योजना, कार्यक्रम विफल बन्दै आएका छन् । भ्रष्टाचार सदाचार हुने, मानवीय नैतिक मूल्यको अवमूल्यन हुने, दर्प र दम्भ प्रकृत धर्म हुने प्रवृत्तिको उत्कर्ष आजको मूल समस्या हो । यो समस्या क्रान्तिका संवाहक मानिने आफूलाई जनताको प्रतिनिधि हौं भन्नेहरूको दैनन्दिन आचरणबाट सिर्जिएको हो । त्यसैले यहाँ क्षेत्रगत क्रान्तिको प्रभावकारिता न्यूनतम हुन गएकोले मानिसको मन र मस्तिष्कलाई झक्झक्याएर जागृत पार्ने सम्पूर्ण क्रान्तिको आवश्यकता आज टड्कारो हुन गएको हो । यो सम्पूर्ण क्रान्ति माथिबाट निर्देशित होइन जनस्तरबाट उठ्नु पर्दछ । त्यो उठाउने काम स्वस्थ चिन्तन भएका सामाजिक कार्यकर्ताले गर्नु पर्दछ, राजनीतिक नेताहरू म्याद गुज्रेका ओखती भइसके ।

# बाल दिवसको सन्दर्भमा

५ भदौ २०५३

भाद्र ४ गते नेपालले बाल दिवस मनाउँछ । यसरी बाल दिवस मनाउन थालेको ३२ वर्ष भइसकेको छ । बालकको भरण पोषण, शिक्षा-दीक्षा समुचित ढङ्गले हुनु पर्ने, त्यसबाट बहुसङ्ख्यक बालबालिका वञ्चित हुनु परेको यथार्थतालाई हृदयङ्गम गरी त्यसतर्फ मानिसहरूको ध्यानाकर्षण गर्न र बालककाप्रतिको कर्तव्यमा समाजलाई सचेत गराउन सम्भवत: बाल दिवस मनाउने शुरुआत भएको हुनुपर्छ । यसको उठान संयुक्त राष्ट्र सङ्घले गरेको हो ।

बालबालिकाको समस्या के विकासशील, के विकसित सबै किसिमका मुलुक– तिनको प्रकृति फरक-फरक भए पनि–थेरथोर जहींतहीं छ । तर विकासोन्मुख मुलुकहरू, नव-स्वाधीन मुलुकहरूमा बालबलिकासम्बन्धी समस्या धेरै छन् । खास नेपाल जस्तो पछौटे



देशका बालबालिकाका समस्या थुप्रो छन् । ती समस्याहरूको मूल पहिलो अज्ञान हो, दोस्रो गरीबी हो । अज्ञानता र गरीबीका कारण बालबालिकाहरू कुपोषणले ग्रसित छन्, उनीहरूको अकाल मृत्यु हुन्छ, समुचित शिक्षाको अवसरबाट वञ्चित हुन्छन्, उनीहरूले असमयमा मजदूरी गर्नुपरेको छ । यसबाहेक अरू भइपरी आउने बाबु-आमाका जीवनका घटनाहरूले पनि धेरै केटाकेटीलाई खाते जीवन ग्रहण गर्नुपरेको छ भने पारिवारिक र सामाजिक स्थिति एवं चलन व्यवहारले पनि कतिपय केटाकेटीहरूले पाउनु पर्ने हेरविचार, स्याहार-सम्भार नपाएर नराम्रो बाटो पकड्ने गरेको पाइन्छ । यी यस्ता जे जस्ता समस्या भए पनि तिनको मूल जरो गरीबी र अशिक्षा नै हो ।

हरेक हुने-खाने र शिक्षित बाबु-आमाले आफ्ना छोराछोरीको भविष्य निर्माणको निमित्त प्रयत्न नगरेको देखिँदैन । अपढ नै भए पनि हुने-खाने छ भने उसले छोरा-छोरीको हेरचाह र शिक्षा-दीक्षाको निम्ति सोचेकै हुन्छ । हो, वातावरण र संस्कारजनित दोषहरूले गर्दा हुने-खानेका छोराछोरी बिग्रने, कुलतमा फँस्ने, बहकिने र दु:ख पाउने भएको पनि नदेखिने होइन । तर यस्तो स्थिति बहुतायतमा हुँदैन । त्यसैले बालकहरूको समस्या भनेको समाजमा गडेररहेको गरीबी र अशिक्षा नै हो । गरीबी र अशिक्षालाई समाजबाट उन्मुलन गर्न सकेमा बालकहरूको समस्या खास रहने थिएन ।

वर्षेनी बाल दिवस मनाइन्छ । बाल अधिकारबारे ठूला बडाका सन्देश प्रसारित गरिन्छ, भाषण हुन्छन् । ती सब औपचारिकता र प्रचारका लागि हुन्छन् । तिनले बालबालिकाको मौजुदा दयनीय स्थितिमा खास सुधार केही गर्ला जस्तो लाग्दैन । किनकि ती सन्देश र भाषणहरू र औपचारिकताका कुराहरू त्यो समूहसम्म पुग्न सक्तैनन्, पुगे पनि तिनको प्रभाव अत्यन्त न्यून हुन्छ । त्यसैले आफ्ना बालबच्चाको माया ममता हरेक आमा-बाबुलाई हुन्छ । ती आमा बाबुलाई छोराछोरीको समुचित पालन पोषण र शिक्षा-दीक्षाका लागि समर्थ बनाउन चतुर्दिक आर्थिक विकासका ढोका खुलाउन सक्नु पर्‍यो र समुचित नागर चेतनाको विकास गराउने प्रयत्न हुनुपर्‍यो ।

# स्थानीय विकासका लागि स्थानीय निकाय

११ भदौ २०५३

गाउँ, नगर र जिल्लाको विकास निमित्त स्थानीय निकायहरूको व्यवस्था प्रजातान्त्रिक शासन व्यवस्थाको अभिन्न अङ्ग हो । हिजोआज प्रजातान्त्रिक शासन पद्धति प्रचलनमा छ त्यसले शक्ति विकेन्द्रीकरणको सिद्धान्तलाई स्वीकार गर्दछ । स्थानीय जनताका पानी, पनेरो, शिक्षा-स्वास्थ्य र अन्य स्थानीय आवश्यकता र उपयोगका सामाजिक काम कुराहरूको निर्माण, विकास र सुधार आदि कुराहरूमा स्थानीय जनतालाई निर्णय गर्ने र निर्णय कार्यान्वित गर्ने जिम्मेदारी र अधिकार स्थानीय जनतालाई नै सुम्पनु विकेन्द्रीकरण सिद्धान्तको मूल उद्देश्य हो । यसले गर्दा आवश्यक कुरा छुट्ने, अनावश्यक कुरा जुट्ने जस्ता विसङ्गति हुँदैनन्, आफ्नो ठाउँको विकास आफैँ गर्दा गर्नेलाई आत्म गौरव र आत्म सन्तोषको कुरा हुन जान्छ भने तिनको सुरक्षा र सम्भार पनि उनीहरूको दायित्व रहन्छ । यसबाट स्रोत-साधनको सदुपयोग हुने, काम छिटो छरितो र टिकाउ हुने विश्वास गरिन्छ । त्यसैले स्थानीय स्वायत्तताको अवधारणाले प्रजातान्त्रिक पद्धतिलाई जीवन-

शैलीको रूपमा, संस्कारको रूपमा स्थापित गर्न र विकास गर्न आवश्यक सम्झिएको हुनु पर्दछ ।

नेपालमा स्थानीय स्वायत्तताको आरम्भ काठमाडौं नगरपालिकाको स्थापनाबाट भएको मानिन्छ । त्यो समय राणा शासनकाल नै थियो । प्रजातन्त्रको प्रादुर्भाव भएपछि २०१६ सालमा पहिलो निर्वाचित सरकारले स्थानीय निकायलाई अधिकार सम्पन्न बनाएर मुलुकभरि स्वायत्त शासनको जालो फिँजाउन प्रयत्न हुँदै थियो । निर्दलीय पञ्चायत व्यवस्था हठात लादियो । मुलुकभरि ४ हजारभन्दा बढी गाउँ पञ्चायतहरू गठित गरिएका थिए । तर त्यो बेलामा पञ्चायतहरू अधिकार विहीन थिए, साधनहीन थिए र उनीहरूका काम निर्दलीय तानाशाहीको समर्थनमा थपरी बजाउनु मात्र थियो भन्दा पनि हुन्छ । पञ्चायत व्यवस्थाको अन्त्य भएपछि तिनलाई 'पञ्चायत' हटाएर गाविस बनाइयो, तर तिनको दर्शन, अधिकार एवं कर्तव्यमा खास मौलिक भेद आउन सकेको थिएन । वास्तविक स्वायत्तता प्रदान गरी ती गाविसहरूलाई अधिकार एवं साधन उपलब्ध गराएर क्रियाशिल बनाउनु पर्ने आजको खाँचो हो । अहिले प्रत्येक गाविसलाई रु. ५ लाख उपलब्ध गराउनुको साथै स्थानीय मालपोतको ७५ प्रतिशत रकमसमेत गाविसले पाउने भएको हुँदा गाउँको विकास निम्ति केही साधनको स्रोत पनि जुटेको देखिन्छ । तर यो व्यवस्था न्यायसङ्गत र पर्याप्त छ छैन भन्ने कुरा आफ्नो ठाउँमा छँदैछ, त्यसमाथि स्थानीय विकास मन्त्रालयको नियन्त्रण स्थानीय जनताको कार्य क्षमता र त्यो खर्च गर्ने प्रक्रिया आदि कुराहरू प्रश्न वाचक रहेका छन् । स्थानीय निकाय र दलीय पद्धति पनि स्थानीय विकासको निमित्त विचारणीय देखिएका छन् । स्थानीय विकासमा राजनीति बाधक होइन साधक बन्नुपर्ने हो । स्थानीय जनतामा नागर चेतना विकसित गर्न राजनीतिक दलहरू सहयोगी हुन सकिरहेका छैनन् । राजनीतिको प्रदूषणले विकासको वातावरणलाई विषाक्त पार्दैछ । यो दुःखद कुरा हो । स्थानीय जनता नै सावधान भए भने मात्र यो प्रदूषणबाट स्थानीय विकासलाई मुक्त गर्न सकिन्छ । अन्यथा स्वायत्तताको दुरुपयोग र भ्रष्टाचारले गाउँ शोषित हुन जानेछ ।

# गाईजात्रा पर्व - १

१३ भदौ २०५३

भाद्र कृष्ण प्रतिपदा अर्थात् जनै पूर्णिमाको भोलिपल्टको दिन गाईजात्राको दिन हो । यो नेवारी संस्कृति हो । एउटा गाईजात्रादेखि अर्को गाईजात्राको दिनसम्म १ वर्षको अन्तरालमा नेवार जातिका मर्नेहरूका आफ्नाहरूले आफ्ना मृतकको स्वर्गति होस् भनी गाई वा गाईको आकृति बनाएर बजारका टोल छिमेक घुमाउने कामलाई गाईजात्रा भन्ने गरिन्छ । यसरी हुने गाईजात्रामा गाई घुमाउने काम मात्र हुँदैन टोल-टोलबाट टोलवासीको संयुक्त प्रयासले 'तायमचा' नामक नृत्य प्रदर्शन गरिन्छ । नृत्य बाजाको तालसुरमा हुन्छ । ढोल, मृदङ्ग, भ्याली र सहनाई बाजाहरू बज्दछन् । बाजाको आफ्नै प्रकारको धुन, लय र ताल हुन्छ । अप्सरा र लखरपाँडेको बाजाको तालसुरमा हुने तायमचाको नृत्यको अगाडि-पछाडि गाई-गोरुको टाउकोको आकृति लेखिएको कागज टाँसेको र कपडा ले सिँगारेर (स्त्री-पुरुष मृतक छुट्टिने किसिमले) डोको घोप्टचाई त्यसलाई बोकेर मानिस हिँडेका हुन्छन् र त्यसबाहेक अनुहार विकृत पारी हिँड्ने ख्यालीहरू पनि अगि पछि हुन्छन् । हुनेखानेले 'रामलीला'को आयोजना पनि गर्दछन् । टोलहरू घुमाउँदा टोल टोलका मृतकहरूका परिवारजनहरूले त्यो जात्राका सहभागीहरूलाई नैवेद्यहरू बाँड्ने गर्दछन् । संक्षेपमा पोखराको गाईजात्रा जसलाई नेवारी भाषामा 'सापारु' भन्दछन्, यही हो । जहाँ-जहाँ नेवार जाति छ त्यहाँ त्यहाँ यो संस्कृति कुनै न कुनै रूपमा विद्यमान रहेको पाइन्छ ।



गाईजात्राको कुरा गर्दा त्यसको 'ख्याली'ले त्यसको जातीय सांस्कृतिक सीमा नाघेर व्यापक राष्ट्रिय पर्वमा रूपान्तरित भएको छ । आरम्भमा मृतकको उर्ध्व गतिको निम्ति गरिने गाईजात्राले मृतकका आफन्तहरूलाई उसको स्मृति ताजा हुन जाने र उनीहरूको शोक विह्वल मनलाई बहलाउने उद्देश्यले जात्रामा ख्यालीको प्रबन्ध गरिएको हुनुपर्छ । तर कालान्तरमा शासकीय एवं सामाजिक विकृति विसङ्गति उपर व्यङ्ग्य गर्ने उद्देश्य पनि त्यो ख्यालीमा अन्तर्निहित हुन थाल्यो । सत्ता निरङ्कुश छँदा मानिसले सत्य कुरा बोल्ने अवसर नै यो हुनगएको थियो । त्यसैले गाईजात्राभन्दा व्यङ्ग्य-विनोदको पर्वको रूपमा नेपालका आम जात-जातिले यसलाई लिन थाले । त्यसैले गाईजात्राले अहिले जाति विशेषको सांस्कृतिक पर्व मात्र नभए व्यङ्ग्य-विनोदको लागि राष्ट्रिय-पर्वको रूप लिइसकेको छ । त्यसैले विनोदका लागि साझा बनेको गाईजात्रा पर्वमा हामी हाम्रा समस्त पाठक एवं शुभ चिन्तक वृन्दमा पर्याप्त मनोविनोद प्राप्त होस् भन्ने कामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

# गाईजात्रा पर्व - २

१४ भदौ २०५३

जात्रा, मेला राम-रमिताको कुरामात्र होइन संस्कृति र संस्कारको पनि कुरा हो । जात्रा-मात्रा गर्नुपर्छ भनेर गर्ने एकथरी हुन्छन् भने त्यसमा रम्ने रमिते अर्कोथरी हुन्छन् । गाईजात्रा मानिसको मृत्यु संस्कारसँग सम्बन्धित छ र जात्राका कुरा नाच, बाजा आदि संस्कृति भए । हिजोआजको अकासिएको महँगीको जमानामा नाचगान जात्रामात्राको आयोजना अवश्य नै खर्चिलो हुने नै भयो । राम्रो आयस्ता हुनेहरूले आडम्बरको रूपमा आवश्यकता भन्दा बढी खर्चने पनि गर्दछन् । तर निश्चित आयस्रोत भएका वा न्यून आयस्रोत हुनेहरूको यस्ता जात्रामात्राले डँडाल्नो नै सेक्दछन् । आजको परिस्थितिले जसको लौरी उसको भैँसी चरितार्थ गरिरहेछ र नियति जस्तै बनेको यो परिस्थिति निश्चय पनि मानव सभ्यताप्रति तीतो व्यङ्ग्य हो ।

संस्कार र संस्कृति समाजलाई एक प्रकारको बोझ भइरहेको अनुभव एकातिर छ भने अर्कातिर नवधनाढ्य वर्गलाई वैभव प्रदर्शनको अवसर त्यही संस्कार र संस्कृति बनेको छ । यी संस्कार तथा संस्कृतिका कुराहरू भारस्वरूप भए, यिनमा सुधार हुनुपर्छ भन्ने विचार एकातिर छ भने अर्कोतिर संस्कार संस्कृति जातिको परिचायक हुन् र यिनको लोप हुनु हुँदैन संरक्षण हुनु पर्छ भन्नेहरूको सङ्ख्या पनि यहाँ उत्तिकै छ । यहाँ प्रदर्शनको प्रतियोगिता भइरहेका छन् र पुरस्कृत पनि गरिँदैछ । फेशन र व्यसनले मानिसको हुर्मत लिइरहेको बेला ढस्सा (फेशन) प्रदर्शनीको आयोजना पनि गरिँदैछ । यसलाई परिस्थितिको विडम्बना नै भन्नु पर्दछ ।

'गाईजात्रा' संस्कार र संस्कृतिको पर्व मात्र नभएर एउटा मुहावरा, उखान-टुक्काको रूपमा पनि प्रयोग भएको हामी पाउछौं । यो हास्यव्यङ्ग्यको राष्ट्रिय पर्व नै भइसकेको कुरा पहिले उल्लेख भइसकेको छ । हाँसो वा व्यङ्ग्य विसङ्गत या अडमिल्दा कुराबाट निस्कन्छ । एउटा गाईका पछि धेरै साँढे मात्र दगुर्दैनन्, सुमरेका बूढा गोरु पनि दगुर्दछन् । अझ गाईलाई ओगट्ने त्यही बूढो गोरु हुन्छ । त्यस्तो स्थितिलाई गाईको जात्रा भनिन्छ । अहिले राष्ट्र यस्तै परिस्थितिबाट गुज्रिरहेको छ । यहाँ दिनहुँ गाईजात्रा छ भन्दा अत्युक्ति होओइन । अस्तु ।

# नियतिको विडम्बना

१६ भदौ २०५३

जीव-जगत्मा मानिस मात्र एउटा यस्तो जन्तु हो, जो अजीव जस्तो लाग्दछ । आकृति एउटै भए पनि रूपरङ्ग मात्र होइन स्वभाव पनि फरक-फरक पाइन्छ । जीवका सामान्य गुण मानिसको मात्र के कुरा सम्पूर्ण जीव-जगत्कै एउटै भए पनि एकसँग अर्काका अनुहार नमिले जस्तै स्वभाव, रुचि, अरुचि, योग्यता, क्षमता पनि समान पाइँदैन । आकाश, प्रकाश, माटो, पानी र हावा जस्ता तत्वको सङ्घातबाट उत्पत्ति हुने वस्तुहरूको पनि अनेक रङ्गरूप र वासना भए जस्तै मानव स्वभावमा पनि अनेकता विद्यमान छ । त्यही अनेकत्वको एकत्व नै शायद सृष्टिको वैचित्र्य हो । यो प्रकृत सृष्टि वैचित्र्यको कारण सृष्टिको आरम्भदेखि नै मानव जाति श्रेय र प्रेयको खोजीमा तल्लीन रहिआएको छ । आजको मानव सभ्यता र वैभव त्यही श्रेय र प्रेयको खोजीमा मानिस भौतारिँदाका उपलब्धि हुन् ।

मानिस एकाङ्गी बाँच्न पनि सक्ला, तर उसको मूल्य सामाजिकतामा मात्र हुन्छ । मानिस आफ्नो मूल्य निम्ति सामाजिक बन्दछ । तर त्यो सामाजिकतामा केही स्वतन्त्रता गुमेको हुन्छ तापनि सामाजिकताको मूल्यले स्वतन्त्रताको मूल्यलाई जित्दछ र मानिस आफ्नो सामाजिकतामा रमाउँछ । परन्तु सामाजिक हुँदाहुँदै पनि उसको प्रकृत वैयक्तिक वैचित्र्यले गर्दा ऊ नितान्त वैयक्तिक र स्वार्थी छ, तर सामाजिकताको ढोँग रच्दछ । त्यसैले ऊ समाजमा विविध विरोधाभासयुक्त चरित्रको अभिनय गर्न पनि सक्दोरहेछ । सामान्य मानिसका सामान्य दृष्टिमा ऊ सही पनि जँचिरहेको हुन सक्दछ, किन्तु निहित स्वार्थका कारण वा अवचेतन वा अचेतन रूपमा नै एक थोक बोल्ने र अर्को थोक गर्ने गरिरहेको यथार्थ दूर दृष्टि राख्ने द्रष्टाले देखिरहेको हुन्छ ।

यस प्रकारका चारित्रिक द्वैधताको कारण मानिस मानिसका बीच हुनुपर्ने विश्वास, आत्मीयता र सौहार्दता जस्ता सद्गुणहरूको सट्टा अविश्वास, पराइपन र वैरभाव मानिसको सामाजिकतामा विद्यमान रहेको छ । पुस्तकको माछा खान हुँदैन, खोलाको माछा त खान हुन्छ भन्ने धूर्त पण्डितको चरित्र समाजका अगुवाहरूको आदर्श बन्न पुगेको छ । राजनीतिका नेताहरू सार्वजनिक सभामा जेको निन्दा गर्दछन् व्यवहारमा आफू त्यही गरिरहेका हुन्छन् । कथनी र करनी बिप्ल्याँटो गर्न नजानेसम्म मानिस बुद्धमा गनिनु स्वाभाविक भएको छ । त्यसैले मानिस अजिबको जन्तु हो । ऊ श्रेयको खोजी गर्छु भन्छ, तर दौडिरहेको छ प्रेयको पछाडि । यो मानिसका प्रति नियतिको विडम्बना नै हो ।



# बाल अधिकार र समाज

१७ भदौ २०५३

नेपालको संविधान २०४७ मा बाल अधिकार, बालश्रम र बाल शोषणबारे उल्लेख छ । संयुक्त राष्ट्र सङ्घले बाल अधिकारबारे बडा पत्र नै तयार गरेको छ र नेपालले त्यसमा हस्ताक्षर गरेको पनि छ । बाल अधिकार, बालश्रम, बाल शोषण एवं दुराचारबारे राजधानीका तारे होटेलहरूमा, मोफसलका ठूलठूला शहरहरूमा पनि गोष्ठीहरू हुने गरेका छन् र तिनका समाचार आए दिन छापाहरूमा छापिइरहेका छन् । ठूला-बडाहरूले भाषणमा चिन्ता व्यक्त गर्दछन्, नियम र कानूनका कुरा गर्दछन् । यसरी बाल अधिकार एवं समस्याप्रति संवेदनशील भई चासो र चर्चा हुन थालेको पनि वर्षौं भैसकेको छ । तर स्थितिमा सुधार आउन सकेको पाइँदैन ।

१४ वर्षमुनिका बालबालिकाको सङ्ख्या ५ लाखभन्दा बढी भएको बताइन्छ । शहरका सडकमा सुत्ने खाने बालकहरूको सङ्ख्या ५ हजार, मजदूरीमा लागेका ४० हजार, वेश्यावृत्तिमा लागेका बालबालिकाको सङ्ख्या २५ हजार रहेको बताइएको छ । यस आँकडाअनुसार ७० हजार बालबालिका आफ्नो नैसर्गिक अधिकारबाट ठगिएका देखिन्छन् । हामीलाई लाग्छ यो शहरको आँकडा हो । शहरमा कुल आवादीको निकै थोरै हिस्सामात्र छ । बहुसङ्ख्यक जनता त गाउँमा छन् र गाउँका बालबालिकाको दशा प्रस्तुत आँकडाले बोध गराउँदैन । गाउँको अवस्था र दुर्दशा भिन्दै खालको र अरू दयनीय हुन सक्तछ । शोषण, कुपोषण, रोग-व्याध र अकाल मृत्युको विभीषिकाको चित्र अझै छापा र अन्य सञ्चार साधनहरूमा आउन सकेका छैनन् । साँचै भन्ने हो भने उपर्युक्त आँकडा पनि वास्तविक शहरको नभएर गाउँबाट सजिलो जीवनको खोजीमा शहर पस्न पुगेका हतभागीहरूको हुनुपर्छ ।

बाल-अधिकार, शोषण, दुराचार आदि बालबालिकाको जे जति दुर्गतिका कुरा उठाइन्छन् र तिनको समाधानबारे जे जस्ता कुरा भनिन्छन् तिनमा समस्या र समाधानको चुरो भेटिन्न । हो, मुलुकको गरीबी र अशिक्षा र जनसङ्ख्याको विस्फोट जस्ता कुरा जो समस्याको चुरो नै हो, नआउने हैन । तर त्यसको समाधानको सही उपाय प्रस्तुत भएको पाइँदैन । गोष्ठी सेमिनार प्रवचन आदि कार्यक्रम जे जति आयोजित हुन्छन् र तिनमा जे जति लगानी हुन्छ, त्यो सबै कतै अपव्यय त भैरहेको छैन भन्ने सन्देह मानिसहरूलाई हुनु स्वाभाविक छ । गिट्टी फोरेर जीविका गर्ने एउटी अशिक्षित महिला पनि आफ्नो सन्तति छोरा होस् या छोरी पढाउन चाहन्छे, तर उसको सावगासले पढाउन सक्तिन । बिरामी परेको बेला उपचार गर्न सक्तिन । बिहान बेलुका चुल्हो बाल्ने, भाइ बहिनीको धरालो गर्ने र डिँगा-डाँगरको पछि लाग्ने काममा सघाओस् भन्ने चाहना जो गर्दछ त्यो पुगिसरी नआएर हो भन्ने कुरा छर्लङ्ग छ । त्यसैले बाल अधिकारको सम्बन्धमा कुरा गर्दा समाजको गरीबी कसरी हटाउने, मानिसलाई पूर्ण रोजगारी कसरी दिने भन्ने कुरा सबभन्दा पहिले सोचिनु आवश्यक देखिएको छ । साथै आयस्ता भएकाहरूले आफ्ना बालबच्चाको भरण-पोषण र शिक्षा-दीक्षाबारे पर्याप्त लगानी गरेकै छन्, जो विपन्न छन्, तिनकै समस्या हो । त्यसका लागि निश्चित तहसम्मको शिक्षा र स्वास्थ्यको प्रबन्ध सरकारको तर्फबाट हुनु पर्दछ । त्यसो भयो भने आजका बालबालिका-सम्बन्धी समस्या

आधाभन्दा बढी हट्न जाने छन् । त्यसका निम्ति सरकारले अन्तर्राष्ट्रिय सहयोग पनि १०-१५ वर्षको लागि जुटाउन कोशिश गर्नु जरुरी हुन्छ । ठोस कदम नचालेसम्म यो समस्या समस्या नै रहने छ ।

# पोखरा हिजो र आज

१८ भदौ २०५३

प्रत्येक आज प्रत्येक हिजो भन्दा भिन्न हुनु नितान्त स्वाभाविक मान्नु पर्दछ । समीपस्थ भूत र वर्तमानमा फरक त्यति अनुभव नहोला । तर एउटा अधवैशे मानिसको जीवन-कालमा विगत र आगतको बीचको अन्तर अत्यन्त विश्मयकारी हुन सक्तछ । विगत ४ दशकको अन्तरालमा पोखराको कायाकल्प भएको छ । यो कायाकल्प भनौं आगतमा विगतको सङ्क्रमणलाई प्रत्यक्ष अनुभव गर्नेलाई पोखराको यो रूपान्तरण देख्दा केही भए जस्तो अनुभव नहुँदै पनि बिलकुल फरक भएको यथार्थलाई अस्वीकार गर्न कसै पनि सक्तैन ।

पोखराको शिरदेखि पुछार (ह्याङजादेखि कोत्रे)सम्म बाँफा पाटनहरू प्रशस्त थिए । साँगुको मुख जसलाई आज महेन्द्रपुल भनिन्छ, जो पोखराको मुख्य बजार बनेको छ, हिजो भैंसी आहाल बस्ने सानो पोखरी, सानो चौर, टाप्रेघारी मात्र थियो, चिप्लेढुङ्गाको सडक एउटा डहर मात्र थियो, डहरको दायाँ बायाँ कोदोबारी हुन्थ्यो र महेन्द्रपुलदेखि बगाले टोलसम्म मुस्किलले ८/१० घरहरू थिए । त्यो सपना जस्तो हुनु र आजका मानिसले हिजोको त्यो अवस्थालाई कल्पनै गर्न नसक्ने हुनु समयको देन हो । यस्तो हुनुमा कसैको पौरख सन्निहित छैन । सम्पूर्ण पोखराको प्रतिविम्ब महेन्द्रपुल हो भनेमा अत्युक्ति हुँदैन । बाँफा पाटनहरू सब आवाद भएका छन्, बाँफोकुँफो खाली कहीं छैन । रवरले छाएका, माटाले पोतेका घर देख्न पाइँदैन । बाँस र बाँसका बोटहरूको जङ्गल जस्तो देखिने पोखरा सिमेन्टले बनेको रङ्गीन मुण्डा घरहरूको जङ्गल बन्न पुगेको छ । अब गाई-डिङ्गा, वस्तु-भाउ कमै देखिन्छन् । जता जाउँ स्याउँस्याउँ मान्छेकै जात्रा देखिन्छ । हिजो र आजको यो अन्तरले पोखरा विकसित र समृद्धिशाली देखिनु अनौठो कुरा होइन ।

हो, भन्नु पर्दा यसलाई विकास नै भन्दछन् । परन्तु वस्तुतः यो विकास होइन । विकास त यो धरतीमा उम्रेको बिरुवा हुर्कनु-बढ्नु-फुल्नु र फल्नु हो त्यस्तो यहाँ भएको छैन । बाहिरबाट मानिस आए, उनीहरूले बाहिर चरेर ल्याएको पैसा यहाँ छरे, निर्माण गरे, तुजुक, ढस्सा, रोव-रवाफ देखाए । उनीहरूको चकचकी र विगविगी छ । यहाँका पुराना बासिन्दा खिइँदै गएका छन्, उनीहरू नवागन्तुकको सकी नसकी नक्कल गर्न विवश छन् । स्थिति सबै एकनास रहँदैन । आजको मूल सुक्यो भने रैथाने खिए जस्तै नवागन्तुक पनि नखिइएलान् भन्ने छैन । अहिलेको स्तर र गतिलाई यथावत कायम राख्ने हो भने यहाँ पनि अर्थको मूल फुटाउनु जरुरी छ । अहिलेको विकाससँग जे जस्ता विकृति र विसङ्गतिहरू यहाँ भित्रिएका छन्, तिनले यहाँको बानी बेहोरा संस्कृति र संस्कारलाई पनि प्रभावित गरेका छन् । त्यसैले देख्दा बाहिर जति रमाइलो छ, त्यति भित्र आनन्द यसले दिएको छैन बरु पीडा दिइरहेको छ । अतएव पोखरा हिजो जति सुन्दर थियो आज त्यति स्वस्थ र सुन्दर छैन । यो विचारणीय कुरा हो ।



# श्रीकृष्णः युगनायक कि अवतार ?

२० भदौ २०५३

सनातन हिन्दू धर्मावलम्बीहरू श्रीकृष्णलाई जगन्नियन्ता परमेश्वरको पूर्ण अवतार मान्दछन् । भाद्र कृष्ण पक्षको अष्टमी तिथि श्रीकृष्णको जन्म दिन भनेर मान्ने चलन परापूर्वदेखि नेपाली हिन्दू समाजमा निरन्तर चलिआएको छ । श्रीकृष्णलाई सर्वशक्तिमान् परमेश्वरको रूपमा सदा दिन पूजा अर्चना हुने गर्दछ । जन्माष्टमी अर्थात् भाद्र कृष्ण अष्टमीका दिन विशेष पर्व मानेर पूजा-अर्चना, भजन-कीर्तन, व्रत-उपवास, शोभा-यात्रा, आदि कृत्यहरू हुने गर्दछन् ।

हिन्दू धर्मग्रन्थहरूमा चरित्र गुणको आधारमा काललाई ४ खण्डमा विभक्त गरेका छन् । विभाजनअनुसार पहिलो सत्ययुग, दोस्रो त्रेतायुग, तेस्रो द्वापरयुग र चौथो कलियुग हो । अहिले हामी कलियुगलाई भोग्दैछौं । श्रीकृष्ण द्वापर युगका चरित्र नायक हुन् । महाभारत र श्रीमद्भागवत महापुराण–जो हिन्दूहरूका पवित्र र पूजनीय ग्रन्थ मानिन्छन्– श्रीकृष्णको नै चरित्र गाथा हो । घैंटो देखेपछि कुमालेको बोध भए जस्तै चराचर सृष्टि जगत् देखेर सृष्टि जगत्को नियन्ताको अनुमान गर्नु अस्वाभाविक होइन । तर त्यसलाई प्रमाणित गर्न गाह्रो छ । यो विश्वासको र भावनाको कुरा हो । जेहोस् श्रीकृष्ण धरणी-तलमा मानिसकै रजवीर्यबाट जन्मेको दर्शाए पनि उनको चरित्र अलौकिक र अपौरुषेय भनी वर्णन गरिएको छ । उनको जन्म सोद्देश्य भएको हो र त्यो पूरा भएपछि उनी स्वधाममा फर्के भनी बताइन्छ ।

श्रीकृष्ण युगनायक हुन् । महाकवि व्यासले रचिएको उनको चरित्र गाथाले भरिएका भागवत महापुराण र महाभारत हिन्दू मात्रका अति पवित्र र पूजनीय ग्रन्थ मानिन्छन् । 'गीता' हिन्दू जीवन दर्शनको उच्चकोटीको ग्रन्थ मानिन्छ । यो विश्व प्रसिद्ध छ । यो महाभारत युद्धको आरम्भमा पाण्डव पक्षका सेनापति अर्जुनलाई भएको व्यामोह हटाउन उनका सारथी बनेका भगवान् श्रीकृष्णले गरेका उपदेश हो । यसमा सम्पूर्ण उपनि-षद्हरूको सार सङ्गहित छ भनिन्छ । धार्मिक दृष्टिले जे-जेसुकै भए पनि पुराणहरूलाई प्राच्य शिक्षा परम्परामा इतिहास मानिएकाले श्रीकृष्णले एउटा सिङ्गो युग चरित्रको प्रति-निधित्व गर्दछन् । त्यसैले उनी नायक हुन् । अवतार भावनाको कुरा हो । इतिहासबाट पाठ सिक्नु मानव धर्म हो ।

# प्रजातन्त्रमा हैकमवाद चल्दैन

२१ भदौ २०५३

बहुदलीय प्रजातन्त्र पुनस्थापित भएको साढे छ वर्ष भइसकेको छ । तर प्रजातन्त्रको अभ्यासमा प्रजातान्त्रिक संस्कार आउन सकेको छैन । प्रजातन्त्र स्वच्छन्दता होइन, न त प्रजातन्त्र हैकमवादको अधीन हुने दासता नै हो । प्रजातन्त्र विधिको शासन हो । प्रजातन्त्र पारस्परिक समझदारी र सम्भावनाहरूको समायोजनमा चल्दछ । कोही कुनैभन्दा ठूलो, कोही कुनैभन्दा सानो हुँदैन सबै सार्वभौम र स्वतन्त्र हुन्छन् । त्यसैले यहाँ (यसमा)

अहम् टक्कराउने वा कुनै पनि कुरा प्रतिष्ठाको विषय बन्नु हुँदैन । हरेकको आफ्नो सीमा हुन्छ, अधिकार र कर्तव्य हुन्छ । सीमाको उल्लङ्घन र कर्तव्यप्रति आँखा चिम्लने र अधिकारको मात्रै डङ्का-पिट्ने दुराग्रहले प्रजातन्त्र अहिले अधमरो जस्तो देखिएको छ । यो अत्यन्त सोचनीय कुरा भइरहेको छ ।

यहाँ प्रजातन्त्रले पार्टी जन्माएको होइन, पार्टीले प्रजातन्त्र ल्याएका हुन् । दुनियाँका थुप्रै मुलुकमा पहिले प्रजातन्त्र आयो । शताब्दीयौंसम्म प्रजातन्त्रको अभ्यासमा अभ्यस्त समाजले पार्टीको आवश्यकता अनुभव गऱ्यो र जन्मायो । तर नेपालमा पहिले प्रजातन्त्र ल्याउनलाई नै पार्टीलाई जन्माइयो र त्यो पार्टीले सङ्घर्ष गरेर प्रजातन्त्र ल्याएको हो । प्रजातन्त्रको अनुकूल नागर चेतना जनतामा भर्ने र तदनुकूल संस्कार विकसित गर्दै लैजाने जिम्मेवारी राजनीतिक दलहरूको हो । यो कार्य सेवामुखी प्रवृत्तिले मात्र सम्भव हुन्छ; सत्तामुखी प्रवृत्ति समाजमा प्रभावहीन बन्दछ । राजनीतिक दलहरूका कार्यक्रम, नीति र क्रियाकलाप सबै सत्ता प्राप्तिप्रति लक्षित छन्; जनता र विकास केवल नारामा मात्र सीमित भएको र आफ्नो हैसियत र परिधिको बोध मै हुँ भन्ने कहलिएका नेताहरूमा पनि पाइएको छैन । त्यसैले यहाँ काम कम कोलाहल ज्यादा भइरहेछ । ओहदाको दुरुपयोग र भ्रष्टाचारले समग्र समाज आक्रान्त बनेको छ ।

आज जे जस्तो नैराश्यपूर्ण परिस्थिति विद्यमान छ त्यसको जिम्मेदारी यहाँका राज-नीतिक दलहरूले लिनु पर्दछ । राजनीतिक दलका नेताहरू अरू बढी दोषी छन् । नेताहरूको प्रवृत्ति सत्तामुखी मात्र भएन सुविधाभोगी र हैकमवादी रहेको छ । कार्य-कर्ताहरूमा नेताहरू रिझाउने, स्वार्थ साध्ने प्रवृत्ति नै प्रबल रहेको छ । त्यसैले यहाँ पार्टीको छवि दिनप्रतिदिन धूमिल हुँदै गइरहेको देखिएको छ । कुनै पनि औजार सही ढङ्गले परिचालन भएन भने धेरै दिन टिक्दैन । त्यसैले प्रजातन्त्रलाई दिगो र दरो बनाउन दलहरू र दलका नेताहरूले तत्काल आफ्नो प्रवृत्तिमा सुधार गरी दललाई जनमुखी र सेवाको भावनाले अनुप्राणित गर्न जरुरी छ ।

# साक्षरताको प्रश्न

२६ भदौ २०५३

नेपालको पछौटेपनका मुख्य दुई कारण छन्– प्रथमतः यहाँ पुस्तैनी गरीबी छ, दोस्रो हो अशिक्षा । यो अभिशापलाई हटाउन प्रजातन्त्रको प्रादुर्भावपछि प्रशस्त प्रयत्नहरू नभएका होइनन् । तर गरीबी निवारणका प्रयत्नहरू प्रायः विफल यसनिम्ति देखिए कि यहाँको जनसङ्ख्या वृद्धिले तिनका उपलब्धिलाई निरस्त गरिदियो । परन्तु शिक्षाको फाँटमा काफी परिमाणात्मक विकास हासिल नभएको होइन । शून्य भने पनि हुने दुई प्रतिशत साक्षर भएको यो मुलुकमा अहिले साक्षरताको प्रतिशत ४२ पुगेको बताइन्छ । यसमा (शिक्षामा) लागेको स्रोत-साधन, समय र समयको तकाजालाई दृष्टिगत गर्दा यो उल्लेख्य उपलब्धिलाई सन्तोषजनक मान्न सकिँदैन ।

स्कूल जाने उमेरका केटाकेटीलाई औपचारिक शिक्षाको माध्यमबाट साक्षर बनाउन अब त्यति कठिन कुरा छैन । तर त्यही स्कूल उमेरका केटाकेटीमा स्कूल जाने केटी-हरूको सङ्ख्या अझै न्यून छ । ग्रामीण इलाकामा मात्र होइन शहरी क्षेत्रमा पनि बाबु-



आमाको विपन्न स्थितिले प्राथमिक शिक्षा निःशुल्क भनिए पनि कतिपय बाबु-आमाले छोरीलाई स्कूल पठाउन असमर्थ देखिन्छन् । साना बच्चाबच्चीको धरालो बनेर बाबु-आमालाई जीविकोपार्जनमा जान छोरीहरूले सघाउनु परेको यथार्थलाई उपेक्षा गर्न मिल्दैन । अब 'अर्काका घर जाने छोरीलाई पढाएर के गर्ने ?' अथवा 'छोरीलाई पढायो भने बिग्रन्छन्' भन्ने भावना हराउँदै गएको भए तापनि अन्य विवशताले छोरीहरू शिक्षाको अवसरबाट ठगिनु परेको छ । बाबु-आमाकै गरीबीका कारण छोरा पनि असमयमै मजदूरी गर्नुपर्ने बाध्यता पनि गाउँ-घरमा नहुने होइन । यिनै र यस्तै विविध कारणहरूले आजका बालबालिका साक्षर बन्न सकिरहेका छैनन् भने स्कूल जाने उमेर काटेर व्यवहारमा फँसिसकेको निरक्षरहरूको सङ्ख्या पनि कहाली लाग्दो नै देखिन्छ । शिक्षा विकासको क्रममा निरक्षरलाई साक्षर बनाउने उद्देश्यले सरकारले प्रौढ शिक्षा कार्यक्रम चलाउँदै आएको छ । अनौपचारिक शिक्षाका कार्यक्रम सरकारले बनाएको छ । सालाना त्यसका लागि बजेटको बन्दोबस्त पनि हुन्छ । सरकारबाहेक विगत केही वर्षयता गैरसरकारी सङ्घ-संस्थाहरू पनि निरक्षरता निर्मूलनको काममा क्रियाशील भएको प्रचारमा देखिन्छ । तैपनि जुन गतिमा निरक्षरता घटेर साक्षरता बढ्नु पर्ने हो त्यो देखिँदैन ।

४ दशकभन्दा बढी समयदेखि साक्षरताका लागि निरन्तर भए गरेका प्रयत्न र त्यसको उपलब्धिलाई तुलनात्मक रूपमा हेर्दा वाञ्छित परिणाम हासिल हुन नसक्नुमा सरकारको व्यवस्थापन पक्ष कमजोर त हुँदै हो, त्यसमाथि कर्मचारीको कर्तव्यप्रतिको इमानदारी पनि सन्देहकै घेराभित्र देखिन्छ । राजनीति र अरू किसिमका अनुचित व्यव-हारको प्रभाव उनीहरूमाथि छ एकातिर भने समाज पनि वस्तुनिष्ठ छैन । त्यसैले समयमा कार्यक्रम नचल्नु, दक्ष गुरुहरू नियुक्त नहुनु, समाजमा गडेर रहेको अज्ञान र विपन्नता यस्ता मौलिक कारण हुन् जसले न औपचारिक न त अनौपचारिक शिक्षा कार्यक्रम वाञ्छित परिणामका लागि प्रभावी होऊन् । त्यसैले साक्षरता अझै पनि प्रश्न-वाचक बनेर उपस्थिति छ । समग्र समाज एवं राजनीतिक दलहरू कुनै निजी आग्रह नराखी साक्षरताको विकासमा सहयोगी बन्ने हो, सरकारको व्यवस्थापन पक्षलाई सुधार्न सक्ने हो भने निरक्षरताको उन्मूलन जति कठिन सम्झिइन्छ त्यति छैन, खाँचो छ यहाँ इच्छा शक्ति, इमानदारी र दृढ सङ्कल्पको ।

# नेपाल भ्रमण वर्ष र पोखरा

२ असोज २०५३

पर्यटन क्षेत्र नेपालको विदेशी मुद्राआर्जन गर्ने प्रमुख स्रोतहरूमध्ये एक हो । यो स्रोतलाई दिगो र भरपर्दो रूपमा अगाडि बढाउने प्रचूर सम्भावना छ नेपालमा । तर यस क्षेत्रमा श्री ५ को सरकार, स्वयं पर्यटन व्यवसायीको समेत पर्याप्त ध्यान पुग्न सकेको छैन । त्यसैले होला श्री ५ को सरकारले पर्यटन क्षेत्रमा आएको मन्दीबाट मुक्ति पाउन सन् १९९८ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने तयारी गरेको छ । यही तयारीको क्रममा केन्द्रमा राष्ट्रिय समिति र पर्यटकीय महत्वका राजधानी बाहिरका केन्द्रहरूमा नेपाल भ्रमण वर्ष सहयोग समिति गठन भइसकेको छ ।

नेपाल भ्रमण वर्ष १९९८ को उद्देश्य पर्यटन पूर्वाधारको विकास गर्नु, पर्यटकहरूको सहज आवागमनको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय उडानहरूको पर्याप्त प्रबन्ध गर्नु, भ्रमणमा आएका पर्यटकहरूको नेपाल बसाइ अवधि लम्ब्याउनु र विदेशी मुद्रा बढीभन्दा बढी खर्च गर्ने अवसर प्रदान गर्ने हुनुपर्छ । यसका लागि नयाँ नयाँ पर्यटन क्षेत्रहरूको विकास गर्नुका साथै वातावरणीय र पर्वतीय पर्यटनलाई बढावा दिन आवश्यक छ ।

पोखरा पर्यटकीय दृष्टिकोणले राजधानीपछिको दोस्रो महत्वपूर्ण केन्द्र हो । यहाँको ताल, हिमाल, पदयात्रा मार्ग, गुफा, छहरा, खोँच र वातावरणीय स्वच्छता आकर्षणका केन्द्र हुन् । पर्यटकहरूका लागि आवश्यक होटल, लज, रेष्टुरेण्ट, ट्राभल ट्रेकिङ्ग एजेन्सी पनि पर्याप्त छन् । तारे होटलहरूको सङ्ख्या थपिँदैछ । यस दृष्टिकोणबाट हेर्दा पोखराले भविष्यमा नेपालको पहिलो पर्यटकीय केन्द्रमा परिणत हुने पर्याप्त सम्भावना बोकेको छ । तर प्रकृतिप्रदत्त पर्यटकीय विशेषताहरू छन् भन्दैमा यसको समुचित संरक्षणतर्फ पोखरेलीले ध्यान नदिने हो भने यो दोस्रो होइन चौथो पाँचौँ केन्द्रको रूपमा ओर्लने सम्भावना पनि त्यत्तिकै प्रबल छ । लुम्बिनी, चितवन तथा पूर्वी पहाडका कतिपय भेकले अहिले नै पोखरालाई चुनौती दिइरहेको वास्तविकतालाई नकार्न सकिने अवस्था छैन ।

पोखरालाई पर्यटनको पर्यायवाची शब्दमा रूपान्तरण गर्न काठमाडौँ पोखरा राजमार्ग सुविधायुक्त हुन जति आवश्यक छ त्योभन्दा बढी अन्तरराष्ट्रिय विमानस्थल निर्माण गर्न भनी १५/२० वर्षअगाडि अधिग्रहण गरिएको जग्गामा विमानस्थल निर्माण गर्नु आवश्यक छ । ठूला जेटहरू अवतरण गर्ने सम्भावना नभए पनि साना-तिना जेटहरू अवतरण गर्ने विमानस्थल निर्माण गरी भारतका कलकत्ता, दिल्ली र बम्बैबाट सीधा उडानका प्रबन्ध गर्नसकेमा पोखराको पर्यटनमा नयाँ आयाम थपिनेछ । यस दृष्टिकोणमा पोखरेलीको सोचाइ नगएको हो वा केन्द्रमा आवाज पुग्न नसकेको हो यसतर्फ सामूहिक रूपमा आवाज उठाउनु पर्ने अवस्था छ । यसअलावा फेवातालको बिग्रँदो अवस्था संरक्षण गर्न, तालको वरपर शान्त र सुन्दर पदयात्रामार्ग विकसित गर्न र पोखरा नगर क्षेत्रमा सरसफाइ, बाटोघाटोको अवस्था सुधार्न र हरियाली प्रबर्द्धन गर्न आवश्यक छ । नयाँ विमानस्थलको निर्माणको शुरुआत र पर्यटन पूर्वाधार आयोजनाअन्तर्गत भएका अधुरा निर्माण कार्य पूरा गर्न सकेमा नेपाल भ्रमण वर्ष १९९८ पोखरेलीका लागि अर्थपूर्ण हुनेछ । यस्ता वर्ष प्रचार प्रसारमा मात्र सीमित भयो भने पोखराको पर्यटकीय भविष्य अरू अन्धकार हुनेछ ।

# सञ्चार साधनको सन्तुलित विकास आजको आवश्यकता

३ असोज २०५३

डोल्पा जिल्लाको सदरमुकाम दुनैमा टेलिफोन सेवा पुगेपछि नेपाल अधिराज्यका ७५ वटै जिल्लामा टेलिफोन सेवा उपलब्ध भएको छ । दूरसञ्चारको क्षेत्रमा यसलाई निश्चय नै ठूलो उपलब्धिका रूपमा लिन सकिन्छ । यसअघि आकाशवाणीबाट मात्र सम्पर्क हुन सक्ने यस्ता दुर्गम भेकमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ट्रङ्क सेवाबाट सहज रूपमा सीधा सम्पर्क गर्न सम्भव भएको छ ।



नेपाल अल्प विकसित मुलुकको पंक्तिको पनि पुछारमा आउने मुलुक हो । शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी, विद्युतलगायतका आधारभूत क्षेत्रमा पछाडि पर्नु नै अल्प विकसित हुनुको अर्थ हो । अत्यन्त विकट पहाडी भू-भाग भएको कारण नेपालमा जल यातायात विकासको नगण्य सम्भावना छ । स्थल यातायात पनि पहाडी भेकमा त्यत्तिकै महँगो पर्न जान्छ । हवाइ यातायातमा हामी धेरै पछाडि छौँ । गरीब नेपाली जनताका लागि यो साधन कहिल्यै सुलभ हुन सक्ने सम्भावना छैन । तराईको सुगम क्षेत्रमा त अहिलेसम्म हामीले मेचीदेखि महाकाली छिचोल्ने बाटो बनाउन सकेका छैनौँ, मध्य पहाडी भेक र हिमाली भेकको त कुरै नगरौँ । यति मात्र होइन मित्र राष्ट्र र दातृ संस्थाहरूको सहयोगबाट बनेका राजमार्गहरूको पनि समयमा स्याहार नभएर जीर्ण अवस्थामा पुगेका छन् । शिक्षा र स्वास्थ्यको हालत पनि अत्यन्त नाजुक अवस्थामा छ ।

यस परिप्रेक्ष्यमा नेपालका तराई, पहाडका सबै जिल्ला सदरमुकाम दूरसञ्चारको सञ्जालमा बाँधिन पुग्नु पछौटे अवस्थाका नेपालीहरूका लागि सुखद आश्चर्यको विषय हो । दूरसञ्चारको क्षेत्रमा देशले हासिल गरेको यो उपलब्धि उल्लेख्य हुँदाहुँदै पनि आश्चर्यजनक भने हैन । आजको विश्वमा सञ्चार प्रविधिले संसार ज्यादै साँघुरिएको परिप्रेक्ष्यमा भर्खरै मात्र दुनै काठमाडौँ वा पोखरा-जोमसोमको सम्पर्क सम्भव भएको छ । यो सेवालाई अब जिल्ला तहबाट क्रमशः जिल्लाहरूको इलाका, गाविस हुँदै गाउँ-गाउँमा पुऱ्याउने प्रयास गरिनु आवश्यक छ ।

विकसित देशहरूबाट प्रविधि आयात गरेर विकासोन्मुख देश लाभान्वित हुन सक्ने सम्भावना भएको कारण दूरसञ्चारका क्षेत्रमा यो चमत्कार सम्भव भएको हो । तर यो प्रविधिको उपयोग राष्ट्रिय विकासका समग्र पक्षमा लगाउन त्यति सहज छैन । मूलतः सूचना र सन्देशका लागि प्रयोग गर्न सकिने यो प्रविधि विकाससँगै हामीले सूचना र सन्देशको स्तरीयता हासिल गर्न सकेका छौँ र ? आमसञ्चारको साधन रेडियो देशका सबै भागमा सुन्न सकिने प्रविधि विकसित गर्नु, टेलिभिजनको प्रसारण क्षेत्र बढाउँदै लगिनु र समाचारपत्रको विकास गर्नु त्यत्तिकै आवश्यक छ । अहिले पनि ग्रामीण भेकमा सञ्चारको प्रमुख साधनको रूपमा रहेको नेपालको हुलाक सेवा अत्यन्त पछौटे अवस्थामा छ । सरकारले हुलाक सेवालाई राणाकालीन अवस्थाबाट अगाडि बढाउन सकेको छैन । हुलाक सेवालाई पनि आधुनिक बनाउन आवश्यक छ । तसर्थ दूरसञ्चारको विकाससँग यसको सदुपयोग गर्न शिक्षाको द्रुततर विकास अत्यन्त आवश्यक छ । सञ्चारको एक पक्षीय विकासले राष्ट्रको हितभन्दा अहित नै बढी गर्ने हुँदा अन्य सञ्चारका माध्यमको सन्तुलित विकास आजको आवश्यकता हो ।

# धुरीको अभ्यासले मात्र प्रजातन्त्र दिगो र दरो हुँदैन

८ असोज २०५३

प्रजातन्त्र पुनस्थापना भएको सातौँ वर्ष पूरा हुँदैछ । योबीच धुरीमा संविधानका अत्यन्त महत्वपूर्ण अभ्यासहरू सम्पन्न भएका छन् । ५ वर्षको अन्तरालमा राष्ट्रिय जीवनमा

उथल पुथल ल्याउने संविधानका ती अभ्यासहरूले प्रजातन्त्रलाई सही गोरेटोमा डोऱ्याउँदै गरेको स्पष्ट छ । झन संसदको चालू दशौं अधिवेशनले विद्यमान स्थितिमा असम्भवप्रायः देखिएको संविधानको १२६ औं धाराको प्रयोग नेपालको भारतसँग भएको महाकाली एकीकृत विकास सन्धिलाई दुईतिहाई भन्दा बढी मतले अनुमोदन गरेर एउटा कीर्तिमान कायम गऱ्यो । यसले शैशव स्थितिको नेपाली प्रजातन्त्र परिपक्व प्रौढ स्थितिमा पुगेको अनुभव भैरहेको छ । यो खुशीको कुरा हो । तर यो धुरीको कुरा हो । प्रजातन्त्रको जग भनेको जनता हुन् र जनताको जीवन व्यवहारमा जबसम्म यो घुल्दैन तवसम्म प्रजातन्त्र सुदृढ भएको मान्न सकिँदैन ।

प्रजातन्त्र विधि विधानको व्यवस्था हो । विधि विधान देशकाल सापेक्षिक भएपछि त्यसको प्रयोग निरपेक्ष भावले हुनु पर्दछ । विविध विधानको क्रियान्वयन राष्ट्र सेवकहरूबाट हुन्छ । राष्ट्रसेवकलाई विधि विधानको क्रियान्वयननिम्ति आवश्यक नीति र निर्देशन जनप्रतिनिधिहरूले संस्थागत ढङ्गले गर्नु पर्दछ । वैयक्तिक वा दलीय लाभ-हानिको दृष्टिले विधि विधानको क्रियान्वयन हुनु हुँदैन । तर अहिले सर्वत्र राजनीतिको प्रभाव छ । कुनै आपराधिक घटना घट्छ । घटनाबाट पीडित पक्ष न्याय माग्दछ, अपराधी दण्डित होस् भन्ने चाहन्छ । तर त्यसो भैरहेको छैन । प्रहरी प्रशासन कुनै पनि घटनालाई घटनाको दृष्टिले मात्र नहेरेर, विशुद्ध भावले कानूनको प्रयोग नगरेर के को पछाडि के छ, को छ, कसले के भन्यो, को को के भन्छ जस्ता कुरा लिने, सकेसम्म न्यायिक प्रक्रियाबाट पन्छिने प्रवृत्ति पाइएको छ । पञ्चायतकालमा पञ्चहरू प्रशासन-प्रहरीलाई पङ्गु बनाउँथे भने अहिले पार्टी नेताहरू, सांसदहरू, स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिहरू पञ्च प्रवृत्तिकै पुनरावृत्ति गरिरहेका छन् । यसले गर्दा विधि विधान व्यवहारतः निष्प्रभ हुन गएको छ । अवसरको समानता वा प्रतिस्पर्धा भन्ने कुरा पनि व्यवहारमा पाइँदैन । तोक आदेशले नीति नियमहरू मिचिँदा छन् । यो व्यवहारले जनतामा प्रजातन्त्रप्रति भएको अनुरागलाई वितृष्णामा बदल्दैछ । दैनन्दिन व्यवहारका यस्ता कटु सत्यहरूले जनतामा प्रजातन्त्र घुल्न सकेको छैन । प्रजातन्त्रलाई जनताले आत्मसात नगर्दासम्म प्रजातन्त्र सुदृढ हुन सक्तैन र प्रजातन्त्र सुदृढ नहुँदासम्म प्रतिक्रियावादीले अस्थिरताको हल्ला पिटिरहन्छन् ।

# राष्ट्रवाद र राष्ट्रघात

११ असोज २०५३

सामान्यतया बोलीचालीमा राष्ट्र शब्द देशहरूको पर्यायको रूपमा प्रयुक्त भएको पाइन्छ । तर यो राष्ट्रको सङ्कीर्ण अर्थ हो । राष्ट्र शब्दले भूगोलको सीमालाई नाघेको हुन्छ, तर देश भूगोलको सीमामा सीमित हुन्छ । नेपाल देश हो, नेपाली राष्ट्र हो । राष्ट्र शब्दले यस अर्थमा जातित्वको बोध गराउँछ । जातित्वको मूल सम्झाउने एक देशीय समष्टि भाव राष्ट्र हो । राष्ट्रको श्रेय र प्रेयको निमित्त व्यक्त विचार र तदनुकूल सम्पादन गरिने क्रिया राष्ट्रवाद या राष्ट्रवादी हुन्छ । नेपाल र नेपाली जातिसँगको एकात्मभाव नेपाली राष्ट्रियता हो । यसरी नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको संरक्षण, संवर्धन, विकास एवं विस्तारनिम्ति व्यक्त गरिने विचार एवं सम्पादन गरिने क्रियाकलाप नेपाली राष्ट्रवाद हो ।



हिजोआज राष्ट्र, राष्ट्रियता, राष्ट्रवादी, अराष्ट्रिय, राष्ट्रघात र राष्ट्रघाती शब्दहरूको राजनीतिमा प्रचूर मात्रामा प्रयोग गरिएको पाउछौं । ०७ सालमा जनक्रान्ति भएर प्रजातन्त्रको प्रादुर्भाव भएपछि मुलुकमा राजनीतिक दलहरू बने । ०१७ सालमा राजाको सैनिक कारवाहीले प्रजातन्त्रलाई समाप्त पारे पनि भूमिगत रूपमा दलीय भावना जीवन्त रह्यो । राजाको सैनिक कारवाईको प्रवल विरोध गर्ने नेपाली काङ्ग्रेसले प्रतिबन्धित अवस्थामै राजाद्वारा स्थापित निर्दलीय पञ्चायत व्यवस्थाको विरुद्ध कहिले सशस्त्र विद्रोह, कहिले सत्याग्रह गर्दै ०४६ सालमा जनआन्दोलनको नेतृत्व गरेर बहुदलीय प्रजातन्त्रको पुनः स्थापना गर्न सफल भयो । प्रतिबन्धित अवस्थामा छँदा त्यो बेलाको सत्ता-पक्षले नेपाली काङ्ग्रेसलाई र अराष्ट्रिय तत्व घोषित गरेको थियो । नेपाली काङ्ग्रेसलाई अराष्ट्रिय तत्व भन्नेहरू आफूहरूलाई राष्ट्रवादी भन्ने गर्दथे । वस्तुतः कसैले आफूलाई राष्ट्रवादी अर्को अराष्ट्रिय वा राष्ट्रघाती भन्दैमा कोही राष्ट्रवादी या राष्ट्रघाती हुँदैन । राष्ट्रवादी र राष्ट्रघाती व्यक्तिको आचरणले देखाउँछ ।

अहिले प्रजातन्त्र स्थापित भएको छ । प्रजातन्त्रले प्रत्येक नागरिकलाई स्वतन्त्रता दिएको छ । आफू र आफ्नो समाजको हित-अहित सोच्ने, विचार अभिव्यक्ति गर्ने, अभिव्यक्त विचारका क्रियान्वयनका लागि सङ्गठित र क्रियाशील हुने स्वतन्त्रता हरेकलाई प्रजातन्त्रले प्रत्याभूत गरेको छ । तर स्वतन्त्रता असीमित हुँदैन । स्वतन्त्रताको अर्थ स्वच्छन्दता पनि होइन । सापेक्षिक धारणा र सापेक्षिक दृष्टिले प्रजातन्त्रको गुण दोष केलाइन्न । आफ्नो पक्ष-पोषणको अधिकार हरेकलाई हुन्छ, तर अर्कोको अस्तित्वलाई नै निर्मूल गर्ने दृष्टिकोण प्रजातान्त्रिक होइन । आफूले अरूलाई जे मन लाग्यो भन्ने, अर्काले आफूलाई भनेको सहन नसक्ने संस्कार पालेर शिष्टाचारका सीमा नाघ्ने प्रवृत्ति राजनीतिक दलहरूले आज पनि देखाइरहेका छन् । स्वतन्त्रताको दुरुपयोग भइरहेको छ, यहाँ कुनै राष्ट्रवादी पनि देखिएको छैन र राष्ट्रघाती पनि कोही छैन ।

# नेपालका राजनीतिक दलहरू - १

१५ असोज २०५३

नेपालको संविधान २०४७ ले बहुदलीय प्रजातन्त्रलाई संवैधानिक राजतन्त्र, संसदीय शासन पद्धति र जनताका मौलिक हकहरूसँगै अपरिवर्तनीय घोषित गरेको छ र शासन पद्धतिको आधार राजनीतिक दलहरूलाई बनाएको छ । नेपालमा शासन-पद्धतिमा परिवर्तन ल्याउन दलहरू सङ्गठित भए र ती दलहरूले नै क्रान्ति गरेर शासन व्यवस्था परिवर्तन गरे । ती दलका प्रतिनिधि समेत मिली बनाएको संविधानमा बहुदलीयतालाई अपरिवर्तनीय घोषित गर्नु सहजै बुझ्न सकिने कुरा हो । र, यो व्यवस्थामा दलहरूको भूमिका निर्विवाद रूपले अहम् प्रकारको छ ।

तर पछिल्लो पटक अर्थात् २०४६ सालमा आन्दोलन गरी परिवर्तनको संवाहक बनेका राजनीतिक दलहरू नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी), जसको व्यापक जनाधार भएको कुरा विगतका आम निर्वाचनहरूले प्रमाणित गरेका छन्, जनतामा भएको आफ्नो वर्चस्व र छवि अन्तरविग्रह र अहम्का कारण गुमाइरहेको अनुभव आम जनताले गर्न थालेका छन् । यो स्थिति प्रजातन्त्रका लागि

लडेका, प्रजातन्त्रप्रति सद्भावना भएका, यहाँ प्रजातन्त्र हुर्कोस्, फुलोस्-फलोस् भन्ने चाहना राख्नेहरूका लागि दुःखदायी कुरा हुनगएको छ ।

आफ्नो इतिहास र आदर्शले बहुमत प्राप्त गरी सत्तारूढ भएको नेपाली काङ्ग्रेस आफ्नो अन्तरविग्रहका कारण भएको बहुमतलाई ततेर्न नसकी मध्यावधिमा जाँदा पहिलो स्थानबाट झरेर दोस्रो स्थानमा गणितीय हिसाबले ओर्लनु पऱ्यो । अझै पनि त्यहाँ अनुशासनको समस्या छ । बहुमत नपाए पनि प्रतिनिधि सभामा सबैको भन्दा बढी आसन हासिल गरी प्रमुख प्रतिपक्षको प्रतिष्ठित हैसियत हासिल गरेको नेकपा एमाले-भित्र पुतपुत्ताइरहेको अन्तरविग्रहको भुङ्ग्रो महाकाली एकीकृत विकास सन्धिको अनु-मोदनको झोक्काले दन्किएको देखिएको छ । कम्युनिष्टहरू साङ्गठनिक अनुशासनमा लवस्तरा हुँदैनन् भन्ने कुरा झूटो हुनगएको छ । बहुमतको पार्टी निर्णय र पार्टी ह्वीपलाई पार्टीका वरिष्ठ भनिने नेताहरूले लत्याइदिएका छन् । पार्टी अहिले अनुशासन पर्वको सँघारमा उभिएको छ ।

सङ्घर्षको कालमा दलीय अनुशासनको त्यति ठूलो समस्या थिएन । अहिले शासकीय उत्तरदायित्व निर्वाह गर्ने भनौं या सुविधा भोग गर्ने अवस्थामा दलीय अनुशासन कायम गर्न कठिन भएको छ । शैशव स्थितिको प्रजातन्त्रको स्वस्थ विकासलाई प्रजातन्त्रका संवाहक बनेका जनताका शक्तिहरूको यस प्रकारको विघटनकारी विग्रहका स्थितिले जरुर चोट पुऱ्याएको छ भने यसको लाभ व्यवस्थाको आरम्भपछि सङ्गठित पूर्व पञ्चको दलले उठाएको र अब पनि ऊ लाभकै स्थितिमा बढ्दै गरेको मानिसहरू अनुभव गर्दैछन् ।

# नेपालका राजनीतिक दलहरू - २

१६ असोज ०५३

यहाँका प्रमुख भनिने पार्टीहरू नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र राप्रपा हुन् । यी सबै विग्रहजनित दोषले ग्रसित छन् । नवौं महाधिवेशनबाट नेपाली काङ्ग्रेसमा एकता भएको कुरा बताइन्छ तापनि जिल्ला जिल्लामा काङ्ग्रेसको सङ्गठन सुदृढ हुन नसकेको, नेतृत्वमा पुग्नेहरूले सङ्गठनलाई पेवा बनाउन कुनै कसर नराखेको शिकायत केन्द्रमा पुग्न थालेका छन् । मध्यावधिले एउटा बनेको थापा र चन्दको राप्रपालाई फुटाएर नेपाली काङ्ग्रेसलाई पछार्ने नेकपा (एमाले)को सपना विफल भएपछि आफूले सहमति जनाएर भएको महाकाली सन्धिलाई विफल पार्ने युक्ति निकाल्ने कसरत पनि नेकपा एमालेले प्रशस्त गऱ्यो । नगर्नुपर्ने कसरत गर्दा अहिले स्वयं अप्ठ्यारो स्थितिमा पुगेको छ र नेकपा (एमाले)भित्र विग्रहको मूल कारण बन्न गएको छ ।

परिवर्तनपछि संविधान बनेर प्रजातन्त्रको अभ्यास हुनलागेको ६ वर्षमा दलहरूका बीच र एउटै दलभित्र नेतृत्व सङ्गठन, कार्यकर्ता र निर्वाचित जनप्रतिनिधिबीचको अन्तर-सम्बन्ध, समन्वय र सामञ्जस्य स्थापित गरी राष्ट्रिय समस्या र सवालहरूको समाधान हुने कुरा परै छ, पारस्परिक अन्तरक्रिया र समझदारी जो हुनु पर्दथ्यो भइरहेको देखिँदैन । दलहरूका बीच र भिन्न भिन्न दलभित्रका नेतृत्व पंक्तिका बीचको द्वन्द्वले यहाँ बहुदलीय संस्कारको राष्ट्रिय चरित्र नै टुसाउन कठिन भइरहेको स्पष्ट भएको छ ।



दलीय पद्धतिमा दलकै सम्प्रभुता हुनुपर्ने हो । दलको हैकम र अदव दलका सबैखाले कार्यकर्ता-नेतालाई मान्य हुनु पर्ने हो । त्यो भइरहेको छैन, दललाई निहित स्वार्थमा उपयोग गर्ने प्रवृत्ति व्यापक देखिएको छ र यसले गर्दा दलहरू जति लोकप्रिय हुनुपर्ने हो भइरहेका छैनन् । दलमाथि व्यक्ति र वैयक्तिक प्रवृत्ति प्रभावी भएको छ । दल सङ्गठित संस्था हो । दलको उपादेयता आफ्ना सदस्यको स्वतन्त्रता र अन्य हकहरूको संरक्षण गर्नुको साथै उसको व्यक्तित्व विकासमा सहयोगी बन्नु हो । तर दलको सदस्य हुनासाथ व्यक्तिले अधीनता स्वीकार गर्नु पर्दछ र केही स्वतन्त्रता छोड्नु पर्दछ । तर यो कुरा निर्धा निमुखालाई मात्र लागू हुन्छ, बाठा-टाठाहरू आफ्नो अनुकूल नियमलाई अर्थ्याएर मन लागेको गर्ने गर्दछन् । त्यसैले यहाँ पार्टी सर्वसाधारणका लागि नभएर थोरै हुने-खाने रकमीहरूको बपौती बन्न गएको छ । त्यसैले घरीघरी पार्टीमा विभाजन र विवादहरू जन्मदै गरेका छन् र पार्टीहरू सुदृढ भएर जनतामा जरो गाड्न समर्थ भैरहेका छैनन् ।

# दशैं बजारः चासो र चर्चा

१७ असोज २०५३

समय चक्रले नेपाली घर आँगनमा वर्षभरिको ठूलो चाड बडा दशैं ल्याइपुऱ्याउँदैछ । अब त्यो आइपुग्न मुस्किलले १ पक्ष मात्र बाँकी छ । सरकारको आपूर्ति मन्त्रालयले दुनियाँको दशैंका लागि सोचेको छ भन्ने कुरा सातो दशदिन अगावै रेडियोले फुकि-सकेको छ । ७५ रै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा दशैं बजार व्यवस्था समिति बन्ने र त्यो समितिले दशैंको लागि आवश्यक उपभोग्य वस्तुको व्यवस्था गर्ने जानकारी आपूर्ति मन्त्रालयले दिएको छ । तर पोखरा जस्तो पश्चिमाञ्चल क्षेत्रको सदरमुकाम जस्तो ठाउँमा दशैं बजारको व्यवस्थाबारे के भइरहेको छ जानकारी दिइएको हामीलाई थाहा छैन ।

चाडबाड भन्ने कुरा हुनेले आफ्नो रोव-रवाफ प्रदर्शन गर्ने मौकाको रूपमा लिन्छन् र नहुनेले पनि आफ्ना बाल बच्चाको मन राख्न ऋण काढेर पनि गर्जो टार्ने उपाय गर्ने गर्दछन् । राम्रो लाउने, मीठो खाने, खेलबाड गर्ने यो चाड सबैले हाँसी खुसी बिताउन र त्यसका लागि आवश्यक उपभोग्य वस्तु सुलभ होऊन्, मौकाको फायदा लिने हिसाबले व्यापारीले चीजबीजको मनचाहे मोल नबढाऊन्, कसैले कसैको शोषण नगरून् भन्ने सबैको चाहना हुन्छ नै । त्यसैले दशैं बजारको चासो र चर्चा शहर बजार र गाउँ र जहाँतहीं घरघरै हुने गर्दछ ।

दशैं देवी दुर्गाको उपासना पर्व हो । दुर्गा पूजाको विशेषता भनेको 'बली' हो । अर्थात् दशैंको महत्व दुनियाँले मासुलाई दिएको हुन्छ । खसी, बोका, भेडा, च्याङ्ग्रा, हाँस, कुखुरा आदि जीव जन्तुको मासु, त्यसैलाई चाहिने घ्यू, तेल र मर मसला, चामल, चिनी आदि खाद्य सामग्री यो अवसरमा खास आवश्यक वस्तु हुन् । यिनको अभाव हुन भएन, सुपथ र सुलभ हुनुपऱ्यो । त्यसैका लागि दशैं बजारको आवश्यकता अनुभव गरिएको हो ।

राजधानीमा दशैंका लागि खसी-बोका खाद्य संस्थानले ल्याउँछ । अरू जिल्लामा त्यस्तो प्रबन्ध छैन । पोखरामा मुस्ताङबाट व्यक्तिहरूले भेडा च्याङ्ग्रा ल्याउँछन् ।

कछारतिरबाट पनि खसी बोकाहरू ल्याइने गरिन्छ । यसरी ल्याइएका ती खसी पाठाको मोल माग र पूर्तिको अर्थशास्त्रीय सिद्धान्तका आधारमा तय हुन्छ । उपभोक्ता धेरै देखिएर आपूर्ति कम देखियो भने खसी पाठा महँगा हुन्छन्, यसको विपरीत ज्यादा आपूर्ति र उपभोक्ताको भीड कम देखियो भने मासु सस्तो पर्दछ । बराजुका पालादेखिको यो चलन अहिले पनि यहाँ कायमै छ, यसलाई दशैं बजारले कहिल्यै छोएको छैन ।

सारतः दशैं बजार यहाँ नाम मात्रको हुन्छ । यो प्रचारकै मात्र विषय हो । दशैं बजार सङ्गठित भइहाले पनि सस्तोको नाममा सडेगलेका वस्तु बिकाउने अवसर बन्दछ र त्यसमा ठगिने गरीब-गुरुवा मात्र हुन्छन् ।

# पोखरा विश्वविद्यालय

१८ असोज २०५३

पोखरामा विश्वविद्यालय स्थापना गर्न विश्वविद्यालय विधेयक संसदमा सरकारले पेश गरेको छ । संसदबाट स्वीकृत भई श्री ५ को लालमोहर लागेपछि विधेयक ऐन बन्दछ र ढिलो-चाँडो अब पोखरामा विश्वविद्यालय स्थापना हुन्छ ।

आजभन्दा ४७ वर्षअघि जब कास्की जिल्ला होइन, पश्चिम ३ नम्बर–जसमा आजका कास्की, लमजुङ, तनहुँ र मनाङ ४ जिल्ला पर्दछन्–भरि केही भाषा पाठशाला–जसमा एकजना पण्डित हुन्थे–बाहेक एउटा पनि आजका जस्ता प्रा.वि., नि.मा.वि., मा.वि.जस्ता विद्यालय थिएनन्, पोखराको शुक्ला गण्डकीको किनार नारायण स्थानका पौवाहरूमा पब्लिक मिडिल स्कूल (निमावि) खोल्न जीउ-ज्यान दिएर लाग्ने महानुभावहरूले यो दिन सोचेका पनि थिएनन् होला । उनीहरूलाई त्यो स्कूल खोल्न तत्कालीन सरकारले रु. ५ हजार जम्मा गर्न राखेको शर्त पूरा गर्न उनीहरूलाई कैयौं महिना लागेको थियो र त्यो पनि नगद होइन उधारो वचनको विश्वासमा सरकारसँग स्कूल खोल्न अनुमति मागेका थिए ।

यो करिब ५ दशकको अन्तरालमा उच्च शिक्षामा निजी क्षेत्रको सहभागिता अधिकाधिक वृद्धि गरी कला, विज्ञान, व्यवस्थापन, कानून, शिक्षा तथा अन्य व्यावसायिक विषयमा गुणात्मक एवं स्तरयुक्त उच्च शिक्षाको अवसर सबै क्षेत्रका सर्वसाधारणलाई सुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित र प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन पोखरा विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भयो । आधा शताब्दी एउटा मानिसको सम्पूर्ण जीवन हो तापनि इतिहास र विकासक्रमलाई दृष्टिगत गर्दा शिक्षा क्षेत्रको यो विकास विकासको ठूलो फड्को मान्नु पर्दछ । जसले हिजोको त्यो अभाव भोगे र आजको यो उज्यालो पनि देखिरहेका छन् उनीहरूलाई यो फड्को एक प्रकारको आश्चर्य नै भएको मान्नु पर्दछ ।

०७ सालको परिवर्तनले ल्याएको विकासको लहर शिक्षामा सर्वाधिक आयो र पोखराले १ दशक अगाडिदेखि विश्वविद्यालयका सपना सजाउँदै आएको हो । आज त्यो साकार हुने स्थितिमा पुग्दैछ, यो सपनाको सुखद परिणति हो । विश्वविद्यालय जस्तो शिक्षाको शिखर संस्थाको प्रतिष्ठा शिखर स्थितिमा प्रतिष्ठापित गर्न व्यावसायिक सोच भन्दा माथि उठेर प्रौढ प्राज्ञिकताबाट निर्देशित र अनुप्राणित हुनु पर्ने वास्तविकता नजर अन्दाज गरिनु हुँदैन । समयको प्रवाहलाई सबैको सहयोगले निश्चित मार्गमा प्रवाहित गर्न सके फलदायी हुन्छ, कुनै वर्गविशेषले श्रेय लिने दुराग्रह राख्यो भने प्रवाहले गति लिन गाह्रो हुन्छ । त्यसैले विश्वविद्यालयको व्यवस्थापन पक्ष उदात्त, विवेकशील र प्राज्ञिक उच्चताको अनुरूप बनोस् हाम्रो शुभेच्छा छ ।



# निन्दनीय प्रवृत्ति - १

२२ असोज २०५३

पोखरामा आज दिनभरि जस्तै सार्वजनिक सवारीका साधन चल्न पाएनन् । पोखराको नगर बस सिन्डिकेटले नाका नाकामा बाटामा बसहरू तेर्स्याएर बाटो अवरुद्ध गऱ्यो । यसरी बाटो अवरुद्ध गरेपछि नगर बस त चलेनन्, चलेनन्, यहाँ ट्याक्सी पनि चल्न पाएनन् र सात बजेपछि पोखराबाट बाहिर जाने लामो रूटका बस पनि जान पाएनन् । नगर बसवालाहरूले यो काम महेन्द्रपुलमा ६.३० बजे एउटा बसको खलासी र एउटा यात्रुबीचको विवादले हात हालाहाल भएको कारण गरेका भन्ने खुलस्त भएको छ । विवाद चर्कन थालेपछि प्रहरीलाई खबर गर्दा प्रहरी समयमा नपुगेको, भीड एकत्रित भएको र यात्रु त्यही महेन्द्रपुलको खाद्यान्न व्यापारी भएकोले भीडले निजको पसलभित्र गएर सामान फ्याँक्ने गर्न लाग्दा प्रहरी पुगेर सो कार्य रोक्न खोज्दा प्रहरीमाथि पनि क्रुद्ध भीड जाइलागेकोले प्रहरीले लाठीचार्ज समेत गर्नुपरेको छिमेकीहरूले बताए । यो एउटा सामान्य घटना हो । तर यसले दिनभरिको सवारी साधनहरूको आवागमनलाई अवरुद्ध गऱ्यो र अराजकता प्रदर्शित गऱ्यो । साँझतिर यात्रुबाट बसवालालाई ११ हजार दिलाएर अघोषित र आकस्मिक चक्काजाम प्रहरीले खुलाएको बुझिएको छ ।

पोखरामा यसरी बाटो छेक्ने काम बसवालाहरूले गर्दै आएका छन् । कसैसँग कसैको झगडा हुन्छ, कुटपिट हुन्छ, त्यसको उपचारको पद्धति अलग छ र व्यवस्थित छ । तर त्यो बाटो नलागी सार्वजनिक आवागमन अवरुद्ध गरी दबाब दिएर आफ्नो साध्य हासिल गर्नु, त्यो दबाबलाई प्रहरी र प्रशासनले समस्याको समाधानको आधार बनाउनु कति न्यायसङ्गत हो भन्ने प्रश्न एकातिर उपस्थित छ भने अर्कोतिर कानून हातमा लिएर सार्वजनिक जीवनमा दखल दिने कामलाई प्रहरी प्रशासनले मान्यता दिएको प्रष्ट हुन्छ । जसले गर्दा समाजमा भीडतन्त्र प्रभावी भएर जसको लाठी उसको भैंसी भन्ने लोकोक्ति चरितार्थ भएको स्पष्ट हुन्छ जो प्रजातन्त्रको आदर्शको विपरीत हो । यसबाट विधिको प्रतिष्ठा भएर न्यायको सम्पादन भएको हुँदैन । यसबाट अराजक प्रवृत्तिलाई प्रोत्साहन हुन्छ । यसले शासनको अदव अनुशासन ह्रास हुँदै जान्छ र विश्वासको सङ्कट पैदा हुन्छ । यो शासनको शिथिलता हो । यसले समाजमा भय र आतङ्क सिर्जिन्छ । यस प्रकारको शासकीय शिथिलता सर्वथा निन्दनीय छ । कानून व्यवस्था बनाइराख्न जिम्मेदारी लिएर समाजमा भीडलाई प्रोत्साहित गरेर न्यायलाई निम्छरो पार्ने अनुत्तरदायी रवैया सर्वथा प्रजातन्त्रको प्रतिकूल हो ।

# निन्दनीय प्रवृत्ति - २

२३ असोज २०५३

हिजो पोखरामा जे भयो, नौलो होइन । पटक पटक यसरी बाटो छेकेर बसको साहु, चालक र कर्मचारीले आफ्नो कुरा प्रशासनलाई मनाउँदै आएका छन् । विनाकुनै सूचना आकस्मिक रूपमा सार्वजनिक आवागमन अवरुद्ध गर्नु, कानूनमा लेखेको होस् वा नहोस्, अन्यायपूर्ण र गैरकानूनी काम हो । नियम कानून तोड्ने दण्डित हुनु पर्छ । एउटा बसको कर्मचारी र यात्रुबीच भएको झगडाका कारण बाटो छेकेर आवागमन अवरुद्ध गर्दा कैयौं मानिसको के कति नोक्सान हुन्छ, के कस्तो मर्का पर्छ, प्रशासनले तिनको हितमा सुरक्षा गर्नु पर्दैन ? सार्वजनिक मार्गमा अवरोध खडा गर्ने जस्तो कुरा एकाएक हुनु सरासर कानून हातमा लिने कार्य हो । झगडाको निपटाराको यो बाटोलाई प्रशासनले प्रश्रय दिनु कानूनको व्यवस्थाको अवज्ञा हो र प्रजातन्त्रको दुरुपयोग हो । यस किसिमका हरकतहरूलाई प्रशासनले जहिले पनि दुरुत्साहित गर्नु पर्दथ्यो । तर भइरहेको छैन र न्याय र कानूनको मर्यादा भङ्ग भइरहेको छ ।

प्रजातन्त्रले मानिसलाई स्वतन्त्रता दिएको छ । परन्तु स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन । जे मन लागेको त्यो गर्न पाइँदैन । भीडको दबाबमा जबर्जस्ती हुन्छ । जबर्जस्तीमा न्याय मर्दछ । प्रशासनको काम समाजमा न्याय स्थापित गर्नु नै हो । जुनसुकै मूल्यमा पनि न्यायको स्थापना हुनु पर्दछ । हिजोकै मुद्दामा यात्रुले बसको कर्मचारीलाई पिटेको कुरामात्र हेरियो, यात्रुको पक्ष पनि हुँदो हो उसको कुरा किन सुनिएन ? बसका मानिस सङ्गठित थिए, न्यायिक प्रक्रियाको बाटो छोडेर कानून हातमा लिदै सार्वजनिक आवागमन अवरुद्ध गरे । उनीहरूसँग प्रशासन डरायो र उनीहरूको कुरा सुनियो । तर यात्रु असङ्गठित थियो । ऊ जस्तै हजारौं लाखौं यात्रु भए पनि उ निरीह थियो त्यसैले उसको नोक्सान पनि भयो र उ दण्डित पनि भयो । विधिको शासनमा भीड, पाखुरा र पैसाको प्रभुता हुनु हुँदैन । गैरकानूनी हरकत गर्नेहरूलाई यो कानूनको प्रतिकूल हो, यस्तो गर्न हुँदैन भनेर सके सम्झाएर नसके बल प्रयोग गरेर पनि ठाउँमा ल्याउनु र सही बाटोमा हिँडाउनु प्रहरी प्रशासनको काम थियो । यसो भए मात्रै, न्यायको रक्षा हुन्थ्यो । त्यो कर्तव्य पूरा भएको देखिएन । निहित स्वार्थका लागि कसैले गैरकानूनी हरकतद्वारा सार्वजनिक जीवनमा दखल दिन्छ भने सार्वजनिक हितका लागि ठीक ठाउँमा ल्याउन कठोर कदम पनि प्रशासनले लिनु पर्दछ । तर त्यो बाटो जटिल र खतरापूर्ण भएकोले प्रशासकहरू हिँड्न हिच्किचाउँछन् ।

प्रशासनलाई सही बाटोमा हिँडाउन राजनीतिक दलहरूले स्वस्थ राजनीति गर्नुपर्दछ र जनता पनि जागरूक हुनु पर्दछ । राजनीतिक दलहरू भोटको राजनीतिको पछि लागेका छन्, त्यसैले राजनीति दूषित भइरहेको छ । जनता अझै जागरूक भइसकेको छैन । प्रजातन्त्र, न्याय र नैतिकताका कुरामा जनता उदासीन नै देखिन्छ । त्यसैले प्रशासन प्रहरी जसरीतसरी जागीर जोगाउने, जीउने प्रयत्नमा रत छन् त्यसैले कानूनको मर्यादा, न्यायको प्रतिष्ठाका लागि हामीले राष्ट्रको सिन्दूर पहिरेको हो, यसका प्रति निष्ठावान हुनु पर्दछ भन्ने कुरालाई उपेक्षा गर्न पनि लज्जाको अनुभव गरिरहेका छैनन् । यो साह्रै दुःखद स्थिति हो ।



दण्ड प्रक्रिया समुचित ढङ्गले जीवन्त बनाएर न्यायको जगेर्ना गर्नु राज्यको प्रथम र पुनीत कर्तव्य भएको कुरा मनुदेखि आजसम्मका पौर्वात्य-पाश्चात्य नीतिकार बताउँछन् । तर वर्तमानमा यहाँ नीति होइन अनीति नै क्रियाशील रहेको र दण्ड प्रक्रिया फितलो भई न्यायको अहित भइरहेको अनुभव आम रहेको छ । त्यसैले यहाँ विश्वासको सङ्कट छ ।

# विकेन्द्रीकरणको चर्चा

२४ असोज २०५३

विकेन्द्रीकरणको चर्चा आजको होइन, पञ्चायत कालमा यसको प्रचार-प्रसार निकै भएको हो । सम्भवतः त्योभन्दा अघि पनि पहिलो निर्वाचित सरकारले विकेन्द्रीकरणलाई लक्ष्य बनाएको थियो । त्यो बेलादेखि अहिलेसम्म सरकारका प्रधानमन्त्री र मन्त्रीहरू विकासलाई विकेन्द्रीकरणद्वारा जनताको घरदैलोसम्म पुऱ्याउने कुरा आफ्ना भाषणमा गरेर थाकेका छैनन् । तर न विकेन्द्रीकरण हुन सकेको छ न विकास नै गाउँ-घरमा पुग्न सकेको छ ।

जनसाधारण विकेन्द्रीकरण भन्दा के बुझ्दछ, हामी जान्दैनौं । तैपनि जनताको काम गर्ने जिम्मेदारी काँधमा बोकेका जनप्रतिनिधिहरूले यसको अर्थ र आशय अवश्य बुझेको हुनुपर्छ भन्ने हामी ठान्दछौं । किनभने उनीहरू आफ्नो ठाउँको सार्वजनिक उपयोग र आवश्यकताका कुराहरू, जस्तो बाटो, घाटो, पानी पनेरो, शिक्षा, स्वास्थ्य, बाँध, पैनी, नहर, कुलाहरू र अन्य यस्तै सार्वजनिक हितका काम कुराको विकास, निर्माण, सम्भार, आदि जिम्मेदारी र यी विषयमा आवश्यक सीमासम्म निर्णय गर्ने अधिकार राज्यले स्थानीय निकाय–गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरू–ले पाउनु पर्छ भन्ने माग गर्दछन् र सरकार (राज्य)ले पनि दिने हो दिने हो भनिरहेको छ, न त्यो अधिकार दिनेले पूरा मात्रामा दिएको छ, न पाउनेले पाएका छन् । केवल प्रचारमा मात्र विकेन्द्रीकरण छ ।

प्रजातन्त्रको पुनस्थापना भएको पनि ७ वर्ष भइसकेको छ । यसबीच स्थानीय निकायहरूको एक कार्यकाल करिब-करिब बितिसकेको छ र पुरानै रङ्गरूप भए पनि नयाँ दलीय पद्धतिअनुसार आएका निकायहरू अधिकारका लागि बढी सचेष्ट भई त्यो प्राप्त गर्न प्रयत्नशील छन् । त्यसैले अब सरकार स्थानीय निकायलाई उनीहरूलाई आवश्यक निर्णायक अधिकार दिन वचनबद्ध भएको छ । नयाँ निर्वाचनबाट खडा हुने स्थानीय निकायहरूले उनीहरूले खोजेको अधिकार पाउने आशा गरौं र यो पाए भने विकेन्द्रीकरण हुनेछ ।

विकेन्द्रीकरण अति आवश्यक कुरा हो र त्यो शीघ्रातिशीघ्र हुनुपर्दछ भनेर हामी पनि भन्दछौं । तर विकेन्द्रीकरण हुँदैमा अर्थात् स्थानीय निकाय अधिकार सम्पन्न हुँदैमा सबै कुरा ठीक नै हुन्छ भन्न सकिँदैन । खाने मुखलाई जुँगाले छेक्दैन र नाच्न नजान्नेले आँगन टेढो भन्दछन् भन्ने कहावत हामीले सुन्दै आएका छौं । जहाँ इच्छा हुन्छ, त्यहाँ उपाय पनि निस्कन्छ नै । विकासनिम्ति विकेन्द्रीकरण एउटा नारा नै हो । अर्को कुरा अधिकार पाउँदैमा त्यसको सदुपयोग नै होला भनेर भन्न पनि त सकिँदैन । उपलब्ध अधिकारको दुरुपयोग भएको खण्डमा अधिकार नहुँदाभन्दा पनि खराब परिणाम पनि त हुन सक्तछ । त्यसैले चेतनाको विकास र कर्तव्यबीच आज विकेन्द्रीकरणभन्दा पनि

महत्वपूर्ण हुनगएको छ । यसो भनेर विकेन्द्रीकरणको महत्वलाई न्यून देखाउन खोजिएको होइन । आज सबै अधिकारको मात्र चासो राख्ने र कर्तव्यको चिन्ता नगर्ने प्रवृत्ति विकसित भएर प्रजातान्त्रिक संस्कार विकसित हुन नसक्नुबाट प्रजातन्त्रकै दुरुपयोग हुन थालेकोले यस्तो चिन्ता हुनु अकारण होइन । त्यसैले विकेन्द्रीकरणका साथै जनतामा चेतना र जागरण ल्याउने प्रयास पनि साथसाथै चल्नु आवश्यक हामी ठान्दछौं ।

# नवौं योजनाको अवधारणा

२५ असोज २०५३

नेपालले योजनाबद्ध आर्थिक विकासको अभियान आरम्भ गरेको ४० वर्ष पूरा हुँदैछ । अहिले मुलुकमा आठौं योजना चालू छ र आउँदो आर्थिक वर्षदेखि नवौं योजना अवधि शुरु हुन्छ । राष्ट्रिय योजना आयोगले नवौं योजनाको धारणा के बनाउने भन्ने विषय संसदका माननीय सांसदसँग क्षेत्रगत आधारमा विचार विमर्श गरेको छ । विकास गाउँमा पुग्नु पर्ने, आर्थिक विकासका निमित्त स्रोत-साधनको परिचालनमा क्षेत्रीय सन्तुलनलाई ध्यान दिनु पर्ने, आठौं योजनासम्मका योजनाहरू आफ्नो लक्ष्यमा विफल रहेका र अब बन्ने योजना असफल नहोस् भन्ने आशय सांसदहरूको रहेको छ ।

संवत् २०१३ देखि नेपालले आर्थिक विकासको योजनाबद्ध प्रक्रिया शुरु गरेको हो । त्यो बेला र अहिले विकास र योजनाबारे सोचमा प्रशस्त फरक आएको छ । त्यो बेला योजना भन्दा पूर्णतः सरकारी योजना हुन्थ्यो । अनि योजना बन्दा निर्देशन र नियन्त्रण पनि साथै हुन्थ्यो । र, विकास भनेको स्कूल खोल्नु, बाटो बनाउनु, बाँध, नहर कुलो पुल इत्यादिको निर्माण भन्ने सोचिन्थ्यो । निजी क्षेत्र भन्ने र जनताको जीवनस्तर उकास्न रोजगारीका अवसर सिर्जना गर्ने जस्ता कुरा त्यो बेला थिएनन् । हुन त बिजुली, बाटो, विद्यालय, पानी जस्ता कुराहरू विकासका पूर्वशर्त नै हुन् । यिनलाई विकासको पूर्वाधार भनेर मानिएको छ र यिनको विकास नभै आर्थिक विकासको अभियान अघि बढ्न सक्तैन । पहिलेको अपेक्षा यी सबै कुराको अहिले धेरै विकास भएको छ तापनि आवश्यक मात्रामा हुन सकेको छैन र चाहिने जस्तो पनि भएको छैन । अनि जे जति पूर्वाधारको विकास हामी देख्दछौं त्यो पनि असन्तुलित छ । हिमाली भेक र पश्चिमका २ क्षेत्र मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल पूर्वाधार विकासको दृष्टिले धेरै पछाडि छन् । समयको चुनौती अहिले पूर्वाधारको विकास मात्र भएन, जनताको जीवनस्तर उठाउने, इलम रोजगार बढाउनु पर्ने र त्यसका लागि परम्परागत कृषि व्यवसायमा उन्नत प्रविधिको प्रयोग र व्यावसायिक सोच दिनुभएको छ ।

अहिले आचार-विचार, मूल्य-मान्यता, आय-व्यय, रुचि, आवश्यकता आदि हरेक कुरा सङ्क्रमणको स्थितिमा छन् । परम्परागत आचार, व्यवहार आदि हरेक कुराले आफ्नो पुरानो स्थिति गुमाएका छन्, नयाँ रीत-रोह बसिसकेको छैन । यो अवस्थामा सम्पूर्ण नेपाली समाजलाई सोच विचार व्यवहारलाई नयाँ दिशा दिने सोच र कार्यक्रम दिने शिव सङ्कल्प नै नवौं योजनाको अवधारणा बन्नु पर्दछ भने हामी ठान्दछौं । वस्तुतः वर्तमानमा देखिएको चारित्रिक ह्रासको उपचार गर्ने र शेष दुनियाँसँगको संसर्गले बढेको आकांक्षालाई सन्तुष्टि दिने विकास आजको आवश्यकता हो । यसैलाई २१औं शताब्दीको



हाँक पनि भन्न सकिन्छ । यो हाँक कुनै स्थान विशेषको मात्र नभै मेची, महाकालीको र आजको योजनाको अवधारणा यसैले निर्देशित हुनु पर्दछ ।

# नव दुर्गा (दशैं)

२७ असोज २०५३

आजदेखि नव दुर्गा लाग्यो । नव दुर्गालाई नौरथा र नवरात्री पनि भनिन्छ । नव दुर्गामा नौ दिनसम्म दुर्गा अर्थात् शक्तिको उपासना अर्चना हुन्छ । नवरात्री अरू पनि होलान् तर शरद ऋतुको नवरात्री हिन्दू नेपालीले विशेष रूपमा मनाउँदछन् । यो हरेक वर्षको आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म हुन्छ । चाडको रूपमा यसलाई दशैं भन्दछन् ।

हिलो-मैलो वर्षा ऋतुको समाप्तिपछि शरदले प्रकृतिमा ल्याउने सुषमाले प्राणी मात्रमा एक प्रकारको उमङ्ग तरङ्गित हुनु अस्वाभाविक होइन । त्यही उल्लासमय प्राकृतिक वातावरणमा हुने यो शक्ति उपासना पर्वको हिन्दू नेपालीहरूमा ठूलो महत्व रहिआएको छ । यसलाई उनीहरू वर्षभरिको ठूलो चाडको रूपमा मनाउँदछन् । पर्व शक्ति उपासनाको भएकोले यसमा बलिको विशेष महत्व छ । शक्तिलाई बलि चढाएको पशु पंक्षीको मासु प्रसादको रूपमा खाने चलन रूढ भएर यी दिनमा मासु खानु-खुवाउनुलाई नै विशेष महत्व दिइँदै आएको देखिएको छ । दशैंको महिमा मासु, भेटघाट र खेलबाडमा रहेको छ ।

चाड भनेपछि लगाउने र खाने समय हो भन्ने समाजको मान्यता छ । लगाउने खाने त मानिस अघि-पछि पनि गर्दछ, तर चाडको लगाउने-खाने भनेको विशेष हुनु पर्ने स्वतः सिद्ध हुन्छ । अघिपछि दाल-भात, ढिँडो-गुन्द्रुक जे जुर्दछ, त्यसैले निर्वाह गर्नु पर्दछ तर दशैं आएपछि मीठो-मसिनो चाहियो । त्यसैले चाडवाडमा मानिसको खर्च बढ्दछ । हुनेले बढ्दो खर्च सहजै गर्ला, अझ उसले यो अवसरलाई आफ्नो वैभव प्रदर्शनको रूपमा लेला र आडम्बर गर्ला । कसैले पातको साँगु गरेर चाडलाई भनेर जोगाएर राखेका होलान् र खर्च गर्लान् । तर बहुसङ्ख्यक जनता जसलाई हातमुख जोर्न धौ धौ छ; उनीहरूलाई दशैं, दशैं नभएर दशा भइदिन्छ । सामाजिक विषमताको कारण यो खुशीको चाड थोरैले खुशीले मनाइरहेका छन् भने धेरैले दुःखले मनाउनु परिरहेको छ ।

अतएव शक्ति उपासना पर्वको आरम्भमा दुर्गा भवानीसँग सामाजिक विषमताजनित दारिद्र्य-दुःख निवारण गरी समृद्धि प्राप्त गर्न मानव जातिलाई दुर्गा भवानीले प्रेरणा र शक्ति प्रदान गरून् भनी कामना गर्दछौं ।

# जनताको गुनासो

३० असोज २०५३

प्रजातन्त्र आएपछि सरकारले आफू भएको अनुभूति जनतालाई दिन सकेन भन्ने व्यापक जनगुनासो पाइएको छ । हुन त सङ्क्रमणको अवस्थामा फाटफुट अराजकताको आभास हुनु अस्वाभाविक होइन । तर सङ्क्रमण काल भनेर कति समयलाई मान्ने आजको

अदव-अनुशासनका फाँटमा विद्यमान शिथिलतालाई देखेर प्रश्न उठ्नु नितान्त सहज एवं स्वाभाविक छ । दैनिक जीवनका कुनै पनि क्षेत्र यस्तो छैन, जहाँ चुस्ती तन्दुरुस्ती पाइयोस् । खासगरी सरकारले आफ्नो शासनको औजार भृत्यतन्त्रलाई ठीकसँग चलाउन नसकेको, जसको कारण अनियमितता, भ्रष्टाचार, काम-चोरी, ढिलासुस्ती जस्ता ऐन-नियमको अवज्ञा गर्ने प्रवृत्ति मौलाउँदो अवस्थामा देखिएको छ । यसबाट सम्पूर्ण समाज नराम्ररी प्रभावित भएकोले जनताले उक्त गुनासो प्रकट गरिरहेका छन् ।

सचिवले मन्त्रीलाई टेरेका छैनन्, सचिव मुनिकाले सचिवको निर्देशनलाई टेरेको छैन । यो क्रम झर्दै-झर्दै मोफसलका हाकिमलाई तिनका कारिन्दाले टेरेका छैनन् । यसले गर्दा एक दिनमा हुने काम दश दिन धाउँदा पनि बनेको छैन । मन्त्री प्रधानमन्त्रीका कानमा यी कुरा नपुगेका छैनन् । उनीहरू निर्देशन त दिन्छन् जनताको काम फटाफट गरिदेऊ नभुलाऊ भनेर, तर त्यो सुनिएको आभास भएको छैन । काग कराउँदैछ, पिना सुक्तैछ । यो किन भइरहेछ, यसको निदान के हो ? यसको अन्वेषण अनुसन्धान तुरुन्त नभए प्रजातन्त्रको लोकप्रियतामा आघात पुग्ने स्पष्ट छ । जनताका प्रतिनिधिले गरेको शासनमा जनता पिरिने, पिसिने, र शोषिने हुन्छ भने विपन्न र निरक्षर जनता कहिलेसम्म प्रजातन्त्रको समर्थन गर्ला, विचारणीय कुरा हो ।

ऐन-नियम मिच्ने र अदव अनुशासन भङ्ग गर्ने कुरा सामान्यतः सर्व साधारणको हिम्मतको कुरा होइन । जब धुरी चुहिन्छ, अनि जग पनि भत्कन थाल्दछ । सरकारको माथिल्लो तहबाट नै भ्रष्टाचार तल झरेको अनुमान निराधार होइन । यो ठीक नभए-सम्म अदव-अनुशासन कायम हुन सक्तैन । भ्रष्टलाई ठीक गर्ने उपाय दण्ड नै हो । दण्ड शिथिल हुनासाथ समाजमा वितण्डा शुरु हुन्छ । वितण्डाले न्याय प्रभावित हुन्छ । जब अन्याय हुन्छ, जनता कराउन थाल्दछन् । अन्यायको पीडा असह्य हुन्छ । त्यसैले सत्ता सम्हाल्ने मानिसले समाजमा न्याय स्थापित गर्न दण्डलाई सजग र सक्रिय राख्नु पर्दछ । दण्डको प्रयोगमा निष्पक्षता हुनै पर्छ । अहिले दण्ड क्रियाशील भएको अनुभव गर्न सकिएको छैन । जहाँ दण्ड निष्क्रिय हुन्छ, त्यहाँ दण्डाधिकारी या त निष्पक्ष छैन या भीरु छ भन्ने स्पष्ट हुन्छ । दण्डाधिकारीको भीरुता थाहा पाएपछि समाजमा विरोधी स्वार्थीतत्व समाज व्यवस्थामा क्रियाशील हुन्छ र जनता पीडित हुन्छ । जसको लट्ठी उसको भैँसी भन्ने जङ्गलको कानून यस्तो स्थितिमा लागू भएको अनुभूति जनतालाई लाग्नु अस्वाभाविक होइन । त्यसैले जनता यो गुनासो गर्दैछन् ।

# सारङ्गी पेट र खाद्य दिवस

१ कार्तिक २०५३

उत्पादन बढाऔँ कुपोषण हटाऔँ भन्ने नाराका साथ विश्व खाद्य दिवस मनाइयो । नेपालमा पनि यस दिवसका उपलक्ष्यमा विविध कार्यक्रमहरू आयोजित भए । प्रधानमन्त्री शेर बहादुर देउवाको सन्देश प्रसारित गरियो, साथै कृषि मन्त्रीको पनि । यस्ता दिवस, सन्देश र वास्तविकताबीच धेरै अन्तर हुने गर्दछ । खाद्य मानिसको प्राथमिक आवश्यकता नै हो र अति महत्वपूर्ण कुरा हो । यस्तो महत्वपूर्ण कुरामा विश्व स्तरमा सोच-विचार एवं कार्य हुनु आवश्यक छ ।



तर खाद्य उत्पादनको क्षेत्र कृषि हो । कृषिको उत्पादकता धेरै कुरामा निर्भर हुन्छ । कृषिलाई प्रभावित गर्ने सबैभन्दा ठूलो कुरा मौसम हो । मौसमको अनुकूलता र प्रतिकूलता मानिसको हातमा छैन । मानिसको बशमा भएका कुरा मानिसले इमानदारीसाथ गर्दिएमा हुनसक्ने धेरै कुरा भइरहेका छैनन् । सरकारको कृषिको उत्पादकत्व वृद्धि गर्ने आज-सम्मका प्रयत्नहरू त्यति सफल देखिएका छैनन् । खासगरी नेपालको सन्दर्भमा कृषिको उत्पादनमा वृद्धि गर्नु अति आवश्यक कुरा भएको छ । नेपालको कृषि आज पनि मनसुनमा निर्भर रहेको, कृषि प्रविधि पुरानै रहेको र कृषकहरूको अज्ञानता मूल समस्या छन् । सरकारले अरबौं रकम वर्षेनी कृषिमा खर्च गर्दछ, तर त्यसको उपलब्धि त्यति सन्तोष-जनक देखिएको छैन । 'उत्पादन बढाऔँ, कुपोषण हटाऔँ' नारासाथ मनाइएको विश्व खाद्य दिवसका अवसरमा कृषिको उत्पादकत्व वृद्धि गर्न औपचारिकता मात्र पर्याप्त नहुने स्मरण गराउनु समीचीन सम्झनु पर्दछ ।

अर्को कुरा, खाद्य-भण्डार परिपूर्ण भए पनि त्यसको उपभोग जनताको क्रयशक्ति नभएमा हुनै सक्तैन । जनता गरीब छन्, बेरोजगार छन् । उनीहरूलाई रोजगारी सुलभ बनाउनु आजको चुनौती हो । जनताको पुस्तैनी गरीबी, अज्ञान, अशिक्षाले ग्रस्त समाज विपुल खाद्य भण्डार भएर पनि उपभोग गर्न असमर्थ हुन्छ । विपन्न मुलुकहरूमा मानिस अनिकालले, भोकले मर्दै गरेको बेला सम्पन्न देशले पहाडका पहाड खाद्यान्न समुद्रमा फ्याँकेका, उत्पादनको दाम बढाउन जमिन बाँझो राख्ने गरेका उदाहरण पनि छन् । त्यसैले आर्थिक विषमताले जति भोक र कुपोषणको स्थिति बनाएको छ, त्यति अरू केही पनि गरेको छैन । सारङ्गी पेटले खाद्य दिवसको सार्थकता देख्दैन ।

# दशैंको बिदाइमा

११ कार्तिक २०५३

हरेक मानिस सुखको खोजीमा तल्लीन देखिन्छ । सुख नामको वस्तु यो दुनियाँमा देखिएको छैन । अतएव 'सुख'को पछि मानिस सृष्टिको आरम्भदेखि नै लागि परेको छ र अनन्त-सम्म पनि यो क्रम जारी नै रहनेछ ।

सुख भाव हो । यो अनुभव गरिन्छ । अतएव जीवन-व्यापारबाट उपलब्ध हुने तृप्तिको भाव नै सुख हो । जीवनलाई जीवनको चाहना हुन्छ । हावा, पानी र खाद्यवस्तु जीवन व्यापारका वस्तु हुन् । प्रकृतिले जीव-जगत्लाई यी जीवन व्यापारका वस्तुहरू धरतीमा उत्पन्न गरिदिएको छ । मानिस पनि प्रकृतिकै उपजमध्येको हो । मनिसको सुखको खोज पनि प्रकृत कुरा नै हो ।

प्राणी जगत्मा मानिस मात्र प्रकृतिको एउटा यस्तो सिर्जना भयो जो प्रकृत-व्यवस्थामा सन्तुष्ट रहन सकेन । उसको असतुष्टि भनौं या सुखको खोजले मानिसलाई आजको स्थितिमा ल्याई पुऱ्याइएको छ । आजको स्थिति जति सुखद छ त्योभन्दा बढी दुःखद पनि छ । सुखको खोजको सन्दर्भमा यो स्थिति जति आशाप्रद छ त्योभन्दा बढी नैराश्यपूर्ण पनि देखिएको छ । किनभने मानिसले खडा गरेको समाज व्यवस्थाले समाजमा समता होइन विषमता बढाएको छ । भेदभाव सिर्जना गरेको छ । आर्थिक विषमता र मानिस मानिसका उचनीचको भेदभावले र मानिसका सिर्जनाहरूले मानिसका

सभ्यता र संस्कृतिलाई समेत चुनौती दिइरहेका छन् । त्यसैले यो इतिहासको अत्यन्त सोचनीय अवस्था हो ।

यस्तो सोचनीय अवस्थामा दुनियाँको दरिद्रतम देश नेपालमा शक्ति उपासनाको रूपमा वैभव प्रदर्शनी र उपभोगबाट सुखको अनुभूति लिन यो वर्षको उपक्रमको इतिश्री भएको छ । यो भौतिक जगत्मा वैभवशालीहरूले सम्पन्नताको सुख कति लिन सके त्यो उनीहरू नै जानून् । विपन्नहरूलाई संस्कृतिको निर्वाहनिम्ति हुनेहरूकहाँ हात पसार्नु पर्ने बाध्यता जहिलेसम्म रहिरहन्छ उनीहरूले दशैंको प्रमादमा सुखको अनुभव गर्न सक्दैनन् । कसैलाई पनि दशैंले दशाको अनुभूति नदेओस्, यसतर्फ सचेत समाजको ध्यान जानु पर्दछ । अनि मात्र शुभकामना सार्थक होला ।

# पोखरामा उद्योग

१२ कार्तिक २०५३

घरेलु तथा साना उद्योग कार्यालयले यहाँ दर्ता भएका मध्ये थोरैमात्र उद्योग चलेका छन् भन्ने जानकारी दिएको छ । उसले दिएको जानकारीअनुसार गत आर्थिक वर्षसम्ममा यहाँ जम्मा २,९९९ उद्योग दर्ता भएका थिए । यी सबै उद्योग चलेका भए रु.२ अर्ब ३० करोड पूँजी लगानी हुन्थ्यो, ३८ हजार ४१९ जनाले रोजगारी पाउँथे र ५ अर्ब ५८ करोड ८४ लाख बराबरको उत्पादन हुन्थ्यो । तर अहिले दर्ता भएका उद्योगमा तीन खण्डको एक खण्ड मात्र चलेका छन् । उद्योगको फाँटमा यो आशाजनक सूचना होइन । ठूला र मझ्यौला खाले उद्योगको त यहाँ कुरै छैन, साना एवं घरेलु उद्योग पनि चल्न नसकेको वास्तविकता यो सूचनाले दर्शाएको छ ।

वस्तुतः उद्योग चल्न-चलाउन धेरै कुरा पुग्नु पर्दछ । प्रथमतः उत्पादनका लागि कच्चा पदार्थको उपलब्धता, दक्ष एवं अर्धदक्ष श्रमको सुलभता, उर्जा इन्धनको प्राप्यता, पूँजी र व्यवस्थपकीय दक्षता भएको कुशल सङ्गठनकर्ता हुनु उद्योगको निमित्त प्राथमिक कुरा हो भने उत्पादित वस्तुको बजार सुनिश्चित हुनु उद्योगको अर्को अत्यावश्यक कुरा हो । औद्योगिक दृष्टिले ठूला उद्योगहरूको सम्भावना पोखराको भौगोलिक स्थितिले कम भए पनि घरेलु र साना उद्योगहरूको सम्भावना भने यहाँ नभएको होइन । चामल, तेल, बिस्कुट, नुडल्स, सिमेण्ट ब्लक, वनस्पति उद्योगहरू यहाँ स्थापित भैसकेका देखिएका छन् । निर्माण व्यवसाय गर्ने ठेकदारी फर्महरू र केही सेवा व्यवसाय गर्ने फर्महरूले बैंक कर्जाको लागि उद्योगको रूपमा फर्म दर्ता गरे पनि त्यस्ता फर्महरूलाई उद्योगको कोटीमा गणना गर्नु युक्तिसङ्गत हुँदैन । पर्यटनको क्षेत्रको रूपमा पोखरा परिचित हुँदै गएको सन्दर्भमा पर्यटकलाई उनीहरूको खाँचो पूरा गरेर आय आर्जन गर्ने उद्देश्य लिएका होटल, लज, रेष्टुराँ र बारहरू उद्योगको नाममा दर्ता गरिएका होटल, लज, बार उद्योगको श्रेणीमा आउँदैनन् । स्थानीय बजारलाई दृष्टिगत गरी सानो पूँजी आफ्नै सीप र श्रम उपयोग गरिने साना-तिना उद्योगहरू पनि यहाँ विकसित भैरहेका छैनन् । मानिसमा अझै पनि औद्योगिक चेतना आउन सकेको छैन । सजिलोसँग पैसा कसरी आउँछ, पैसाले पैसा चाँडो कसरी तान्दछ त्यतातिर मानिसको ध्याउन्न छ ।



हुर्कौंलो शहर पोखराको आवादी तीव्र रूपमा बढ्दो छ । शहरको सानो बजार क्षेत्रलाई छाडेर ठूलो क्षेत्र अझै ग्रामीण परिवेशमा नै गुज्रिरहेको छ । तर त्यहाँ पनि शहरी आकांक्षा र आवश्यकता उम्रिएर झाङ्गिइसकेको छ । आय आर्जनका उपायहरू भने अझै पुग्न सकेका छैनन् । मानिसको सोचाइमा आन्दोलन छ, तर त्यसले सही बाटो लिन सकेको छैन । उनीहरूको पारम्परिक पेशालाई व्यावसायिक हिसाबमा चलाउने सोच उनीहरूमा विकसित गर्नु आजको खाँचो हो । पोखरा नगरको सेरोफेरोमा गाउँहरूमा पनि व्यावसायिक चेतना जगाउनु जरुरी भैसकेको छ । व्यावसायिक चेतना यसरी फैलाउन सकेमा साना र घरेलु उद्योगहरू पनि फस्टाउन सक्दछन् । पोखरामा उद्योग भन्नु नै साना र घरेलु उद्योग नै हो । त्यसको विकास र विस्तारका लागि नयाँ सोच, नयाँ व्यवस्था, नयाँ प्रविधि, नयाँ यन्त्र-उपकरणको प्रयोगको दिशामा ठोस प्रयत्नको आवश्यकता छ । त्यसतर्फ स्थानीय निकायहरूका निर्वाचित प्रतिनिधिहरू राजनीतिक दलका नेता एवं कार्यकर्ताहरूले निहित राजनीतिक स्वार्थभन्दा माथि उठेर आर्थिक क्रन्तिको निमित्त प्रयत्न गर्नु पर्दछ । पोखरामा साना र घरेलु उद्योगहरूको विकासको सम्भावना बलियो छ, उज्यालो छ ।

# श्रम बजारको यो विरोधाभास

१५ कार्तिक २०५३

नेपाल दुनियाँको दरिद्रतम देशमध्ये एक हो । यहाँ बेरोजगारी ठूलो परिमाणमा भएको बताइन्छ । रोजगारी खोज्दै मुगलान पस्ने परम्परा आजको होइन । भारतका आसाम जस्ता विकट ठाउँमा गई खेतीपाती व्यापार गर्नेदेखि लिएर ठूला शहरहरूमा होटेलमा भाँडा माझ्ने, चौकिदारी गर्ने जस्ता धन्दामा प्रशस्त नेपालीहरू भिजेका छन् । पहिले त्यतातिर औपनिवेशिक शासन छँदा वर्मा, बङ्गलादेश, पाकिस्तान आदि मुलुकहरूमा नेपालीहरू काम र मामका लागि पुग्ने गरेको यथार्थ ताजै छ । हिजोआज थोरै समयमा धेरै कमाइ गर्न खोज्नेहरू लाखौं खर्च गरेर युरोप, अमेरिका, जापान, कोरिया, ताइवान, मलाया, सिङ्गापुर र अरब देशहरूमा जान थालेको पनि सबैलाई थाहा छ । यसबाहेक विदेशको सैनिक सेवामा पनि नेपालीहरूले सेवा गर्दै आइरहेको कुरा पनि सबैलाई विदितै छ । विदेशमा नै कमाइ गरेर आउनेलाई लाहुरे, कमाइ गर्न नसकी रित्तो हात फर्कनेलाई चाहुरे भन्ने चलन हामी कहाँ छँदैछ । यी सबै कुराले बेरोजगारीको स्थिति यहाँ आज मात्र होइन हिजो पनि थियो भन्ने स्पष्ट गर्दछ ।

एकातिर रोजगारीको यो अवस्था छ भने यहाँबाट रोजगारीका लागि जति बाहिर जान्छन् त्यसको धेरैगुना भारतीय नागरिक यहाँ कमाइ गर्न आइरहेका छन् र विभिन्न क्षेत्रमा ती भिजिरहेका छन् । तराईमा बाली लगाउने समय र फसल भित्र्याउने समयमा भारतीय मजदूर आएनन् भने त्यहाँको कृषि व्यवसाय अस्तव्यस्त नै हुन्छ । यसबाहेक सडक कालोपत्र गर्ने कामदेखि कलकारखानामा आवश्यक हुने दक्ष अर्धदक्ष मजदूरदेखि घर बनाउने, पोत्ने, सिँगार्ने सिपालु कालीगढ सुपथ दाममा भारतीय श्रम नै पोखरा, काठमाण्डू, विराटनगर, विरगन्ज जस्ता शहरमा सुलभ हुने र रोजिने गरेको यथार्थलाई नकार्न सकिँदैन । शहरी सुगम ठाउँमा मात्र होइन हिमाली भेकका विकट

गाउँहरूमा आलु, प्याज, गोलभेडा, सागपात र फलफूलसम्म खर्पन र टोकरी थाप्लोमा बोकेर भारतीय बन्जारा पुगेका छन् । सडक छेउ चिया दोकान गर्नेदेखि चना चटपट बेच्ने फेरीवाला, कपास फिट्केर सिरक, डसना बनाउने ज्यामीहरूको वथान यहाँ भारतीयहरूकै छ । यहाँको श्रम बजार र व्यापारको क्षेत्र साँचो अर्थमा भारतीयहरूले कब्जा जमाएका छन् । यहाँका शहरहरूमा कवाडी सङ्कलन गर्नेहरूले पनि खाइलाई ४-५ हजार भारु घरमा प्रतिमहिना पठाउने गर्दछन् । मेची महाकालीसम्म फिँजिएर यस्तो धन्दा गर्नेहरूको सङ्ख्या लाखौंको होला । यसरी भारतीय श्रमले करोडौंको रकम लगेको छ भने उनीहरूको धन्दामा नेपालीहरूको दृष्टि पुगेको देखिँदैन ।

यो स्थिति यहाँको श्रम बजारको विरोधाभास त पक्कै हो । त्योभन्दा पनि बढी भारतीयको ठूलो सङ्ख्यामा उपस्थिति कालान्तरमा जटिल समस्या सिर्जने विषय पनि हुन सक्तछ भन्ने कुरा निराधार हुन सक्तैन । राष्ट्रियताको दृष्टिले यो खतराजनक कुरा मान्नु पर्दछ । यसको समाधान सहज पनि छैन र गम्भीर किसिमले सोचेर उचित समयमा ढिलो-चाँडो उपाय निकाल्नु पनि जरुरी छ र यो दिशामा जतिसक्दो चाँडो ध्यान दिनु राष्ट्रको हितमा हुने छ ।

# छायाँको डर - १

१९ कार्तिक २०५३

नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले स्थानीय निर्वाचनको सन्दर्भमा आफ्नै छायाँसँग डर भएको कुरा सार्वजनिक गर्नुभएको छापाहरूमा पढियो । यदि सूचना सही हो भने, उहाँलाई गत मध्यावधि निर्वाचनमा भएको पराजयका कारण सो डर लागेको हुनु पर्छ । आम निर्वाचनमा काङ्ग्रेसको पराजयका कारणहरूमध्ये काङ्ग्रेस-भित्रको विग्रह पनि एउटा हो । तर त्यो मात्रै कारण थियो भन्ने कुरा, जस्तो कि उक्त अभिव्यक्तिले स्पष्ट गर्दछ, अतिशयोक्तिपूर्ण देखिन्छ ।

निकट हुँदै आएको स्थानीय निकायहरूको निर्वाचनमा विजय हासिल गर्न नेपाली काङ्ग्रेस एक ढिक्का भएर लाग्नु जरुरी छ । मध्यावधि निर्वाचनपछि नेपाली काङ्ग्रेस महासमितिको पोखरा बैठकले नेपाली काङ्ग्रेसमा विगतका गल्तीहरू महसुस गरी पूर्ण एकता स्थापित हुने कुरा घोषणा गर्‍यो र नवौं महाधिवेशनले नेपाली काङ्ग्रेसभित्रका मनोमालिन्य र विवादहरू विसर्जित भएका र पूर्ण एकता स्थापित भएको कुरा घोषित भएको थियो । तर महाधिवेशनको ६ महिनापछि काङ्ग्रेस सभापति कोइरालालाई काङ्ग्रेसभित्र अनेकता विद्यमान रहेको अनुभूति भएछ र राप्रपा र एमालेसँग डराउन्न तर आफ्नै छायाँसँग डर लाग्छ भन्ने अभिव्यक्ति गर्नुभएको देखिन्छ । सभापति कोइरालालाई समयमै यथार्थको बोध भएको स्पष्ट छ । तर एकता भयो भन्ने धारणाको आधार त्रिमूर्ति नेतृत्वको अवस्था नरहेको कारण जिल्लाहरूका आन्तरिक विवाद पनि समाप्त भएको अनुमान गर्नु सामान्यतः स्वाभाविक जस्तो लागे पनि निराधार थियो । जिल्लाहरूका विवाद केन्द्रको कारणबाट नभई स्थानीय नेतृत्वकै विवादास्पद कार्यशैलीका कारण निस्पन्न भएका थिए र तिनको निराकरण स्थानीय तहमै हुनु पर्दछ । त्यस्तो भइरहेको छैन । केन्द्रमा जुन शैलीले सभापतिले काम गर्नुभएको छ, जिल्लाका सभापतिहरूले त्यो



शैलीको अनुसरण नगरेको गुनासो अनेक जिल्लाका कार्यकर्ताले गरिरहेका छन् । जिल्लाहरूमा विवादको उकुच अरू रागिने स्थितिमा देखिँदैछ । त्यसले सभापतिको आफ्नो छायाँसँगको भय निराधार होइन ।

किन्तु आफूभित्रको भयलाई सभापतिले सार्वजनिक गर्नु सर्वथा उपयुक्त थिएन र सभापति कोइरालाले विवाद समाधानको उपायको रूपमा जो समिति निर्माणको कुरा गर्नुभएको छ, त्यो कति प्रभावकारी होला भन्न सकिँदैन । जिल्लाको विवाद समाधान गर्न केन्द्रले जे जस्ता उपाय अवलम्बन गर्दै आएको छ ती सबै निष्फल भएका छन् । त्यसैले यो त्यही कोटीको उपाय भएकोले समितिहरू बनेर तिनले काम गरेको देखिए पनि त्यसको परिणाम निष्फल नहोला भन्न सकिँदैन । पार्टीलाई अनुशासित र सङ्गठित बनाउने साँच्चिनै उहाँको इच्छा हो भने सभापति कोइरालाले आफ्नो मनको भयलाई फ्याँकिदिनु पर्दछ । र विवादका लागि को जिम्मेदार छ, को कति दोषी छ ? त्यसको निदान गरेर दोषअनुसार नसिहत, दण्ड जे जो गर्नुपर्छ हिच्किचाउनु हुँदैन । अहिलेसम्म नेपाली काङ्ग्रेस शासनको मुख्य औजार 'दण्ड'को उपयोग गर्न हिच्किचाइरहेको छ ।

# छायाँको डर - २

२० कार्तिक २०५३

दण्ड प्रक्रियामा हिच्किचाहट भयाक्रान्त मनोग्रन्थी हुनुको द्योतक हुन्छ । यो एउटा ठूलो मानसिक कमजोरी हो । वनको बाघले खा-नखा मनको बाघले खाने स्थितिले विपक्षको प्रहारको प्रतिकार गर्ने आफ्नो क्षमतामा ह्रास आउँछ एकातिर भने आन्तरिक विग्रहलाई पनि पुट दिइरहेको हुन्छ । यस्तो स्थितिको सिर्जना र विकास जिम्मेदारीमा बस्नेहरूको कार्यशैलीमा सामूहिक स्वार्थको विपरीत निजाग्रह रहेको अनुभव सहधर्मी, सहकर्मीहरूलाई प्रत्यक्ष किंवा परोक्ष रूपमा हुनुबाट हुन जान्छ । त्यसैले उनीहरूको पदीय दायित्व निर्वाहमा पाइला-पाइलामा निष्पक्षता सहयोगीहरूको दृष्टिमा देखिनु सर्वोपरि जरुरी कुरा हो । तर यो कुरा पदमा पुग्नेहरूले पदमा पुगेपछि बिर्सिरहेका छन् र मानिसलाई उसको मूल्यलाई, दलको सिद्धान्त र आदर्शलाईभन्दा बढी महत्व पदलाई दिने र आदेश र उपदेशको अधिकारी बनेको अनुभव गर्ने गरेका छन् । यस्तो मानसिकताले समूहको महत्तालाई न्यून गर्दै आफ्ना इच्छा-अनिच्छालाई लाद्ने प्रवृत्ति विकसित हुन गएको छ । सङ्घर्षका दौरान कार्यकर्तामा जो एकता र समर्पणको भाव थियो त्यो आज नहुनुमा यही प्रवृत्ति नै मूल कारण देखिएको छ ।

राजनीतिक दलको इतिहास र आदर्श सदाका लागि सम्बल हुन सक्तैनन् । जब दलले आफ्नो आदर्श क्रियान्वयन गर्ने अवसर प्राप्त गर्दछ, ऊ आफ्नो आदर्श क्रियान्वयनमा कति इमानदार रह्यो, त्यसलाई जनताले हेर्दछन् । मध्यावधि निर्वाचनमा नेपाली काङ्ग्रेसको पराजय अप्रत्याशित थिएन । त्यत्रो आन्तरिक विग्रहको भुमरीमा फँसेको दललाई त्यो भुमरीबाट उतार्ने अरू सम्भावित प्रयत्नहरू नगरी मध्यावधिमा होमी दिने जस्तो हिमालय भूल गरेपछि आफ्नै छायाँसँग भयभीत हुने स्थिति भूल गर्नेलाई जहिले पनि रहिरहने नै हुन्छ । यसबाहेक मध्यावधिको पराजयको लागि विद्रोह र कार्यकर्ताको असहयोगलाई मात्र दोष दिनु न्यायोचित देखिँदैन । सत्तारूढ दलले सत्तामा रहँदा आफ्ना नीति, कार्यक्रम

र कार्यशैलीले कति सन्तोष दिन सक्यो, कति राहत जनताले पाए भन्ने कुराले जनताले मूल्याङ्कन गर्ने बेलामा ठूलो भूमिका खेलेको हुन्छ । महँगी, भ्रष्टाचार, प्रशासनिक शिथिलता जस्ता जनतालाई बिभ्ने कुरा घटे कि बढे भन्ने कुराले पनि जनताको मतलाई प्रभावित नगरी छोड्दैन । त्यसैले सभापति कोइराला आफ्नै छायाँदेखि भयभीत हुनुहुन्छ । यो उहाँको आन्तरिक हृदयको अभिव्यक्ति प्रतीत हुन्छ र यथार्थ पनि हो ।

सभापति गिरिजाप्रसाद कोइरालाले सहकर्मी साथी र कार्यकर्ताहरूलाई छायाँ भन्नु युक्तिसङ्गत होइन । सहकर्मी साथीहरू छायाँ होइनन् । छायाँ प्रकाशको कारण देखिन्छ । प्रकाशको अभावमा छायाँको अस्तित्व रहँदैन । सहकर्मी साथी र कार्यकर्ता उहाँ जत्तिकै देश, पार्टी र प्रजातन्त्रका अधिकारी र जिम्मेदार छन् । उनीहरूलाई छायाँको रूपमा हेर्नु उनीहरूको महत्वलाई न्यून देख्नु हो । यसो भनेर उहाँको नियतमा सन्देह गर्न खोजिएको होइन । उहाँले यो अभिव्यक्ति कार्यकर्तालाई प्रोत्साहित गर्न गर्नुभएको हुनु पर्दछ । तर त्यस्ता अभिव्यक्तिको प्रभाव नकरात्मक हुन्छ । किनकि विपक्षले आफ्नो कमजोरी थाहा पाउँदछ भने आफ्ना कार्यकर्ताहरूलाई पनि यसले प्रेरित गर्न सक्तैन । त्यसैले ठूला मानिसले बोल्दा जोखे-तौलेर ओजनदार सकारात्मक परिणाम दिने वाणीमात्र बोल्ने गर्नु पर्दछ ।

# ठगी र भ्रष्टाचारको धमिरो

२२ कार्तिक २०५३

आज मुलुक रुग्ण स्थितिमा छ । यो रुग्णताको कारण ठगी र भ्रष्टाचारको धमिरो हो । यो धमिरोले सम्पूर्ण अर्थतन्त्र र प्रशासन यन्त्रलाई ग्रसित गरेको छ । सरकारका मन्त्रीदेखि पाले परिचरसम्म भ्रष्टाचारमा आपादमस्तक निमज्जित छन् । त्यसैले यहाँका हरेक योजना लक्ष्यमा पुग्न विफल छन् भने विकास प्रयासमा गति मन्द छ । जन-जीवन मुर्झाएको छ । सरकारी संयन्त्रको भ्रष्टाचारमा भएको लिप्तताले राजस्वका यावत स्रोतहरू पनि रातारात हजारियाबाट लखपति, लखपतिबाट करोडपति, करोडपतिबाट अर्बपति हुने ख्वाब राख्ने धनाढ्यहरूको ठगीको शिकार भइरहेका छन् । यो दुर्दशा हिजो थियो । त्यसैले जनआन्दोलन निम्त्यायो र परिवर्तन भयो । परन्तु परिवर्तनले परिस्थितिलाई सुधार्न सकेन, ठगी र भ्रष्टाचारको धमिरो अरू सङ्ग्रालिँदै गयो । परिवर्तनले राष्ट्ररूपी वृक्षलाई अरू जर्जर बनाउँदैछ । यो देशको दुर्भाग्यसँग जुधेर सौभाग्य सिर्जने सुपुत देखिएको छैन । यही नै दुःखको कुरा भएको छ ।

संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ । तर अहिलेसम्म त्यो देखाउने दाँत मात्र देखिएको छ । त्यसको प्रभावकारिता मुलुकको शासन यन्त्रमा र जनताको जीवनमा देखिएको छैन । भ्रष्टाचार गर्नेले भ्रष्टाचार गरिरहेछ, ठगी गर्नेले ठगिरहेका छन् । यो घाम जस्तै छर्लङ्ग छ, तर कानून कागजको घोडा चढ्दछ, उसलाई सबूद चाहिन्छ । देश दुनियाँको भाग्य लुट्न हिम्मत गर्नेहरू कानूनका कमजोरीबाट अनभिज्ञ हुँदैनन् । त्यसैले त्यो कमजोरीको प्रचूर फायदा उठाउन कोही पनि पछि परेको देखिँदैन । न्याय गर्ने र कानून निर्माण गर्नेहरूले यो कमी कमजोरी नदेखेका हुँदैनन् । तर उनीहरू त्यो कमी कमजोरी हटाउने प्रयत्न गर्दैनन्, गरेका छैनन् ।



किनभने उनीहरू पनि मौकाको फायदा उठाउने लोभलाई संवरण गर्न सक्दैनन् वा आफन्तको मोह जालमा फँस्दछन् ।

सार्वजनिक जिम्मेदारी लिएर पदमा आसिन हुनेहरू आफू बन्ने अवसर ठानेर जिम्मेवारीलाई भुलेर निजी दुनो तते्र्ने प्रवृत्ति माथिल्ला तहमा रहँदासम्म यो धमिरो नासिने अवस्था आउँदैन । रु.२ को सामान किनेर रु.३ को बिल बनाउने र २०-३० पैसा कमिसन खाने कारिन्दाको प्रवृत्ति मन्त्री परिषद्को वरिष्ठ मन्त्रीमा पनि पाइन्छ र त्यस्ता मन्त्री निर्लज्ज भएर पदमा बसिरहन्छन् र त्यस्तो मन्त्रीलाई घोक्र्याएर निकाल्ने सामर्थ्य मुलुकका प्रधानमन्त्रीको देख्न पाइँदैन भने यो मुलुकमा व्याप्त ठगी र भ्रष्टाचारको धमिरो कसरी नासिने, कस्ले नास्ने ?

# ७ औँ संविधान दिवसमा

२३ कार्तिक २०५३

२०४६ को जनआन्दोलनबाट निर्मित संविधान लागू भएको ६ वर्ष पूरा भएको छ । राजसंस्था संवैधानिक बनाएर जनतालाई सार्वभौम बनाउने यो संविधान इतिहासको अपूर्व उपलब्धि हो । राज्यसत्ताको अधिकारी जनतालाई बनाउने संविधान दिवसको पावन पर्वमा हामी सर्वप्रथम यो दिन ल्याउन जीवन आहुति दिने प्रातः वन्दनीय शहीदहरू र साधकहरूको अभिनन्दन गर्दछौँ, सार्वभौम जनतालाई बधाई दिँदै अभिवादन गर्दछौँ ।

मानिसको जीवनमा पनि ६ वर्ष त्यति लामो होइन, बाल्य-वय नै हो भने इतिहासमा यो ज्यादै छोटो समय हो । यति छोटो समयमा नै यो संविधानका मौलिक कुराहरूमा प्रचूर अभ्यास हुन गएका छन् । राष्ट्रिय जीवनमा विधायिका, कार्यपालिका र न्यायपालिकाले खेलिने भूमिकाको अभ्यास भएको छ र त्यो अभ्यासले प्रजातन्त्रलाई सुदृढ बनाउँदै लगेको अनुभव भइरहेको छ । तैपनि दैनन्दिन जीवनमा परम्परागत संस्कारका कारणले प्रजातन्त्र भिज्न सकेको छैन । ठूला कुराहरूमा विवादको छिनोफानो वैधानिक रूपले भए तापनि सामान्य व्यवहारमा विधि-विधानको प्रतिपालन भई न्याय नीतिको प्रतिष्ठापन हुन सकेको अनुभूति जनसाधारणले गर्न सकेको छैन । नीति-नियमलाई आफ्नो अनुकूल अर्थ्याउने र अख्तियारको दुरुपयोग गर्ने प्रवृत्तिमा सुधार आउन सकेको छैन । भ्रष्टाचार, अनियमितता, ढिलासुस्तीले मुलुकको उन्नति प्रगतिलाई रोकिराखेको छ । दलीय पद्धतिमा आधारित यो व्यवस्थाका दलहरू नै बढी स्वार्थलिप्त देखिएका छन् ।

सबल जन-सत्ताको अवधारणा बोकेको यो संविधानको प्रयोगमा सन्तुलनको व्यवस्था भएर पनि व्यवहारमा कुनै कुनै कुरामा निरालापन दृष्टिगोचर हुन्छ, जसले समय-समयमा केही कठिनाइ ल्याउन सक्तछ । तापनि जनताको सचेतता बढ्दै जाँदा त्यसमा सुधार पनि हुँदै जाला । त्यसैले संविधानको अभ्यास जतिसके वस्तुगत बनाउने प्रयत्न सबैको हुनु पर्दछ । प्रजातन्त्र सबैको साझा व्यवस्था हो । प्रजातन्त्रमा सबै बराबर छन्, कोही उच या नीच छैन । यस्तो साम्य स्थापित गर्ने संविधानको पालना सबैबाट हुनु पर्दछ । प्रजातन्त्र र संविधान स्वयं साध्य होइनन्, लोक कल्याणका साधन हुन् । यिनका जगेर्ना हरेकले गर्नु पर्दछ ।

# स्वतन्त्रताको मूल्यको बोध जनतालाई हुनुपर्छ

७ जेठ २०५४

प्रजातन्त्रको पुनस्थापना भएको ७ वर्ष पूरा भएको छ । यो ७ वर्षमा २ पटक संसदीय निर्वाचन र २ पटक स्थानीय निकायका निर्वाचनहरू भए । पहिलो संसदीय निर्वाचन र स्थानीय निकायहरूको निर्वाचनमा जनमत नेपाली काङ्ग्रेसको पक्षमा रह्यो । दोस्रो संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेस पहिलो स्थानबाट झऱ्यो । जनताले बहुमत कुनै पनि दललाई दिएन । अहिले स्थानीय निकायको निर्वाचन भइरहेछ । नेकपा (एमाले) चुनावी लहर आफ्नो पक्षमा चलेको दाबा गरिरहेछ । नेपाली काङ्ग्रेसले नेकपा (एमाले)ले राज्यआतङ्क मच्चाएर धाँधली गरेको आरोप लगाइरहेछ । जनस्तरमा गई उनीहरूको भावना बुझ्ने हो भने न काङ्ग्रेस, न एमालेप्रति जनता विश्वस्त छन् । उनीहरूले एउटालाई अर्काका विकल्पको रूपमा पनि लिएका छैनन् । उनीहरू आफ्नो भावनालाई जसरी व्यक्त गर्छन् त्यसबाट उनीहरूले प्रजातन्त्रलाई बुझ्न नसकेको स्पष्ट हुन्छ ।

प्रजातन्त्रको चुरो भनेको स्वतन्त्रता हो । स्वतन्त्रता मानिसको अमूल्य निधि हो । स्वतन्त्रता स्वच्छन्दता होइन । जनताले स्वतन्त्रताको मूल्य बोध गर्न सकेको पाइँदैन । अशिक्षा र गरीबीले ग्रस्त समाजमा स्वतन्त्रताको मूल्य बोध गराउनु सहज कुरा पनि होइन । शदियौँदेखि दासत्वको संस्कार बोकेर आएको समाजलाई प्रजातन्त्रको मर्म बुझ्न समय त लाग्छ नै । तर बुझाउन प्रयत्न भए न बुझ्ने हो; प्रयत्न नै भएको छैन भने बुझ्ने कुरा पनि भएन ।

हो, तर स्वतन्त्रताको महत्व जनतालाई बुझाउने जिम्मेदारी कस्को ? स्वतन्त्रता अर्थात् प्रजातन्त्रको महत्व जनतालाई सम्झाउन न नेकपा (एमाले), न राप्रपा कसैको पनि जिम्मेदारी देखिँदैन । किनभने उनीहरू प्रजातन्त्रको उपभोग मात्र गर्ने हुन् । उनीहरूको लक्ष्य र उद्देश्य प्रजातन्त्र होइन । प्रजातन्त्र स्थापनाका लागि जन्मेको, लडेको र २ पटक स्थापित व्यवस्थालाई पल्टाएर प्रजातन्त्रको स्थापना र पुनस्थापना गर्ने काम नेपाली काङ्ग्रेसले गरेको हो । प्रजातन्त्रको विषयमा जनतालाई शिक्षित गर्ने काम पनि नेपाली काङ्ग्रेसकै हो । अहिले निर्वाचनका जो परिणाम आइरहेका छन् तिनले नेपाली काङ्ग्रेसले जनतालाई प्रजातन्त्र र स्वतन्त्रताको मर्म जनतालाई बुझाउन नसकेको वा बुझाउन प्रयत्न नगरेको देखाएका छन् । प्रयत्न भएको भए जनता काङ्ग्रेस धाँधली रोक्न समर्थ हुने थियो । किनकि प्रजातन्त्र जनताको सरोकारको र जनताको प्रिय कुरा हो ।

प्रजातन्त्र शासन पद्धति मात्र होइन, जीवन व्यवहार तथा जीवनशैली पनि हो । जबसम्म जनताले स्वतन्त्रता बुझ्दैनन् तवसम्म यो जीवन व्यवहार, जीवनशैली बन्दैन, जबसम्म यो जीवनशैली या संस्कारको रूपमा जनतामा भिज्दैन तवसम्म प्रजातन्त्रले स्थायित्व लिन सक्तैन । प्रजातन्त्रको संवाहक भएको नेपाली काङ्ग्रेस प्रजातन्त्रको स्थापनापछि सत्तामुखी भयो । उसका क्रियाकलाप पूर्णतः सत्ताकेन्द्रित भयो । सत्तामा रहेका बखत पनि जनतालाई छुने काम प्रत्यक्षमा केही नदेखाएको मात्र होइन, सत्तामोहले गर्दा विघटनकारी विग्रहले ग्रसित हुन पुग्यो र जनादेशलाई धान्न सकेन । फलतः अनेक विकृतिहरू आए । पार्टीले संस्थागत हैसियत बनाएर अदव अनुशासन स्थापित गर्न



सकेन । विश्वासको सङ्कट उत्पन्न भयो र आजको परिणति भोग्नु पऱ्यो । यसले नेपाली काङ्ग्रेसलाई मात्र होइन तमाम प्रजातन्त्रप्रेमी जनतालाई पनि गम्भीर चोट पुगेको छ र चिन्ता लागेको छ । अहिले अराजकता व्याप्त छ र मानिसहरू यसले कतै अधिनायकत्व-लाई त निम्त्याउँदैन ? भनी भयभीत भएका छन् ।

# प्रजातन्त्र, चुनाव र जनता

१७ जेठ २०५४

प्रजातन्त्र जनताको आफ्नो व्यवस्था हो । विधि अर्थात् ऐन कानून बनाउने र मुलुकको शासन चलाउने सरकारको काम जनताले चुनेका मानिसहरूले गर्दछन् । यस्ता चुनिने मानिसहरू सदाका लागि चुनिने होइनन् । सामान्यतः ५ वर्षका लागि चुनाव हुन्छ । सो अवधिमा चुनिएको मानिसले राम्रो काम गरेन भने पछि हुने चुनावमा बदल्न सकिन्छ । अर्को कुरा प्रजातन्त्रले नागरिकलाई आवश्यक पर्ने मौलिक अधिकारहरू दिएको हुन्छ । ती अधिकारहरू व्यक्तिका आत्म-विकासनिम्ति अत्यन्त महत्वपूर्ण हुन्छन् । ती अधिकार-हरूमा स्वतन्त्रताको अधिकार चुन्ने र चुनिने अधिकार ज्यादै महत्वका छन् । यिनै अधिकारले उसलाई सार्वभौम राज्य शक्तिको स्रोत बनाउँदछन् । त्यसैले प्रजातन्त्रलाई जनताको व्यवस्था भनिन्छ र शासनको सर्वोत्तम पद्धति पनि यही मानिएको छ ।

यति महत्वपूर्ण कुराको अभ्यास जनताले चुनावबाट गरेको हुन्छ । चुनाव सधैं भइरहने कुरा होइन । त्यसो हुँदा चुनाव जब हुन्छ स्वच्छ, स्वतन्त्र र निष्पक्ष तरिकाले हुनु पर्दछ । डर, त्रास, धम्की, मारपिट, खरिद-बिक्री आदि कार्यले चुनाव प्रभावित हुनु हुँदैन । पैसाले, पाखुराले, हुल हुज्जतको आतङ्कले चुनाव प्रभावित भयो भने मुलुकमा न शासन राम्रोसँग चल्न सक्छ, न त मुलुकको विकास र निर्माण नै अघि बढ्दछ ।

प्रजातन्त्रमा चुनाव व्यक्तिको होइन नीति र कार्यक्रमको आधारमा राजनीतिक दलको हुनु पर्छ । राजनीतिक दल सङ्गठित हुन्छ र जनताबाट चुनिएमा उसले आफ्ना नीति कार्यक्रमअनुसार मुलुकको शासन सत्ता चलाउने गर्दछ । यो पद्धति नेपालमा भर्खरै मात्र आएको छ । त्यसैले जनताले यसको मर्म र महत्वलाई बुझ्न सकेका छैनन् । विपन्न र अशिक्षितको बाहुल्य भएको समाजमा चुनावको महत्व भिल्लको समाजमा मणिको महत्व नभए जस्तै भइरहेको छ ।

प्रजातन्त्र पुनस्थापनापछि ४ वटा निर्वाचन भए । पहिलो भन्दा दोस्रो, दोस्रो भन्दा तेस्रो, तेस्रो भन्दा चौथो चुनाव उत्तरोत्तर सुधँदै जानुको सट्टा झन् झन् भ्रष्ट भएर गएको अनुभव समाजका सचेत नागरिकलाई भइरहेको छ । प्रजातन्त्रका आधार स्तम्भ भएका राजनीतिक दलहरू नै 'जसरी पनि चुनाव जित्न' पैसा पाखुरा, पावरको प्रयोग गर्न प्रतिस्पर्धा गर्दै गरेका देखिएका छन् । प्रजातन्त्र प्रेमी जनताका निम्ति यो अत्यन्त चिन्ताको विषय भएको छ । भर्खर सम्पन्न स्थानीय निकायको निर्वाचनमा व्यापक धाँधलीको प्रश्न जो उठिरहेको छ, त्यसको समाधान तत्काल देखिँदैन । त्यसैले प्रजातन्त्रको उपहास मात्र होइन, प्रजातन्त्रमाथि खतराको बादल नै मडारिएको देख्न थालिएको र जनताको गरीबी र अशिक्षाको शोषण गर्न राजनीतिक दलहरू नै लाग्नु अत्यन्त निन्दनीय कार्य हो । तर जनतालाई शिक्षित पारेर प्रजातन्त्र र निर्वाचन बुझाउने कसले ?

# शिक्षा आयोगको औचित्य

१९ जेठ २०५४

वर्तमान संयुक्त सरकारले अस्ति एक उच्चस्तरीय शिक्षा अयोग शिक्षा मन्त्री देवीप्रसाद ओझाकै अध्यक्षतामा गठन गरेको समाचार छापामा आएको छ । सो आयोगलाई ६ महिनामा मुलुकका लागि के कस्तो खाले शिक्षा प्रणाली र नीति उपयुक्त हुन्छ सो सिफारिश गर्न भनिएको छ । विद्यमान प्रणाली एवं नीतिमा परिवर्तन गर्नुपर्ने भएमा के कस्तो परिवर्तन कुन हदसम्म कसरी गर्ने भन्ने कुरा सम्बन्धित विषयका विशेषज्ञहरू समेत भएको आयोग बन्नु, त्यसले आवश्यक अध्ययन अनुसन्धान जे जो गर्नुपर्छ गरी प्रतिवेदन दिनु प्रायः भइरहने नै कुरा हो । विद्यमान शिक्षा व्यवस्था देशको आवश्यकता अनुरूप छैन, सरकारको शिक्षा नीति पनि अनुकूल छैन, शिक्षामा गुणस्तर वाञ्छित मात्रामा विकास भएको छैन, शिक्षामा भएको लगानीको ठूलो अंश खेर गइरहेको छ, विद्यार्थीको समय पनि बरबाद भइरहेको छ, शिक्षामा अराजकता छ, अनुशासनहीनता छ आदि इत्यादि समस्या नभएका होइनन् । यी विषयहरूमा अन्वेषण-अनुसन्धान हुनु र त्यसका आधारमा परिवर्तित परिस्थिति र देश कालानुकूल शिक्षा व्यवस्था हुनु अत्यावश्यक पनि हो । यस हिसाबले सरकारले आयोग गठन गर्नु असान्दर्भिक होइन । तर जति सरकार बन्दछन् ती सबका सबले आयोगै मात्र गठन गर्ने, प्रतिवेदनका ठेली मात्र तयार गर्ने, सिफारिश गरिएका कुराहरू क्रियान्वित नहुने या हुन नसक्ने हो भने आयोगको औचित्य रहँदैन । शिक्षा प्रणालीमा सुधारका लागि यसअघि पटक-पटक आयोगहरू बने, तिनका प्रतिवेदनका ठेलीहरू शिक्षा मन्त्रालयका दराजमा धूलोले पुरिएर सडिरहेका होलान् । प्रजातन्त्रको प्रादुर्भावपछि सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा बनेको शिक्षा अयोगले जो प्रतिवेदन दिएको थियो त्यसकै अनुरूप शिक्षा नीति, प्रणाली र व्यवस्थापन विकसित गर्न सके सर्वोत्तम हुने हो । किनभने त्यसका सिफारिशहरू राजनीतिबाट मुक्त थिए र वस्तुनिष्ठ थिए । प्राथमिक रूपमा त्यसले जो आलोक शिक्षाको सम्बन्धमा मुलुकलाई दिएको थियो, त्यसको आधारमा धेरै पूर्वाधारहरू स्थापित भएका पनि हुन् । तर पछि त्यसको अनुगमन र अनुसरण हुन सकेन, राजनीतिक हस्तक्षेप बढ्दै गयो र शिक्षामा अराजकता आयो ।

स्पष्ट भइसकेको छ, शिक्षा विद्यार्थीको प्रतिभालाई प्रस्फुटन गराउने हुनुको साथै सीपमूलक पनि हुनु पर्दछ । बाबूगिरी बढाउने होइन श्रमको इज्जत गर्ने आत्मनिर्भर बनाउने शिक्षाको आवश्यकता आज मुलुकलाई छ । पञ्चायतले पञ्चायतीकरण गर्दा शिक्षामा बरबादी भइरहेको थियो, प्रजातन्त्रको पुनस्थापनापछि काङ्ग्रेसीकरण र एमाले-करणको द्वन्द्वले शिक्षा प्रणाली र व्यवस्थापनमै अराजकताको चरम उत्कर्ष भएकोले न्यून आय भएका जनसाधारणका छोराछोरी पढ्ने सार्वजनिक विद्यालय महाविद्यालयहरू स्तरहीन, अनैतिक र भ्रष्ट बन्दै गएका देखिएका छन् । त्यसैले नयाँ बनेको आयोगले पनि राजनीतिको दुर्गन्ध नै छरिरहेको प्रतीत हुन्छ । यो आयोगको निर्माण शिक्षामा जनवाद घोल्ने उद्देश्यले नै भएको हो भने यो देशकै दुर्भाग्य हुनेछ । हुन त, यो सरकार छ महिना टिक्छ टिक्दैन भन्न सकिँदैन । सरकार ढलेको खण्डमा यो आयोग पनि स्वतः ढल्नेछ । त्यसैले यो शिक्षा आयोग यसै पनि औचित्यहीन देखिएको छ ।



# वृद्ध महिला आश्रम

२१ जेठ २०५४

पश्चिमका विकसित मुलुकहरूमा वृद्धाश्रम चलाइएका कुरा सुनिन्थ्यो । नेपालमा पनि अब त्यसको आवश्यकताको अनुभव मानिसहरूलाई हुन थालेछ । राजधानी काठमाण्डूको पशुपतिमा वृद्धाश्रम सञ्चालन भइरहेछ, तर आश्रममा आश्रय लिएका वृद्ध वृद्धाश्रमको प्रबन्धबाट सन्तुष्ट नभएको गुनासो यदाकदा छापाहरूमा पढिन्छ । सन्तोष-असन्तोषको कुरा अलग हो, तर वृद्धाश्रमको आवश्यकताको अनुभूति मूल कुरा हो । केही महिनाअघि पण्डित ऋषिकेशव पराजुलीको अध्यक्षतामा पोखरामा पनि यहाँ वृद्धाश्रम समिति बनेको थियो । सो समिति आश्रमको लागि जमिन खोजी गर्ने, खाका कोर्ने योजना र कार्यक्रमको तर्जुमा गर्ने धुनमा क्रियाशील रहेकै अवस्थामा असहाय वृद्ध महिलाहरूका लागि पोखरा-१० रामघाटमा निवास (आश्रम?) स्थापित भइसकेको समाचार प्रकाशमा आएको छ । सो वृद्ध महिलाहरूको आश्रम–यद्यपि समाचारमा आश्रम नभनेर निवास भनिएको छ–को स्थापना यहाँकी सेवा निवृत्त एक शिक्षिका सुश्री ईश्वरी गुरुङको अग्रसारितामा भएको छ । त्यसको सञ्चालक समितिमा अधिकांश प्रतिष्ठित विद्वानहरू भएकोले हुने बिरुवाको चिल्लो पात भने जस्तै आरम्भ यस महिला आश्रमको भरोसा लाग्दो छ । जीवनकालमा आश्रमको व्यवस्थापन गरेर, जीवन निःशेष भएपछि आफ्नो डेढ करोड मूल्य बराबरको ज्यथा आश्रमलाई प्रदान गरेर शिक्षिका ईश्वरी गुरुङले लोकोत्तर जीवन सहित सबैकी गुरुआमा बन्ने श्रेय लुट्नु भएको छ । 'परोपकाराय सतां विभूतयः' उक्ति चरितार्थ गर्ने सुश्री गुरुङलाई हाम्रो साधुवाद ।

समाज विषम छ । कोही सुखी छन्, कोही दुःखी छन् । अनि सुखी र दुःखी हुनुमा पनि कारण एउटै हुँदैन । भएर सुख हुन्छ भन्ने पनि छैन, नभएर दुःखी नै होइन्छ भन्ने पनि छैन । सुख र दुःख मान्छेपिच्छे फरक-फरक हुने गरेको छ । कोही सम्पन्न भएर पनि दुःखी छन् र कोही विपन्न भएर पनि सुखी छन् । बुढ्याइँ अशक्त अवस्था हो । जीवन काल नआउँदासम्म बाँच्नै पर्छ । यही अशक्त अवस्थाको सुरक्षा निमित्त सन्ततिको चाहना मानिसले गरेको हुन्छ । तर सन्तति भएर पनि सन्तानबाट हेरविचार नभएर बूढा बाबु-आमा विरक्तिएका र दुःख पाएका कति छन् । अनि कतिका त्यस्ता छन् भन्ने पनि हुँदैनन् । विरक्तिएका पीडित त्यस्ता असहायलाई आश्रय दिनु, शरण दिनु मानवीय कार्य हो, पुण्य कार्य हो, धर्म हो । असहाय वृद्ध महिलालाई आश्रय दिने सोच एक त्यस्तै प्रौढाबाट जो भयो त्यो स्वागतयोग्य कार्य हो । यसैगरी वृद्ध असहाय पुरुषको आश्रय पनि चाँडो बनोस् भन्ने हामी कामना गर्दछौं ।

# धरती र मानिस

२३ जेठ २०५४

निखिल ब्रह्माण्डका असङ्ख्य पिण्डहरूमा पृथ्वी मात्रै यस्तो पिण्ड हो जसमा चराचर जीव जगत्को सृष्टि, स्थिति, विकास र विनास देखिएको छ । यस धरतीको चराचर